ISSN 2515-0383
9 772515 038007 >
अनुसन्धानमूलक जर्नल
वर्ष १, अङ्क २, नोभेम्बर-अप्रिल २०१७-१८

# प्रवासन

# PRAWASAN

समकालीन साहित्य प्रतिष्ठान, बेलायत
Samakalin Literary Academy, UK

समकालीन साहित्य प्रतिष्ठान, बेलायत
Samakalin Literary Academy, UK

vol 1, issue 2, November-April 2017-18, ISSN: 2515-0383UK

# PRAWASAN

(Research Journal of Nepalese Literature)

**(प्रवासन)**


**ADVISORS**

**Professor Michael J Hutt**

*SOAS University of London. UK*

**Professor Shiva Gautam**

*University of Florida, Jacksonville, USA*

**Professor Khagendra Prasad Luitel**

*Tribhuvan University, Kathmandu, Nepal*

**Dr. Laxman Prasad Gautam**

*Tribhuvan University, Kathmandu, Nepal*

**Shreeom Shrestha Rodan**

*Gorkhapatra Corporation, Kathmandu, Nepal*

**EDITOR-IN-CHIEF**

**Krishna Bajgai**

*Samakalin Literary Academy, UK*

**Executive editor**

**Dr. Lekh Prasad Niraula**

*Nepal Sanskrit University, Kathmandu, Nepal*

***EDITORS***

**Dr. Krishna Prasad Upadhyaya**

*Liverpool John Moores University, UK*

**Bishwaraj Adhikari**

*Oklahoma City Community College, USA*



समकालीन साहित्य प्रतिष्ठान, बेलायत

Samakalin Literary Academy, UK


**© Samakalin Literary Academy, UK**


136 St James Road, Hertfordshire, Watford, WD18 0DX, UK

email:literarysac@gmail.com

# सम्पादकीय

नेपाली साहित्यको रेखाङ्कन र मूल्याङ्कनका सन्दर्भमा समीक्षक वा अनुसन्धाताभित्र विकसित हुँदै गएको सामयिक सान्दर्भिक अधिचेतनालाई प्रशंसनीय विन्दु मानिन्छ । युगीन बहुलवादी प्रवृत्तिको परिचापसँगै मौलाएको सर्जक र समीक्षकभित्रको नवीनतम अभिवृत्तिबाट नेपाली साहित्य दिनानुदिन उपकृत हुँदै जानुले पनि यस कुराको पुष्टि गर्दछ । साथै, एकातिर पौरस्त्य एवम् पाश्चात्य साहित्य सोपानहरूसँगै विकसित साहित्यशास्त्रीय मान्यता वा सिद्धान्तहरूको अक्षरशः परिपालनासम्बन्धी सन्दर्भ र अर्कातिर मानव सम्यतासँगै विकसित अकल्पनीय परिवर्तनको प्रभावले जन्माएको साहित्यिक वा सैद्धान्तिक अभिव्यक्तिसम्बन्धी सन्दर्भले वर्तमान नेपाली साहित्यको कायाकल्पमा नयाँ तरङ्गहरू सिर्जना गरेको स्वीकार्न सकिन्छ । वस्तुतः कुनै पनि स्थापित साहित्यिक मान्यता वा सिद्धान्तहरू सदैव अपरिवर्तनीय र चिरस्थायी भइरहन्छन् भन्ने शाश्वत दृष्टिकोणसमेत छैन । यसकारण पनि कालक्रमअनुसार साहित्यका सिद्धान्तहरू, समीक्षा वा अनुसन्धानका विधि-प्रविधिहरूले आत्मसात् गर्न खोजेका रङहरूप्रति सकारात्मक दृष्टिकोण राख्न सक्ने वर्तमान नेपाली साहित्यका लागि यस किसिमको अवस्था सिर्जना हुँदै जानु शुभ सङ्केत नै मान्न सकिन्छ ।

सामूहिक उत्तरदायिताबाट वैयक्तिक अभिरुचितातर्फको परिवर्तनशील विश्वपरिवेशले जन्माएका साहित्य वा समालोचनाहरू परम्परित सिद्धान्तनिष्ठ छन् कि गैरसैद्धान्तिक छन् भन्ने दृष्टिकोणहरू जति सबल देखिन्छन् त्यति नै समयसापेक्ष सिद्धान्तहरू आफैले जन्माएर त्यसै परिधिभित्र रमाउने दृष्टिकोणहरू पनि कम प्रभावशाली छैनन् । यस किसिमको पृष्ठभूमिमा सिर्जनागत विधामिश्रणको सन्दर्भ होस् वा विधाभञ्जन; सैद्धान्तिक अनकूलन होस् वा विचलन; जस्तोसुकै परम्परा र प्रवृत्तिलाई आत्मसात् गर्न सक्ने नेपाली साहित्यले विश्वसाहित्यसँगको प्रतिस्पर्धामा आफूभित्र एउटा दह्रिलो पूवार्धार तयार गरिरहेको पृष्ठभूमिमा समालोचकीय बहुलता र नवीनता थपिँदै जानु पनि शुभ सङ्केत नै हो । वर्तमानले भविष्यको सङ्केत गर्छ भनेझैँ नेपाली साहित्य समालोचनाका क्षेत्रमा फैलिँदै गएको यस किसिमको प्रयोगवादी विश्वपरिवेशतर्फको दिशाबोध आफैमा समुज्ज्वलताका लागि अविचलित बहुलतापूर्ण यात्रा पनि हो । यसबाट सही गन्तव्यसम्म पुग्ने कुराको सुनिश्चितता झल्किन्छ नै । जे होस्, नेपाली साहित्यमा समालोचना, खोज अनुसन्धान तथा सिर्जनाका लागि सामयिक विश्वपरिवेश एउटा सुनौलो आकाशदीपका रूपमा सजिन तयार भएझैँ मान्न सकिन्छ ।

*प्रवासन*को अभ्युदयलाई नेपाली साहित्यका लागि विश्व भूमण्डलीकरणले जन्माएको यस्तै ऐतिहासिक सन्देशका रूपमा लिन सकिन्छ । बेलायतबाट पहिलोपटक अनुसन्धानात्मक नेपाली जर्नलका रूपमा दर्ता भई आइएसएसएन (ISSN) प्राप्त गर्न सफल यस किसिमको पत्रिकाले संसारका जुनसुकै कुनामा रहेका समीक्षकबाट प्राप्त अनुसन्धानात्मक लेखहरूलाई विश्व बजारसम्म सम्प्रेषण गर्ने शङ्खनाद गरेको छ। हो, विज्ञापनरहित ढङ्गबाट स्तरीय अन्तर्राष्ट्रियस्तरका पत्रिकाहरू प्रकाशन गर्नु समकालीन साहित्य प्रतिष्ठान बेलायतका लागि चुनौतीको विषय छँदै छ तर एकदिन सहयोगी हातहरूको स्पर्शबाट यसले आफ्नो काया परिवर्तन गर्ने कुरालाई नकार्न सकिँदैन ।

यसपटक दोस्रो अङ्कका लागि पनि विगतमा झैँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट प्राप्त अनुसन्धानात्मक लेखहरूलाई नै निरन्तरता दिइएको छ । विभिन्न विषयक्षेत्रका विज्ञहरूबाट प्राप्त फरकफरक प्रकृतिका नेपाली साहित्यपरक अनुसन्धानात्मक लेखहरूलाई  छनोट गर्ने क्रममा एकातिर सवाल्टर्न र साइबरसम्बन्धी विषयहरूलाई ग्रहण गरिएको छ भने अर्कातिर साहित्यमा हरित आध्यात्मिकताजस्तो विषयको महत्तालाई समेट्ने प्रयास गरिएको छ। त्यसैगरी राष्ट्रिय भाषिक महत्तालाई अझ सम्मान प्रदान गर्ने उद्देश्यका साथ नेपालमा विद्यमान भाषिक अवस्थामा आधारित लेख र शिक्षाशास्त्रीय मान्यताभित्र तयार पारिएको बालसाहित्यसम्बन्धी लेखलाई पनि सान्दर्भिक ठानिएको छ । साथै, समकालीन नेपाली साहित्यमा लघुकथासम्बन्धी बढ्दो लोकप्रियतालाई समेत सम्बोधन हुने किसिमको विश्लेषणात्मक लेखलाई पनि प्राथमिकतापूर्वक प्रकाशित गरिएको छ । साधन-स्रोतको सुव्यवस्थित मितव्ययिताका कारण यसपटक प्रवासनको यो दोस्रो अङ्कले गुणात्मक मूल्यतर्फ लम्किने कुरामा जोड दिएको छ र आगामी अङ्कहरू अझै अपेक्षाकृत समुन्नत हुने अपेक्षा गरिएको छ ।

**डा.लेखप्रसाद निरौला**
drlekh71@gmail.com

# विषयसूची



| क्र.सं. | विषय शीर्षक | लेखकको नाम | पृष्ठ |
|---|---|---|---|
| १. | नेपालमा मातृभाषाको अवस्था | *डा. यज्ञेश्वर निरौला* | १ |
| २. | साहित्यमा हरित आध्यात्मिकता | *देवचन्द्र सुब्बा* | १२ |
| ३. | नेपाली लघुकथामा सांस्कृतिक चेतना | *डा. पुष्करराज भट्ट* | २१ |
| ४. | साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप | *ज्ञानु अधिकारी* | ३२ |
| ५. | 'किनाराका आवाजहरू'को सबाल्टर्नपरक अध्ययन | *वासुदेव पुलामी* | ४७ |
| ६. | नेपाली बालसाहित्यको विषयवस्तु, कथ्य र सिकाइ सन्दर्भ | *डा. ऋषिराम शर्मा* | ५९ |

# नेपालमा मातृभाषाको अवस्था

डा. यज्ञेश्वर निरौला*

**सार**

*बहुभाषिक मुलुक नेपालमा कतिपय विदेशी भाषालाई समेत सूचीबद्ध गरी १२३ ओटा मातृभाषा बोलिने तथ्य केन्द्रीय तथ्याङ्क विभागले प्रकाशमा ल्याएको छ । नेपालमा मात्र बोलिने कतिपय मातृभाषाका वक्ता सयभन्दा कम देखिएका छन् । यस्ता भाषालाई सङ्कटग्रस्त र मृत्युको मुखमा पुगेका भनेर मान्नुपर्ने देखिन्छ । यी भाषाका वक्ता हराए भने भाषा नै संसारबाट लोप भएर जान्छ र जातिको अस्तित्व पनि पूर्णतः लोप हुन्छ । यस्ता भाषाको संरक्षण र संवर्धन गर्न विशेष भाषानीति र भाषा योजना तय गरी त्यसलाई कार्यान्वयन गर्न आवश्यक परेको छ । प्रस्तुत लेखमा नेपालमा बोलिने मातृभाषाको के-कस्तो अवस्था छ भन्ने कुरा प्रकाश पारिएको छ ।*

**शब्दकुञ्जी :** भाषिक सङ्कटापन्नता, मानक भाषा, माध्यम भाषा, मरणासन्न भाषा, मातृभाषा, भाषिक सर्वेक्षण, भाषिक मृत्यु, भाषानीति, बोधगम्यता परीक्षण, भाषिका ।

## १. विषयपरिचय

भाषिक समस्यामूलक देश नेपालमा भिन्नभिन्न चार परिवारका भाषा बोलिन्छन् । नेपाली, मैथिली, भोजपुरी अवधी, थारू, राजवंशी, बोटे, दनुवार, दरै, कुमाल, माझी, अङ्गिका, बज्जिका, हिन्दी, उर्दू, माडबाडी तथा बङ्गाली, किसान, चुरोटी, उडिया, सिन्धी, हरियानवी, मगही, कुर्माली, असमिया, सधानी आदि भारोपेली परिवारका भाषा हुन् । यहाँ सबैभन्दा बढी भोटबर्मेली परिवारका भाषा बोलिन्छन् । माइकल नुनन (२००५ सन्) का अनुसार नेपालमा यस परिवारका १०९ ओटा भाषा  बोलिन्छन् । पूर्वी तराईमा अग्नेली परिवारका सन्थाली र खडिया भाषा बोलिन्छन् । द्रबिड परिवारको झाँगड भाषा मात्र बोलिन्छ । यस भाषालाई उराँव भाषा पनि भन्ने गरेको पाइन्छ । संसारबाटै लोप हुन लागेको र अहिले नेपालमा मात्र अति कम वक्ताले बोल्ने कुसुन्डा भाषालाई कुनै परिवारअन्तर्गत समावेश गरिएको छैन । राष्ट्रिय जनगणना २०५८ ले नेपालमा यस भाषाका वक्ता ८७ जना छन् भन्ने उल्लेख गरेको थियो भने २०६८ सालको जनगणनाले यस भाषाका वक्ता २८ जना मात्र रहेको तथ्य अघि सारेको छ तर भाषाशास्त्रीहरूको अनुसन्धानबाट यस भाषाका ४ जना मात्र वक्ता भएको तथ्य प्रकाशमा आएको छ । यस भाषालाई वाटर्स र अन्य (२००५ सन्) ले अवर्गीकृत एक्लो भाषाका रूपमा रहेको उल्लेख गरेका छन् । यो भाषा लोप भयो भने कुसुन्डा जातिको अस्तित्व नै सदाका लागि नासिएर जाने निश्चित छ ।

नेपालमा बसोबास गरेका अधिकांश नेपालीले बुझ्ने र बोल्ने हुनाले नेपाली भाषालाई यहाँको माध्यम भाषा (lingua franka) का रूपमा प्रयोग गरिएको छ । यस भाषालाई सबै नेपालीले बुझ्छन्, बोल्छन् र

* *उपप्राध्यापक : त्रिभुवन विश्वविद्यालय, नेपाल ।*

यही भाषाको माध्यमले एउटा जाति र अर्को जातिबीच व्यवहार हुन्छ। विदेशमा बस्ने नेपालीले समेत यही भाषालाई नेपाली-नेपालीबीच सम्पर्कको माध्यम बनाएका छन्। यसै भाषालाई सरकारी कामकाजको भाषा बनाइएको छ। त्यसैले यो भाषा सबै नेपालीको साझा सम्पत्ति मात्र नभएर एकताको सूत्रमा गाँसिने सर्वोपरि साधनका रूपमा प्रतिष्ठित छ।

**२. समस्याकथन**

नेपाल बहुभाषिक मुलुक हो र यहाँ कतिपय विदेशी भाषालाई समेत सूचीबद्ध गरी १२३ ओटा मातृभाषा बोलिने तथ्य केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको छ। सङ्घीयताको अवधारणासहित अगि बढेको यस मुलुकमा मातृभाषाको अवस्थाबारे अध्ययनका लागि निम्नलिखित समस्याहरू पहिचान गरिएका छन् :

क) नेपालमा मातृभाषाको अवस्था कस्तो छ ?

ख) सङ्घीय नेपालका भाषिक समस्या के-के हुन् ?

ग) नेपालमा कस्तो भाषानीति अवलम्बन गर्नुपर्छ र भाषिक सङ्कटको अवस्था कस्तो छ ?

**३. अध्ययनको उद्देश्य**

नेपालमा मातृभाषाको अवस्थाबारे प्रकाश पारिएको यस लेखमा मुख्यतया निम्नानुसारका उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) नेपालमा मातृभाषाको अवस्थाबारे प्रकाश पार्नु,

ख) सङ्घीय नेपालको भाषिक समस्याहरूको पहिचान गर्नु,

ग) नेपालमा अपनाइने भाषानीति र भाषिक सङ्कटको अवस्थाबारे विशलेषण गर्नु।

**४. अनुसन्धानविधि**

प्रस्तुत लेखमा केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशमा ल्याइएको राष्ट्रिय जनगणना २०६८ को नतिजालाई मूल सामग्री बनाइएको छ। पुस्तकालय विधिबाट प्राप्त द्वितीयक सामग्रीलाई परिमाणात्मक पद्धतिअनुसार विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

**५. नेपालमा मातृभाषाको अवस्था**

सानो मुलुक धेरै भाषा नेपालको भाषिक विशेषता हो तर यहाँ बोलिने कतिपय भाषाहरू लोप भइसकेको कुरा विभिन्न अनुसन्धानकर्ताहरूले उल्लेख गरेका छन्। राराहङ, पिखौली सुकिता र हावी आदि भाषा यहाँबाट सदाका लागि हराएका छन्। यस्तो अवस्थालाई भाषिक मृत्यु भन्ने गरिन्छ। अहिले नेपालमा १२३ भाषा बोलिन्छन् भन्ने कुरा नेपालको राष्ट्रिय जनगणना २०६८ को नतिजामा उल्लेख गरिएको छ। बारबारा ग्राइम्स (२००५ सन्) ले १२६ र माइकल नुनन (२००५ सन्) ले १४० भाषा नेपालमा बोलिने उल्लेख गरेका छन्। राष्ट्रिय जनगणना २०६८ को वर्ष पुस्तक सन् २०१५ मा उल्लेख भएका नेपालमा बोलिने १२३ ओटा मातृभाषाअन्तर्गत अरबी, स्पेनिस, रसियन, फ्रेन्च, पन्जाबी, चिनियाँ, अङ्ग्रेजी, बङ्गाली, संस्कृत आदि दशभन्दा बढी भाषालाई समेत समावेश गरिएको छ। उपर्युक्त भाषाहरू नेपाली नागरिकले मातृभाषाका रूपमा बोल्ने सम्भावना कमै छ। बरु नयाँ भाषा फेला पर्ने क्रम रहँदै आएको देखिन्छ। झापा

जिल्लामा खडिया र करुवा नाम गरेका नयाँ भाषा पत्ता लागेको पोखरेल र राई (सन् २०६५) ले उल्लेख गरेका छन् भने भाषिक सर्वेक्षणका क्रममा २०६६ मा चूडामणि बन्धुको नेतृत्वको टोलीले झापा जिल्लामा मालपाँडे नामको नयाँ भाषा पहिचानमा ल्याएको थियो । उक्त भाषाहरूलाई रष्ट्रिय जनगणना २०६८ मा उल्लेख गरिएको छ ।

**क) प्रदेशअनुसार मातृभाषाको अवस्था**

सात प्रदेशमा विभाजित सङ्घीय गणतान्त्रिक नेपालमा ४४.६४ प्रतिशत जनताले मातृभाषाको रूपमा बोल्ने नेपाली भाषा मातृभाषाका वक्तासङ्ख्याका आधारमा प्रदेश २ र प्रदेश ७ लाई छोडेर अरू पाँच प्रदेशमा पहिलो भाषाका रूपमा रहेको छ । प्रदेशअनुसार नेपालका मातृभाषाको अवस्था तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. १ : प्रदेशअनुसार मातृभाषा**

| प्रदेश | कुल जनसङ्ख्या | पहिलो भाषा | | दोस्रो भाषा | | तेस्रो भाषा | |
|---|---|---|---|---|---|---|---|
| | | भाषा | वक्तासङ्ख्या | भाषा | वक्तासङ्ख्या | भाषा | वक्तासङ्ख्या |
| प्रदेश १ | ४५३४९४३ | नेपाली | १९५३३९६ | मैथिली | ५०७२७५ | लिम्बू | ३३१७८५ |
| प्रदेश २ | ५४०४१४५ | मैथिली | २४४७९७८ | भोजपुरी | १००३८७३ | बज्जिका | ७९१६४२ |
| प्रदेश ३ | ५५२९४५२ | नेपाली | ३१७५२४६ | तामाङ | १०१२८६२ | नेवार | ६८००२७ |
| प्रदेश ४ | २४१३९०७ | नेपाली | १४७७२४६ | गुरुङ | २०९५४१ | मगर | १८८५१६ |
| प्रदेश ५ | ४८९१०२५ | नेपाली | २५२४७१८ | थारू | ५९९८३५ | अवधी | ४९८१५३ |
| प्रदेश ६ | ११६८५१५ | नेपाली | ११२७३०० | मगर | १९९४५ | तामाङ | १११४३ |
| प्रदेश ७ | ५५५२५१७ | डोट्याली | ७७७२४७ | नेपाली | ७७०३२२ | थारू | ४३४३०४ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वर्ष पुस्तिका सन् २०१५ ।*

उक्त तालिकामा वक्तासङ्ख्याका आधारमा पहिलो भाषा, दोस्रो भाषा र तेस्रो भाषा भनेर छुट्याइएको छ । सबै भाषाको अवस्था प्रस्तुत गर्न सम्भव नभएकाले वक्तासङ्ख्याका आधारमा पहिलो, दोस्रो र तेस्रो भाषलाई मात्र तालिकामा उल्लेख गरिएको छ । प्रदेश २ मा मैथिली, भोजपुरी र बज्जिका भाषा क्रमश: पहिलो, दोस्रो र तेस्रो स्थानमा रहेका छन् । यस प्रदेशमा नेपाली भाषा तेस्रो स्थानमा पनि देखिँदैन । प्रदेश ७ मा डोट्याली पहिलो भाषाका रूमा रहेको छ भने नेपाली दोस्रो र थारू तेस्रो भाषाका रूपमा रहेका छन् । प्रदेश १, ३, ४, ५ र ६ मा नेपाली भाषा पहिलो भाषाका रूपमा रहेको छ । प्रदेश १ मा मैथिली दोस्रो र लिम्बू तेस्रो भाषा हुन् । प्रदेश ३ का तामाङ र नेवार दोस्रो र तेस्रो भाषा हुन् । प्रदेश ४ मा गुरुङ दोस्रो र मगर तेस्रो, प्रदेश ५ मा थारू दोस्रो र अवधी तेस्रो तथा प्रदेश ६ मा मगर दोस्रो र तामाङ तेस्रो भाषाका रूपमा रहेका छन् । उक्त तालिकामा रहेको मातृभाषाका वक्तासङ्ख्यालाई तालिका नं. २ मा प्रतिशतमा देखाइएको छ ।


**तालिका नं. २ : प्रदेशअनुसार मातृभाषाको भाषिक वितरण**

| प्रदेश | कुल जनसङ्ख्या | पहिलो भाषा | | दोस्रो भाषा | | तेस्रो भाषा | |
|---|---|---|---|---|---|---|---|
| | | भाषा | वक्तासङ्ख्या | भाषा | वक्तासङ्ख्या | भाषा | वक्तासङ्ख्या |
| प्रदेश १ | ४५३४९४३ | नेपाली | ४३.७३ | मैथिली | ११.१८ | लिम्बू | ७.३१ |
| प्रदेश २ | ५४०४१४५ | मैथिली | ४५.२९ | भोजपुरी | १८.५७ | बज्जिका | १४.४६ |
| प्रदेश ३ | ५५२९४५२ | नेपाली | ५४.४२ | तामाङ | १८.३१ | नेवार | १२.२९ |
| प्रदेश ४ | २४१३९०७ | नोपाली | ६१.१९ | गुरुङ | ८.६८ | मगर | ७.८ |
| प्रदेश ५ | ४८९१०२५ | नेपाली | ५१.६ | थारू | १२.२६ | अवधी | १०.१८ |
| प्रदेश ६ | ११६८५१५ | नेपाली | ९६.४७ | मगर | ११ | तामाङ | ०.९ |
| प्रदेश ७ | ५५५२५१७ | डोट्याली | ३०.४ | नेपाली | ३०.१७ | थारू | १७ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वर्ष पुस्तिका सन् २०१५ ।*

प्रदेश १ मा मातृभाषाको वक्तासङ्ख्यालाई प्रतिशतका आधारमा हेर्दा नेपाली पहिलो भाषाका रूपमा देखिए पनि सातओटै प्रदेशका तुलनामा सबैभन्दा कम ४३.७३ प्रतिशत जनताले नेपाली भाषा बोलिको देखिन्छ भने प्रदेश ६ मा सबैभन्दा बढी ९६.४७ प्रतिशत जनताले नेपाली भाषालाई मातृभाषाका रूपमा बोल्ने गरेको देखिन्छ । प्रदेश २ मा ४५.२९ प्रतिशत जनताले मैथिली भाषा बोल्ने गरेको पाइन्छ भने प्रदेश ७ मा ३०.४ प्रतिशत जनताले डोट्याली र त्यसैको हाराहारीमा ३०.१७ प्रतिशत जनताले नेपालीलाई मातृभाषाका रूपमा बोल्ने गरेको पाइन्छ । प्रदेश ३, ४ र ५ मा क्रमशः ५४.४२, ६१.१९ र ५१.६ प्रतिशत जनाताले नेपाली भाषालाई मातृभाषाका रूपमा बोलेको पाइन्छ । माथिको तालिकालाई तलको रेखाचित्रबाट प्रस्ट पारिन्छ :

**रेखाचित्र १ : पहिलो भाषा वक्तासङ्ख्या (प्रतिशतमा)**




*स्रोत : तालिका १ र २ अनुसार ।*

राष्ट्रिय जनगणना २०६८ अनुसार वक्तासङ्ख्याका आधारमा हेर्दा उक्त रेखाचित्रमा प्रदेश १, ३, ४, ५ र ६ मा नेपाली भाषा नै पहिलो भाषाका रूपमा देखापरेको छ भने प्रदेश २ मा मैथिली भाषा र प्रदेश ७ मा डोट्याली भाषा पहिलो भाषाका रूपमा देखिएका छन् । प्रदेश ६ का सबैभन्दा बढी ९६ प्रतिशत जनताले नेपालीलाई मातृभाषाका रूपमा बोल्छन् । प्रदेश १ मा ४३ प्रतिशत जनताले मात्र नेपाली भाषा मातृभाषाका रूपमा प्रयोग गर्छन् तर यस प्रदेशमा सबैभन्दा बढी जनताले मातृभाषाका रूपमा बोल्ने नेपाली भाषा नै हो ।

**ख) अलिखित भाषा**

नेपालमा अग्नेली परिवारका सतार/सन्थाल र खडिया तथा द्रबिड परिवारका उराउँ/उराव र धाागड/धाँगर भाषा न्यून सङ्ख्याले बोले पनि यी भाषालाई भारतमा ठूलो समुदायले बोल्छ । नेपालमा लेखपढ नभए पनि भारतमा यी भाषाका व्याकरण तथा साहित्यको विकास भइसकेको छ र विद्यालयका कक्षामा यी भाषाहरूको पढाइ हुन्छ । नेपालका धेरैजसो मातृभाषाहरू अहिले पनि अलिखित अवस्थामै छन् । ती भाषाहरूको आफ्नो लिपि छैन र ती भाषाका वक्ताले मातृभाषामा पढ्नेलेख्ने अवसर पाएका छैनन् । ती अलिखित भाषाहरूका बारेमा वार्णिक, व्याकरणिक तथा सान्दर्भिक कुनै तहको पनि अनुसन्धान भएको छैन । ती भाषाहरू अलिखित अवस्थामै रहनुका पछाडि विभिन्न कारण हुन सक्छन्- पहिलो : मातृभाषामा शिक्षाको अभाव तथा दोस्रो : आफ्नै भाषाका निम्ति विकसित भएको लिपिको अभाव । अहिले नेपालमा देवनागरी, रञ्जना एवम् नेवारी, तिब्बती, सिरिजङ्गा, अक्खा, रोङ, ओल, रोमन आदि लिपिहरू प्रयोगमा छन् तापनि यी लिपिमा जेजस्ता स्वर तथा व्यञ्जन वर्ण विकसित भएका छन् तिनले अलिखित भाषामा रहेका वर्णहरूको प्रतिनिधित्व गर्न नसक्ने सम्भावना रहन्छ । बच्चु विक (२०७४) का अनुसार माधवप्रसाद पोखरेलले साठीओटा मातृभाषाको वर्णमाला तयार पारेका छन् । पोखरेलले भोटबर्मेली परिवारका ४०, भारोपेली परिवारका १६, अग्नेली परिवारका २, द्रबिड परिवारका २ र परिवार नखुलेको कुसुन्डा भाषाको वर्णमाला बनाएको विकले उल्लेख गरेका छन् । पोखरेलले भोटबर्मेली परिवारका लिम्बू, चाम्लिङ, मेचे, शेर्पा, तामाङ, सुनुवार, सुरेल, याम्फू, मगर ढुट, मगर खाम, मगर काइके, ब्यासी, पहरी, दुरा, थकाली, उम्बुले, वाम्बुले, याक्खा, छथरे लिम्बू, वान्तवा, कुलुङ, खालिङ, साम्पाङ, मेवाहाङ, दुमी, भुजेल, वाहिङ, ल्होमी, गुरुङ, घले, राजी, लोरुङ, चेपाङ, राउटे, आठपहरिया, धिमाल, थुलुङ, हायु, जिरेल, र थामी भाषाको वर्णमाला बनाएका छन् । यसैगरी नेपालमा बोलिने आर्य परिवारका जुम्ली, अछामी, बैतडेली, बज्जिका, माझी, चुरेटी (मियाँ), राजवंशी, राना थारू, डगौरा थारू, दनुवार, दरै, मारवाडी, डोट्याली, मालपाँडे र भोजपुरी एवम् आग्नेली परिवारका सतार/सन्थाल र खडिया तथा द्रबिड परिवारका उराउँ/उराव र झाँगड/धाँगर अनि परिवार नखुलेको कुसुन्डा भाषाको पनि वर्णमाला पोखरेलले बनाएका छन् । वर्णमाला निर्माणले ती अलिखित भाषामा शिक्षा विकास गर्न र लिपि विकास गर्न सहज भएको छ । तसर्थ, ती भाषाहरूको वर्ण निर्धारण गर्ने र तिनै वर्णका आधारमा लिपि तयार गरी त्यसको मानकीकरण गर्ने कार्य अहिलेको आवश्यकता देखिन्छ ।

**६. भाषिक प्रकार्य**

समाजमा रहनसहन, रीतिस्थिति, घरेलु व्यवहार, दैनिक व्यवहार, सामाजिक, सांस्कृतिक, धार्मिक, राजनीतिक, आर्थिक आदि व्यवहारका लागि भाषाको खाँचो पर्ने हुनाले मानवका सामाजिक आवश्यकता परिपूर्तिका निम्ति गरिने भाषिक व्यवहार नै भाषिक प्रकार्य हो । शिक्षा, सञ्चार र प्रशासनिक गतिविधि आदिमा पनि भाषा प्रयोग गरन्छ । हाम्रो जस्तो भाषिक समस्या भएका मुलुकमा जेजति भाषा बोलिन्छन् ती सबैलाई सामाजिक मान्यता प्रदान गरिए तापनि सरकारी कामकाजको भाषाका रूपमा राज्यले मान्यता दिएको पाइँदैन । छिमेकी मुलुक भारतमा हामीकहाँभन्दा धेरै भाषा बोलिन्छन् तैपनि जुन राज्यमा जुन भाषाका वक्ताको बाहुल्य छ र लेखपढको तहमा त्यस भाषाको विकास

भएको छ । ती भाषालाई मात्र सरकारी कामकाजको भाषाको मान्यता दिइएको छ । माध्यम भाषा वा सम्पर्क भाषालाई आधार मानेर हेर्दा नेपालमा बोलिने सबै भाषाले माध्यम भाषाको काम गरेको देखिँदैन । नेपालको हिमाल, पहाड र तराई सबै क्षेत्रमा नेपाली भाषा नै माध्यम भाषाको रूपमा प्रयोग भइरहेको छ । तराईका विशेषगरी सहरी तथा सहरको प्रभावमा परेका क्षेत्रमा फाट्टफुट्ट हिन्दी भाषालाई माध्यम भाषाका रूपमा प्रयोग गरेको देखिन्छ र सँगसँगै नेपाली भाषा पनि जनसम्पर्कको कार्यबाट टाढा छैन । तर, त्यहाँका ग्रामीण क्षेत्रमा बसोबास गर्ने सबै जातजातिले हिन्दी भाषा नबुझ्ने सम्भावनालाई पनि स्वीकार गर्नैपर्छ । तसर्थ, नेपालका सबै भूखण्डमा बसोबास गर्ने सबै जातजातिका नेपालीहरूले बुझ्ने र बोल्ने भएका हुनाले नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाइएको छ ।

बहुभाषिक समाज भएको मुलुक नेपालमा सामाजिक प्रकार्यका निम्ति कुन भाषालाई रोज्ने भन्ने पनि उत्तिकै जटिल कुरो हो । हरेक राष्ट्रमा बसोबास गरेका भाषिक समुदायमा प्रत्येक समुदायका आआफ्नै मातृभाषा हुन्छन् तर सबै भाषालाई सरकारी कामकाजको भाषा, सम्पर्क भाषा, धार्मिक-सांस्कृतिक भाषा, शिक्षाको माध्यम भाषा तथा अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्कको भाषा बनाइएको हुँदैन । जुन क्षेत्रमा जुन भाषा अनुकूल हुन्छ त्यस भाषालाई नै राज्यले सम्बन्धित प्रकार्यका निम्ति मान्यता दिएको हुन्छ । हामीकहाँ विभिन्न जातजातिले धर्म, व्रत, पूजाआजा आदि गतिविधि गर्दा आआफ्नो मातृभाषाकै प्रयोग गरेको पाइन्छ ।

### ७. सङ्घीय नेपालको भाषिक समस्या

नेपालका सबै मातृभाषाहरूले २०७२ सालको नेपालको संविधानबाट राष्ट्रभाषाको मान्यता पाइसकेको अवस्थामा सङ्घीय संरचनाको धारणाअनुरूप नेपालको भाषिक नीति अङ्गीकार गर्नुपर्ने हुन्छ । सङ्घीय नेपालको वास्तविक स्वरूप प्रकाश भइसकेको हुँदा सङ्घीय राज्य सञ्चालनका निम्ति नेपालीलगायत अरू भाषा पनि प्रयोग हुन सक्छन् । सबै प्रदेशमा नेपाली भाषाले उचित सम्मान पाउन सक्ने सम्भावना छँदै छ । प्रदेश २ मा पहिलो, दोस्रो र तेस्रो भाषा क्रमशः मैथिली, भोजपुरी र बज्जिका देखिएका छन् तापनि त्यस क्षेत्रको सरकारी कामकाजको भाषाबाट नेपाली भाषा पाखा लाग्ने सम्भावना न्यून छ । सबै प्रदेशमा सरकारी कामकाजको भाषा तथा सञ्चार र अन्य लेखापढीको भाषा नेपाली त रहन्छ नै, साथसाथै, प्रत्येक प्रदेशमा बढी सङ्ख्याले बोल्ने र लेख्य रूप प्राप्त गरी सम्बन्धित भाषाका वक्ताले लेखपढ गर्न सक्ने भाषालाई मात्र सरकारी कामकाजको भाषा बनाइनु उपयुक्त हुन्छ ।

एउटा सङ्घीय राज्य र अर्को सङ्घीय राज्यका बीच तथा सङ्घीय राज्य र केन्द्र सरकारसँगको कामकाज तथा सम्पर्कका निम्ति माध्यम भाषा वा सम्पर्क भाषा नेपाली हुन सक्छ । त्यसो त सङ्घीय राज्यभित्रका विभिन्न जातजातिले बोल्ने भिन्नाभिन्नै मातृभाषाका वक्ताबीचको सम्पर्क भाषा नेपाली नै हुन सक्छ । प्रदेशका एक वा सोभन्दा बढी भाषालाई प्रमुख भाषा र अन्यलाई गौण भाषा मानेर राज्यभित्रका ती भाषालाई कुन रूपमा कसरी प्रयोगमा ल्याउने भन्ने समस्या पनि निकै जटिल छ । कुनै एउटा सङ्घीय राज्यभित्र बोलिने सबै भाषा समान रूपमा सक्षम नभएका कारण पनि ती भाषालाई शिक्षा, सञ्चार, प्रशासन आदि क्षेत्रमा प्रयोग गर्न सकिने अवस्था छैन । तसर्थ, सङ्घीय राज्यले सर्वप्रथम आफ्ना राज्यभित्रका सबै भाषालाई उत्तिकै सक्षम बनाउनुपर्ने हुन्छ । सङ्घीय संरचनाभित्र कुन राज्यमा कुन भाषालाई कामकाजको भाषा बनाउने र कुन भाषालाई सम्पर्क भाषा बनाउने भन्ने नीति तय गर्नुपर्ने आवश्यकता छ । कतिपय सङ्घीय राज्य संरचनाको आधार भाषालाई नै मानिएको हुनाले खास राज्यविशेषको प्रशासनिक भाषा, राज्य र केन्द्रबीचको प्रशासनिक सम्बन्ध जोड्ने भाषा तथा स्थानीय भाषाहरूको संरक्षण र सम्वर्धनका निम्ति भाषासम्बन्धी खास नीति र कार्यक्रम बनाउनुपर्ने आवश्यकता प्रस्ट रूपमा देखिन्छ ।

## ८. भाषानीति

कुर्तने (सन् १९०६) ले प्रस्तुत गरेको भाषानीति पोखरेल (२०६९) बाट पनि उल्लेख भएको छ । उनका अनुसार राज्यमा बोलिने भाषाहरूमध्ये कुनै एउटा भाषालाई मात्र राष्ट्रभाषाको एकलौटी दर्जा दिन नहुने, सबैभन्दा धेरै जनताले बोल्ने भाषालाई केन्द्रीय सरकारको कामकाजको भाषा बनाउनुपर्ने, राज्यका कुनै पनि मातृभाषालाई सरकारी कामकाजमा प्रयोग गर्न प्रतिबन्ध लगाउन नहुने, हरेक नागरिकले केन्द्रीय सरकारी कार्यालयहरूमा आफ्नै मातृभाषा प्रयोग गर्न पाउने अधिकार स्थापित हुनुपर्ने र सबै अल्पसङ्ख्यक भाषाका मातृभाषीहरूले आफ्नै मातृभाषामा शिक्षा लिन पाउनुपर्ने भन्ने कुरा भाषानीतिअन्तर्गत पर्छन् । त्यस्तै, कुन भाषालाई शिक्षा, सञ्चारलगायतका क्षेत्रमा कुन तहसम्म पुऱ्याउने, कुन भाषालाई मानकीकरण गर्ने, कुन भाषालाई सरकारी कामकाजको भाषा बनाउने, भाषाका अनेक भाषिकामध्ये कुन भाषिकालाई मानक बनाउने, मातृभाषाको संरक्षण र संवर्धन कसरी गर्ने आदि कुराको स्पष्टतालाई नै इसायेभ (सन् १९७७: १४) ले भाषानीति मानेका छन् । मुलुकमा बोलिने सबै मातृभाषाको विकास गर्ने नीति राज्यले लिनुपर्छ ।

शैलजा पोखरेल (२०६९) ले लिच्छवी कालदेखिकै नेपालको भाषिक नीति उल्लेख गरेकी छन् । लिच्छवी कालमा भाषा नीतिसम्बन्धी कुनै कुरा उल्लेख थिएन । त्यस समयमा संस्कृत भाषालाई राज्यको भाषा बनाएका थिए । लिच्छवी राजाहरूले जारी गरेका शिलालेखमा संस्कृत भाषा प्रयोग गरेको पाइन्छ । मल्ल कालमा संस्कृत र मैथिली दुईओटा भाषा प्रयोग गरिएको थियो । बाह्रौँ शताब्दीतिर काठमाडौँका राजाहरूले नेवार भाषालाई र पश्चिम नेपालका राजाहरूले नेपाली भाषाकै प्राचीन रूप प्रयोग गरेको पाइन्छ । साथै काठमाडौँमै पनि प्राचीन नेपाली भाषा प्रयोगमा थियो । सेन राजाका पालामा पाल्पादेखि टिस्टासम्म मैथिली भाषा प्रयोग गरिएको तथ्य फेला परेको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेपछि सिङ्गो नेपालको सरकारी कामकाजको भाषा आधुनिक नेपाली प्रयोग हुन थाल्यो ।

नेपालको भाषानीति राणाकालदेखि प्रस्ट रूपमा देखा पऱ्यो । यस बेला नेपाली भाषालाई नै प्रमुख मान्यता दिइएको थियो । अर्याल (१९७४) का अनुसार त्यसबेला नेपालीबाहेक अरू भाषालाई 'जङ्गली'को संज्ञा दिँदै ती भाषालाई गलहत्याउनुपर्ने नीति लिइएको थियो । नेपालभर नेपाली भाषालाई नै मातृभाषाको नाम दिइयो; अरू भाषाको परिचय नै दिइएन । जे भए पनि यस कालमा लिखित रूपमा भाषानीति आएको हुँदा राणाकाललाई नेपालको भाषानीतिको उठान बिन्दुका रूपमा लिन सकिन्छ । २००७ सालमा राणा शासन समाप्त भएपछि २०१५ सालमा जारी गरिएको नेपाल अधिराज्यको संविधानमा नेपालको राष्ट्रभाषा नेपाली हो भन्ने प्रस्ट उल्लेख छ । यस संविधानमा नेपालीबाहेक अरू भाषा उल्लेख गरिएको त छैन तर राणाकालमा जस्तो नेपालीबाहेक अरू भाषालाई निषेध पनि गरिएको थिएन । २०१५ सालको संविधान खारेज गरी जारी गरिएको २०१९ सालको नेपालको संविधानमा नेपालको राष्ट्रभाषा नेपाली भन्ने उल्लेख थियो; साथै नेपालको नागरिकता प्राप्त गर्न नेपाली भाषा जान्नै पर्ने नीति यस संविधानमा उल्लेख गरिएको थियो । *नेपाल अधिराज्यको संविधान २०४७* मा नेपालमा बोलिने भाषालाई दुई वर्गमा विभाजन गरियो । पहिलो वर्गमा नेपाली भाषालाई मात्र राखेर 'राष्ट्रभाषा' नाम दिइयो र सरकारी कामकाजको भाषा नेपाली मात्र हुने नीति लिइयो । दोस्रो वर्गमा नेपालमा बोलिने सबै मातृभाषालाई राखियो र ती भाषालाई 'राष्ट्रिय भाषा' नाम दिइयो अनि यहाँ बोलिने सबै भाषाको समान अस्तित्व स्वीकार गरियो । *नेपालको अन्तरिम संविधान २०६३* मा नेपालमा बोलिने सबै भाषालाई 'राष्ट्रभाषा' नाम दिइयो र नेपालका सबै भाषाले समान अवसर पाउनुपर्छ भन्ने नीति लिइयो । यसै भाषिक नीतिलाई निरन्तरता दिँदै *नेपालको संविधान २०७२* मा नेपालको भाषानीतिबारे निम्न कुरा उल्लेख गरिएको छ :

(क) नेपालमा बोलिने सबै मातृभाषाहरू राष्ट्रभाषा हुन् ।

(ख) देवनागरी लिपिमा लेखिने नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा हुनेछ ।

(ग) नेपाली भाषाका अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र बहुसङ्ख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्नेछ ।

(घ) भाषासम्बन्धी अन्य कुरा भाषा आयोगको सिफारिसमा नेपाल सरकारले निर्णय गरेबमोजिम हुनेछ ।

अहिलेसम्मकै सबैभन्दा उदार र प्रगतिशील भाषानीति यस संविधानमा तय गरिएको छ । २०४७ सालभन्दा अघि नेपालमा एक भाषानीतिको झलक (अधिकारी. २०६२ : ९१) पाइन्छ । यसपछिका संविधान र विशेषगरी २०७२ सालको संविधानमा राष्ट्रभाषा, सरकारी कामकाजको भाषा र प्रदेशको भाषा भनी नेपालमा बोलिने भाषाका तीनओटा स्तर प्रस्ट रूपमा उल्लेख गरिएको छ । रुस, पपुवा न्यु गिनी र भारतको जत्तिकै जटिल भाषिक समस्या भएको नेपालमा यसै भाषानीतिलाई आधार बनाएर भाषिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

## ९. नेपालमा भाषिक सङ्कटको अवस्था

बहुभाषिक मुलुक नेपालमा भाषिक सङ्कट उत्पन्न भएको छ । च्याम्बर्स (१९९५ ई.) का अनुसार सङ्कटापन्न भाषा ती हुन् जो सामाजिक, आर्थिक, भौगोलिक आदि विभिन्न कारणले सङ्कटमा परेका छन् । उनका अनुसार वासस्थानको विनास, बसाइँ सराइ, भाषिक दमन, असमावेशी शिक्षा, आधुनिक सञ्चार प्रणाली आदि कारणहरूले भाषिक सङ्कटापन्नता निम्त्याउँछन् । उनले भाषाका तीन अवस्था देखाएका छन्– (१) मरणासन्न (Moribund), (२) सङ्कटापन्न (Endangered) र (३) सुरक्षित (Safe)। बन्धु (२०६६) ले कुनै पनि भाषा समाजमा सुरक्षित रहनाका लागि त्यस भाषाका वक्ताहरू एक लाख जति हुनुपर्ने मान्यता अघि सारेका छन् । उपयुक्त वातावरण भएमा त्यसभन्दा कम भाषा पनि सुरक्षित रहन सक्ने धारणा बन्धुले उल्लेख गरेका छन् ।

नेपालका धेरै भाषाहरू सङ्कटापन्न अवस्थामा रहेका छन् । अमेरिकी भाषाशास्त्री माइकल नुनन (सन् २००५) ले नेपालमा १४० भाषा बोलिने र यी सबै भाषाहरू सङ्कटापन्न अवस्थामा रहेको उल्लेख गरेका छन् तापनि भाषिक अवस्था भने उनको भनाइभन्दा केही भिन्न छ । नेपालका भाषाको अवस्थालाई बन्धु २०६६ ले चार प्रकारमा राखेर छुट्याएका छन् :

(क) १ करोड, ११ लाख, ५ हजारदेखि १ लाख, ५ हजारसम्म वक्ता भएका भाषा ।

(ख) ४४ हजारदेखि १० हजारसम्म वक्ता भएका भाषा ।

(ग) ९ हजारदेखि ४ जनासम्म वक्ता भएका भाषा ।

(घ) छिमेकी देशमा बहुसङ्ख्यक वक्ताले बोल्ने तर नेपालभित्र अति कम वक्ता भएका भाषा ।

युनेस्को प्रतिवेदन (सन् २००९) ले नेपालका भाषालाई सात वर्गमा विभाजन गरेको छ । यसै प्रतिवेदनलाई आधार मानी निरौला (२०६६) ले २०५८ सालको राष्ट्रिय जनगणनाले प्रकाशन गरेको भाषिक प्रतिवेदनका अनुसार नेपालका भाषाहरूलाई वर्गीकरण गरेका छन् । यस लेखमा राष्ट्रिय जनगणना २०६८ को नतिजा *२०१५ तथ्याङ्कीय वर्ष पुस्तक नेपाल* मा उल्लेख भएका नेपालमा बोलिने मातृभाषाहरूको वर्गीकरण गर्दा निम्न अवस्था देखा परेको छ :

**(क) दस लाखभन्दा बढी नेपालीले बोल्ने सुरक्षित मातृभाषा** : नेपाली, मैथिली, भोजपुरी, थारू र तामाङ ।

**(ख) पाँच लाखदेखि दस लाख नेपालीले बोल्ने मातृभाषा** : नेवार, बज्जिका, मगर, उर्दू, अवधी र डोट्याली ।

(ग) **एक लाखदेखि पाँच लाख नेपालीले बोल्ने मातृभाषा** : वान्तवा, गुरुङ, लिम्बू, शेर्पा, राजवंशी, राई, अछामी र बैतडेली ।

(घ) **दस हजारदेखि एक लाख नेपालीले बोल्ने (लोपोन्मुख) मातृभाषा** : चाम्लिङ, सन्थाली, चेपाङ, उँराव, दनुवार, सुनुवार, माझी, थामी, कुलुङ, धिमाल, अग्गिका, याक्खा, थुलुङ, साम्पाङ, भुजेल, दरै, खालिङ, कुमाल, वाम्बुले, ह्योल्मो, नाछिरिङ, वाहिङ, मगही, ताजपुरिया र खाम ।

(ङ) **एक हजारदेखि दस हजार नेपालीले बोल्ने (लोपोन्मुख) मातृभाषा** : खालिङ, कुमाल, थकाली, छन्त्याल, दुमी, जिरेल, पुमा, दुरा, मेचे, पहरी, लेप्चा, बोटे, कोयु, राजी, हायु, याम्फू, घले, छिलिङ, लोहारुङ, मेवाहाङ, किसान, तिलुङ, जेरुङ, दुङ्माली, कोचे, छिन्ताङ, खस, आठपहरिया, गन्गाई, वालिङ/वालुङ, ल्होपा र डोल्पाली ।

(च) **एक हजारभन्दा कमले बोल्ने (मृतप्रायः) मातृभाषा** : ब्यासी, खडिया, काइके, खाम्ची (राउटे), चुरेटी, बराम, लिङ्खिम, कुसुन्डा, सिन्धी, हरियान्वी, साम, कुर्माली, कागते, कुकी, मिजु, नागमेसे, ल्होमी, सधानी, मालपाँडे, धुलेली, बेलहारे, फाङ्दुवाली, सुरेल, बनकरिया, सोनाहा र मनाङ ।

यस सूचीमा जुम्ली र डडेलधुरी भाषालाई पनि उल्लेख गरिएको छ ।

(छ) **सङ्ख्या नखुलेको (मृतप्रायः) भाषा** : कुसबाडिया, सियार, थुदाम, धानुक, वालुङ, तोप्केगोला, फ्री, लार्के, मुगाली, ल्होपा, छैरोतन, ताङ्वे, बारगाउँले, मार्फली, लुम्बायाक्खा, छुक्वा, पोलमोचा, ताम्बिछोङ, छुलुङ, मनाङ्वा र नार्फू ।

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको *तथ्याङ्कीय वर्ष पुस्तिका २०१५* मा अरबी, स्पेनिस, फ्रान्सेली, रसियन, अङ्ग्रेजी, गढवाली, जोङ्खा, उडिया, संस्कृत, चिनिया, बङ्गाली, पन्जावी, तिब्बती र मुसलमान भाषालाई पनि नेपालको मातृभाषाको सूचीमा उल्लेख गरिएको छ । मातृभाषाको सूचीमा वक्तासङ्ख्या कम देखाइए तापनि यी भाषाहरू नेपालबाहिर धेरै सङ्ख्यामा बोलिन्छन् । तसर्थ, यी भाषालाई मृतप्रायः भाषा भन्न मिल्दैन ।

डोट्याली, डडेलधुरी, अछामी, बाजुरेली, बझाङी, बैतडेली, दार्चुलाली, जुम्ली, दैलेखीलाई *तथ्याङ्कीय वर्ष पुस्तिका २०१५* मा मातृभाषाको सूचीमा उल्लेख गरिएको छ। जुम्लालगायत डोल्पा, कालीकोट, मुगु, हुम्ला अर्थात् कर्णाली अञ्चलमै जुम्ली भाषाका वक्ता नरहेको उक्त वर्ष पुस्तिकाबाट थाहा हुन्छ । उक्त वर्ष पुस्तिकाअनुसार बाजुरामा बाजुरेली भाषाका, डडेलधुरामा डडेलधुरेली भाषाका र दैलेखमा दैलेखी भाषाका वक्ता छैनन् । समाज भाषाविज्ञानले यिनलाई भाषा नै माने तापनि सामान्य भाषाविज्ञानका आधारमा नेपाली भाषाका क्षेत्रीय भाषिका भनी निरौला (२०७२) ले उल्लेख गरेका छन् । भाषा र भाषिका छुट्याउने सबैभन्दा भरपर्दो आधार बोधगम्यता परीक्षण हो । निरौलाले रेकर्ड गरिएको पाठ परीक्षण (Recorded Text test) बाट भाषिका बोधगम्यता परीक्षण (Dialect Intelligibility Testing) गरी त्यसको विश्लेषणबाट निकालेको नतिजामा मातृभाषाको सूचीमा प्रस्तुत उक्त नौओटा बोलीलाई भाषा नभनेर नेपालीका क्षेत्रीय भाषिका भनी उल्लेख गरेका छन् ।

उक्त विवरणअनुसार नेपालमा बोलिने मातृभाषामध्ये सोह्रवटा भाषा मात्र सुरक्षित अवस्थामा देखिन्छन् । बाँकी सन्ताउन्नवटा मातृभाषा जोखिममा र सतचालीसवटाचाहिँ पूर्ण जोखिममा रहेका छन् । युनेस्को प्रतिवेदन (सन् २००९) ले भाषा लोप हुनुका विभिन्न कारणहरूमध्ये वक्ताले घरमा मातृभाषा नबोल्नुलाई प्रमुख कारण मानेको छ र मातृभाषा संरक्षणका लागि महत्त्वपूर्ण सुझाव पनि दिएको छ । ती सुझावहरू निम्नलिखित छन् :

क) शिक्षा र साक्षरताको माध्यम मातृभाषा हुनुपर्ने,

ख) सूचना र सञ्चारमा मातृभाषाको विकास गर्नुपर्ने,

ग) सरकारी र गैरसरकारी निकायमा समेत मातृभाषाप्रति सकारात्मक धारणाको विकास हुनुपर्ने,

घ) लोपोन्मुख भाषालाई दिगो बनाउन दैनिक जीवनमा जीविकोपार्जनसित जोड्नुपर्ने,

ङ) जोखिममा परेका भाषा संरक्षणका निम्ति राष्ट्रिय भाषानीति बन्नुपर्ने,

च) मातृभाषा प्रयोगलाई मानव अधिकारका रूपमा कार्यान्वयन गर्नुपर्ने,

छ) अल्पसङ्ख्यकले बोल्ने भाषा संरक्षणका निम्ति तिनीहरूलाई परम्परागत मान्यता, ज्ञान, सीप, संस्कृति र संस्कारसित जोड्नुपर्ने र

ज) भाषिक अभिलेखीकरणलाई प्राथमिकता दिनुपर्ने ।

युनेस्को प्रतिवेदन सुझावलाई कार्यान्वयन गर्न सजिलो छैन । नेपालका सबै मातृभाषालाई सूचना र सञ्चारको माध्यम बनाउने सम्भावना कम देखिन्छ तर तर मातृभाषामा शिक्षा प्रदान गर्न मातृभाषाप्रति सकारात्मक धारणाको विकास गर्न र भाषिक अभिलेखीकरणलाई प्राथमिकता दिन राज्य जागरुक भएको खण्डमा ती भाषाको विकास, संरक्षण र संवर्धन सम्भव छ ।

भाषिक सङ्कटापन्नताबाट जोगिनका लागि सङ्कटापन्न र अति सङ्कटापन्न अवस्थामा पुगेका मातृभाषाको लेख्य रूप विकासतर्फ सम्बन्धित भाषाका वक्तालाई अभिप्रेरित गर्नुपर्छ । साथै साहित्य तथा वाङ्मय, विकसित व्याकरण र शब्दकोशका दृष्टिले सम्पन्न भाषाको अतिक्रमणबाट पनि ती भाषालाई जोगाउनुपर्ने हुन्छ । ती भाषाका वक्ताको भाषिक निरन्तरता र भाषिक निष्ठा जगाउने र वर्ण तथा लिपिको निर्धारणजस्ता महत्त्वपूर्ण कार्य गरेको खण्डमा ती भाषालाई सङ्कटबाट तथा मृत्युबाट जोगाउन सकिने सम्भावना बढ्दै जान्छ ।

## १०. उपसंहार

नेपालमा मात्र बोलिने र सङ्कटमा पुगेका नौ हजारदेखि चार जनासम्म वक्ता भएका भाषा र छिमेकी देशमा बहुसङ्ख्यक वक्ताले बोल्ने तर नेपालभित्र अति कम वक्ता भएका भाषा गरी अल्पसङ्ख्यक वक्ताले बोल्ने मातृभाषाका कम वक्ता भएका दुई थरी भाषा छन् । मातृभाषाका रूपमा नेपालमा बोलिने कुल भाषामध्ये दश प्रतिशत अर्थात् एघार-बाह्रवटा भाषा यहाँका नब्बे प्रतिशत जनताले बोल्ने र बाँकी दश प्रतिशत जनताले नब्बे प्रतिशत अर्थात् ११० भन्दा बढी भाषा बोल्ने तथ्य देखा परेको भाषाविद्हरूले प्रस्ट पारेका छन् । अर्को भाषिक समस्या के देखिन्छ भने यहाँका नेवार र मगरलगायत कतिपय जातिका सबै वक्ताले मातृभाषा बोल्न नसक्ने अवस्था पनि छ । नेवारहरूको सङ्या करिब तेह्र लाख भए पनि साढे आठ लाख जतिले मात्र यो भाषा बोल्ने र बुझ्ने गर्छन् । त्यस्तै मगरको सङ्ख्या सोह्र लाख भए पनि त्यस भाषाका वक्ता करिब आठ लाख मात्र रहेको तथ्य केन्द्रीय तथ्याङ्क विभागले प्रकाशमा ल्याएको छ । यी जातिले मातृभाषा त्याग्दै जाने हो भने र यसैगरी जातिसङ्ख्याभन्दा वक्तासङ्ख्या घट्दै जाने हो भने नेवार र मगरजस्ता बढी वक्ता भएका भाषा पनि सङ्कटापन्न अवस्थामा पुग्ने सम्भावना बढ्दै गएको देखिन्छ ।

## सन्दर्भसूची

अधिकारी, हेमाङ्गराज. २०६२. *सामाजिक र प्रयोगिक भाषाविज्ञान* (ते.सं.). काठमाडौं : रत्न पुस्तक भण्डार ।

अर्याल, कृष्ण. १९७४. *गोरखा भाषा*. बम्बई : पण्डित बैजनाथ जोशी ।

निरौला, यज्ञेश्वर. २०६६. नेपालमा भाषिक सङ्कटापन्नता. *उन्मेष* (११) पृ.९१-९६ ।

............. .२०७२. *नेपालीका भाषिकाहरूको अध्ययन*. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

पोखरेल, माधव र राई, नोवलकिसोर. २०६५ : मंसिर २०. *नेपालको वर्तमान भाषिक स्थिति*. राज्य पुनः संरचनाका सन्दर्भमा नेपालको वर्तमान भाषिक स्थिति र समावेशी भाषिक नीतिबारेको सेमिनारमा प्रस्तुत कार्यपत्र ।

पोखरेल, शैलजा. २०६९. *नेपाली भाषाको समाज भाषावैज्ञानिक अध्ययन*. डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

बन्धु, चूडामणि. २०६६. नेपालमा बहुभाषिकता, भाषिक प्रकार्य र सङ्कटापन्नता. *रश्मि* साहित्यिक त्रैमासिक पत्रिका. २५ -१. पृ. २३-२७ ।

विक, बच्चु. २०७४ : भाद्र ६. वर्णमालाका वाचस्पति. *हिमालखबर.* अनलाइन ।

*नेपाल अधिराज्यको संविधान.* २०४७।

*नेपालको अन्तरिम संविधान,* (२०६३). काठमाडौं : प्रेरणा प्रकाशन प्रा. लि. ।

*नेपालको* संविधान. २०७२. काठमाडौं : नेपाल कानुन आयोग ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक र सांस्कृतिक सङ्गठन (युनेस्को) को प्रतिवेदन सन् २००९ फेब्रुअरी ।

Chambers, J . 1995. *Sociolinguistics Theory : Linguistics Variations and its Social Sygnificance* . Oxford : Blackwell .

Government of Nepal . National Planning Commission Secretariat. 2015. *Statistical Year Book Nepal* . Kathmandu : Central Bureau of Statistics .

Graims, B .2005 . *Ethnologue* . Dallas, Texas : SIL International .

Hanson . G . 1991. *Leser Nen Languages of Nepal*, A Brief State of Art Report . Uropion Bulletin of Himalayan Research 7, P .8–17 .

Isayav, M .I .1977. National Language in the USSR : Problems and Solutions . Moscow : Progress Publicers .

Noonan, M . 2005. *Language Documentation and Language Documentation in Nepal* . University of Iceland .

Waters & Others . 2005. *Notes on Kusunda Grammar* . Kathmandu : National Foundation for the 'development of dndigenious Nationalities .

Yadav, Y . 2003. *Patern of Language endegerment in Nepal* : A Presented paper on Linguistic Sociaty of Nepal, November 26–27 .Social

•

# साहित्यमा हरित आध्यात्मिकता

देवचन्द्र सुब्बा*


**सार**

*सांस्कृतिक अध्ययनले साहित्यलाई आफ्नो निजी क्षेत्रबाट बाहिर निकालेर विस्तृत परिधि बनाइसकेको छ । साहित्यको अध्ययन गर्ने एक थरी विद्वान्हरूले साहित्यलाई साहित्यकै सीमाभित्र राखेर अध्ययन गर्नुपर्ने बताए पनि यसको अध्ययनमा नयाँ मोड र धारणाहरू विकसित भएका छन् । उत्तरआधुनिकतावादको बहुलतावादी धारणाले विश्वसाहित्यमा ठूलो प्रभाव पारिरहेका बेला प्रकृति र साहित्यबीचको सम्बन्धबारे अध्ययन गर्ने नयाँ दृष्टिकोणसमेत सन् १९९० को दशकदेखि सुरु भइसकेको छ, जसलाई परिवेश विमर्श पनि भनिन्छ। प्रकृति र साहित्यबीचको सम्बन्धबारे अध्ययन गर्ने यस दृष्टिकोणमा अन्य थुप्रै मसिना निकायहरू जोडिँदै आएका छन्। उत्तरआधुनिकतावादमा जुनसुकै विषय वा क्षेत्रलाई अन्तरज्ञानानुशासन परिधिभित्र राखेर अध्ययन गर्ने प्रचलन छ । साथै, उत्तरआधुनिकता र सांस्कृतिक अध्ययनको धारणाको प्रभावले परिवेश विमर्शलाई पनि नछोएको होइन । यसमा नारीवाद, दर्शन, अध्यात्म र भाषा आदि विद्यानानुशासनका विषयहरू जोडिँदै आएका छन् । 'हरित आध्यात्मिकता'मा धर्म-दर्शन वा अध्यात्ममा रहेका विविध दृष्टिकोणहरूद्वारा प्रकृति र साहित्यबीचको अध्ययन गरिन्छ । यस लेखमा प्रकृति सङ्कट, प्रदूषित पर्यावरण र जलवायु परिवर्तनका लागि साहित्यले के-कस्ता कार्यहरू गर्न सक्छ ? साथै यस कार्यका लागि साहित्यले दर्शन र अध्यात्मका दृष्टिकोणहरू कसरी ग्रहण गर्छन् भन्ने हरित चिन्तनका विषयहरूको चर्चा गरिएको छ ।*


**शब्दकुञ्जी** : परिवेश विमर्श, हरित, हरित चिन्तन, हरित आध्यात्मिकता, दर्शन, अन्तस्करण, नैतिक मूल्य ।

## १. विषयपरिचय

विश्वमा साहित्यिक शक्तिको लामो इतिहास छ । यो केवल समाजको दर्पण मात्र नभएर परिवर्तन र क्रान्तिको शक्ति पनि हो । त्यसैले साहित्य काव्य र आख्यानको परिधिमा मात्र सीमित रहँदैन । यसले राजनीति, विज्ञान, धर्म, दर्शन र इतिहास आदिलाई पनि ग्रहण गर्दछ (Eagleton. 1996 : 1) । यो एउटा तरल ऊर्जा हो । यसको तात्पर्य साहित्यको आफ्नो कुनै निश्चित स्वरूप हुँदैन भन्ने होइन । साहित्य आफ्नो विशुद्ध स्वरूपमा पनि उपस्थित हुन सक्छ। साहित्यलाई आरम्भदेखि नै विविध दृष्टिकोण र धारणाहरूको सहयोगद्वारा अध्येताहरूले परिभाषित गर्ने प्रयास गरेका छन् तर यो एउटा निश्चित परिभाषामा मात्र बाँधिएर बस्ने विषय होइन । यसलाई मूलतः वस्तुगत र विषयगत रूपमा परिभाषित र अध्ययन गर्ने परम्परा रहेको छ । यद्यपि साहित्य परिभाषा र कृत्रिम अवधारणाभन्दा विशिष्ट हुन्छ ।

समयको प्रवाहसँगै परिस्थितिहरू परिवर्तन हुन्छन् । समाज र जीवनशैली पनि परिवर्तन भएर यसले साहित्यलाई प्रभावित पार्दछ । अतः समकालीन साहित्यलाई अध्ययन गर्ने विधि र दृष्टिकोणहरूमा पनि परिवर्तन देखिन्छन् । थुप्रै वस्तु र विषयसँग साहित्य सम्बद्ध भए तापनि आजको साहित्य पारिस्थितिकीय सङ्कटमा केन्द्रित रहेको छ । सिर्जनात्मक लेखन र अध्ययनका दृष्टिकोणहरू पारिस्थितिकी प्रणालीमा भएको असन्तुलनलाई व्यवस्थित पार्न अगाडि आएको छ ।

** उपप्राध्यापक : सिक्किम विश्वविद्यालय, भारत ।*

पूर्वीय र पाश्चात्य दर्शन एवम् मनोविज्ञानमा व्यवहार तथा लीलालाई अलग-अलग अर्थमा प्रयोग गरिएको पाइन्छ। यसको प्रयोगको क्षेत्र पनि अलगै रहेको देखिन्छ। सामान्यतः साधारण व्यक्तिले गर्ने दैनिक क्रिया, प्रक्रिया आदि व्यवहार र कुनै विशिष्ट प्रेरणा वा परभौतिक रूपमा गरिएको कार्यलाई लीला भनिन्छ। मूलतः व्यवहार भौतिक संसारसँग सम्बद्ध छ भने लीलालाई चेतनाको खेल भन्न सकिन्छ। नेपाली साहित्यको अध्ययन परम्परामा परिवेश विमर्श वा इकोक्रिटिसिज्म एउटा नयाँ अवधारणा हो। मूलतः भौतिक प्रकृति र साहित्यको अन्तरसम्बन्धबारे अध्ययन गर्ने यस अवधारणामा अन्य ज्ञानानुशासनका विविध विचार र सिद्धान्तहरूलाई पनि समवेश गरिएको पाइन्छ। साहित्यको समावेशी अध्ययनमा परिवेश विमर्शले साहित्यका माध्यमद्वारा प्रकृति संरक्षणको चर्चा गर्दछ (Glotfelty. 1996 : ixx) तथा जसका लागि दर्शन, राजनीति, विज्ञान, इतिहास र मनोविज्ञानका स्थापित सिद्धान्तहरूको सार लिएर प्रकृति, संस्कृति, साहित्य र मानवको अन्तरसम्बन्धबारे निर्क्योल गरिन्छ। परिवेश विमर्शले दर्शनशास्त्रअन्तर्गत परिवेश दर्शन (इकोफिलोसफी) को ठूलो भूमिका रहेको छ। यसमध्ये पनि गहन पारिस्थितिकी र गाया अनुकल्पना मुख्य छन्।

## २. समस्याकथन

प्रस्तुत लेख समकालीन साहित्यमा देखा परेको नयाँ दृष्टिकोण परिवेश विमर्शअन्तर्गत हरित आध्यात्मिकताले प्रकृतिको सुरक्षा कसरी गर्न सक्छ भन्ने विषयमा केन्द्रित छ। यसमा मुख्यतया निम्नप्रकारका समस्याहरू रहेका छन् :

क) परिवेश विमर्श र हरित आध्यात्मिकताको अन्तरसम्बन्ध कस्तो छ ?

ख) साहित्यमा हरित आध्यात्मिकताले कसरी प्रकृतिको अध्ययन गर्छ ?

ग) प्रकृति र साहित्यबीचको अध्ययनमा हरित आध्यात्मिकताको कस्तो भूमिका हुन्छ ?

## ३. अध्ययनको उद्देश्य

आरम्भदेखि साहित्यमा प्रकृतिको स्थान महत्त्वपूर्ण छ। साहित्यले प्रकृतिलाई प्रतीक, विम्ब र विभावका रूपमा अध्ययन गर्दै आएको छ तर वर्तमान समयमा प्रकृति सङ्कटको सँघारमा पुगेको हुनाले अब यसको सुरक्षा साहित्यको दायित्व पनि हो। परिवेश विमर्शले प्रकृतिलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्ने आग्रह गर्दछ। साहित्यमा प्रकृतिलाई प्रतीक र विम्बका रूपमा मात्र अध्ययन नगरेर प्रकृतिको सङ्कट, पर्यावरण सङ्कट र पारिस्थितिकी सङ्कटका कुराहरू पनि लेखिनुपर्छ। यसका लागि नयाँ-नयाँ दृष्टिकोण र अध्ययन सूत्रहरू आइसकेका छन्। त्यसमा हरित आध्यात्मिकता पनि एक हो। यसैले प्रस्तुत लेखमा नेपाली साहित्यमा पनि प्रकृति विषयक नभएर प्रकृतिकेन्द्री साहित्य नै लेखिनुपर्छ भन्दै हरित आध्यात्मिकताका कोणबाट प्रकृतिको अध्ययन तथा प्रकृति र साहित्यबीचको अध्ययनमा हरित आध्यात्मिकताको भूमिकाबारे प्रकाश पार्ने उद्देश्य राखिएको छ। बुँदागत रूपमा निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) परिवेश विमर्श र हरित आध्यात्मिकताको अन्तरसम्बन्ध केलाउनु,

ख) साहित्यमा हरित आध्यात्मिकताले कसरी प्रकृतिको अध्ययन गर्दछ भन्ने जिज्ञासा समाधान गर्नु,

ग) प्रकृति र साहित्यबीचको अध्ययनमा हरित आध्यात्मिकताको भूमिका निर्धारण गर्नु।

## ४. अध्ययनविधि

वर्तमानमा पारिस्थितिकीय सङ्कट ठूलो समस्याका रूपमा देखा परिरहेकाले साहित्यमा पनि यस विषयको उठान र अभिव्यक्ति आवश्यक भएको छ। प्रकृतिलाई केन्द्रमा राखेर नृकेन्द्री धारणाका विरुद्ध प्रकृतिको सुरक्षार्थ सिर्जना गर्नुपर्ने अवधारणा विकसित भएको छ। सामाजिक कुसंस्कार, राजनीतिक गतिविधि, परिचय सङ्कट, शोषण र दमनलगायतका

विषयहरू मात्र नभई प्रकृति सङ्कटका कुरालाई पनि साहित्यले समेट्नुपर्ने विचार मौलाएको छ । यसर्थ प्रस्तुत लेखका लागि पुस्तकालयहरूबाट आवश्यक सामग्री सङ्कलन गरी प्राप्त विचार वा सिद्धान्तकै आधारमा विश्लेषण र मूल्याङ्कनको विधि अपनाइएको छ । अतः यस लेखमा सामान्यतया मिश्रविधि (मिक्स मेथेडोलजी) को नै प्रयोग गरिएको छ ।

## ५. हरित आध्यात्मिकता : सैद्धान्तिक आधार

गहन पारिस्थितिकी वा डिप इकोलजी शब्दको प्रयोग सबैभन्दा पहिले नर्बेली दार्शनिक आर्ने नासले आफ्नो लेख "द स्यालो एन्ड द डिप, लङ रेन्ज इकोलजी मुभमेन्ट (१९७३)" मा गरेका थिए । दर्शनशास्त्रमा यो शब्द र अवधारणा नयाँ मानिन्छ र समकालीन अध्ययनमा परिवेश दर्शनले यसलाई स्वीकार गरिसकेको छ । यस अवधारणाअनुसार गहन पारिस्थितिकी एकप्रकारको मूलभूत वा अव्यक्त शक्ति हो; जसद्वारा सम्पूर्ण पारिस्थितिकी सञ्चालन हुन्छ अनि यसैको 'कारणत्व'मा पारिस्थिकिती प्रणाली पनि आन्तरिक तहदेखि नै सन्तुलित भएको हुन्छ । मानिसले पारिस्थितिकीय व्यवस्था देख्न र अनुभव गर्न सक्छ तर यसलाई सञ्चालन गर्ने शक्ति वा ऊर्जाको अनुसन्धान गर्न सक्तैन । वैज्ञानिक र शोधकर्ताहरू भौतिक पारिस्थितिकीका विविध पक्ष र तथ्यहरू सङ्कलन र अध्ययन गर्न सक्षम छन् तर यसले गर्ने कार्य प्रणालीको सूक्ष्मतम लीला खोज्न असमर्थ छन् । त्यसैले बाह्य अथवा सतही रूपमा पारिस्थितिकीको अध्ययन गर्ने शाखालाई आर्ने नासले 'स्यालो इकोलजी' अथवा सतही पारिस्थितिकी भनेका छन् । पारिस्थितिकीलाई दार्शनिक वा सूक्ष्म दृष्टिले अध्ययन गरेर यसमा निहित जीवन तत्त्वको कारण र पारिस्थितिकीलाई सन्तुलन बनाउने ऊर्जाको खोज गर्ने आधारलाई नै 'डिप इकोलजी' भनिन्छ ।

पृथ्वीदेवीलाई ग्रीक पौराणिक कथाहरूमा गाया भनिएको छ, जसले सम्पूर्ण पृथ्वीको प्रतिनिधित्व गर्दै यसको भरण पोषण पनि गर्दछ । ऊर्वरता र सिर्जनाकी देवी भनेर जानिने गायालाई पूर्वीय परम्परामा भूमाता, भूदेवी, वसुन्धरा आदि भनिन्छ । धरतीमा भएका सम्पूर्ण जीव, प्राणी, जड र वनस्पति आदिले सृष्टिक्रमलाई आफ्नो भूमिकाअनुरूप सहयोग गरिरहेको हुन्छ । यी सम्पूर्ण व्यवस्थालाई संरक्षण र पोषण गर्ने गाया हुन् । गाया अनुकल्पनाअनुसार प्रकृति स्वचालित व्यवस्था हो । यसमा रहेका जीव अनि जड सबै नै एउटा व्यवस्थित निकायअन्तर्गत क्रियाशील हुन्छन् । मानवीय हस्तक्षेपको यसमा कुनै आवश्यकता पर्दैन । प्रकृतिलाई सञ्चालन गर्ने परम जैविकताले भौतिक र पराभौतिक रूपमा कार्य गरिरहेको हुन्छ । परिवर्तन, पोषण र संहारमा गाया नै स्वयं उत्तरदायी हुन्छ । त्यसैले मानव पनि प्रकृतिकै एउटा अंश भएको हुनाले ऊ सदैव प्रकृतिको नजिक रहेर यसद्वारा प्रदत्त अनुदानमा रहनुपर्छ (Kazlev. 2004)।

भारतीय दर्शनमा प्रकृतिलाई जीव र निर्जीवको जननी भनिएको छ । त्यसैले यी सबै नै प्रकृतिको परिधि र संविधानमा नियमबद्ध रूपले रहनु आवश्यक छ । साथै, मानिसले प्रकृतिको नियम वा संविधानहरूलाई स्वीकार गर्दै यसलाई संवेदनशील रूपमा ग्रहण गर्नु आवश्यक छ । मानिसले प्रकृतिलाई आफ्नो निजी सम्पत्ति ठानेर उपभोग गर्दै आएको हुनाले आज प्रकृति सङ्कटको स्थितिमा पुगेको छ । यस सङ्कटलाई भौतिक र वैज्ञानिक अध्ययनबाट मात्र समाधान गर्न सकिँदैन । मानिसले आफ्नो नैतिकता र आध्यात्मिक दृष्टिकोणमा परिवर्तन ल्याउनु आवश्यक छ । अतः गहन पारिस्थितिक र गाया अनुकल्पना यसै विषयमा केन्द्रित रहेको प्रस्ट हुन्छ ।

आज पारिस्थितिकीय सङ्कट ठूलो समस्याका रूपमा अघाडि आएको छ । साहित्यमा पनि यस विषयको उठान र अभिव्यक्ति भइरहेको पाइन्छ । परिवेश काव्यले प्रकृतिलाई केन्द्रमा राखेर नृकेन्द्री धारणाका विरुद्ध प्रकृतिको सुरक्षार्थ सिर्जना गर्नुपर्ने विषयमा तर्क गर्छ । साहित्यमा सामाजिक कुसंस्कार, राजनीतिक गतिविधि, परिचय सङ्कट, शोषण र दमन मात्रै विषय नभएर प्रकृति सङ्कटबारे लेखिनुपर्छ भन्ने परिवेश विमर्शकहरूको मत देखिन्छ । परिवेश विमर्शकहरूले साहित्यकार, कवि, लेखक आदिलाई प्रकृतिको बाह्य परिवेशलाई मात्र नभएर प्रकृतिको आन्तरिक, ऐतिहासिक गतिविधिबारे पनि चर्चा गर्न आह्वान गर्छ । वास्तवमा साहित्य

प्रकृतिमा जन्मेर प्रकृतिमा हुर्कने विषय हुनाले यसले प्रकृतिलाई ग्रहण गर्नुपर्ने प्रथम कर्तव्य हुन्छ । प्रकृतिलाई प्रतीक र विम्बका रूपमा मात्र नभएर यसको आभ्यान्तरिक समस्यालाई साहित्यले उठान गर्नु आवश्यक छ । कवि, लेखकहरू प्रकृतिबाट विचार लिन्छन्; त्यसलाई भाव, संवेदना र ज्ञानद्वारा पोषित गर्छन् अनि कलात्मक भाषाद्वारा अभिव्यक्ति दिन्छन् । त्यसैले प्रकृतिबिना साहित्य नीरस र ऊर्जाहीन बन्दछ ।

स्वच्छन्दतावादीहरूले प्रकृतिलाई साहित्यको मूल तत्त्वका रूपमा स्वीकार गर्नुअघिदेखि नै यो साहित्यको विशेष आधार थियो । स्वच्छन्दतावादीहरूले प्रकृतिलाई सङ्केत, प्रतीक, विम्ब आदिका रूपमा व्यापक प्रकारले प्रयोग गरे । आधुनिक युगमा पनि प्रकृतिलाई साहित्यमा प्रयोग गरियो तर उत्तरआधुनिक साहित्यमा प्रकृति अझ व्यापक र महत्त्वपूर्ण प्रकारले प्रयोग भएर गयो । उत्तरआधुनिक धारणा आफैँमा विवादास्पद धारणा हुँदाहुँदै पनि यसको प्रभावमा विश्वका सम्पूर्ण राष्ट्रहरू आत्मरक्षाको नाममा विभिन्न प्रकारका हातहतियारहरू तयार गर्दै र युद्ध गर्दै प्रकृतिको विनाश गरिरहेका छन् । अर्कातिर प्रकृति र पर्यावरण सुरक्षाका लागि विश्वस्तरका गोष्ठीहरू गरिरहेका छन् । त्यसैले प्रकृतिको विनाश र सुरक्षा व्यक्तिको आत्मनिष्ठामा आधारित छ । व्यक्तिले समष्टि रूपमा आफूलाई परिवर्तन गर्न सकेन भने उसको आधार व्यक्तिगततामा निर्धारित हुन्छ । व्यक्तिगतताले स्वार्थ र लोभको सिर्जान गर्छ, जसका लागि ऊ प्रकृति विनाशमा कुनै नकरात्मकता देख्दैन । प्रकृति मानवको विकास, पोषण र इच्छापूर्तिको स्रोत हो तर नृकेन्द्री जीवनशैलीले प्रकृतिलाई दैनन्दिनी विनाशतर्फ लगिरहेको छ । मानिसको यस्तो नृकेन्द्रित विचारधारा र जीवनशैलीले प्रकृतिलाई धेरै क्षति पुऱ्याएको हुँदा आजको अध्ययनले हरित आध्यात्मिकताको अवधारणालाई अघि ल्याएको छ ।

परिवेश दर्शनमा प्रकृतिको चेतन शक्ति, सिर्जना शक्ति, विनाश शक्ति र यसका सीमाहरूबारे चर्चा गरिन्छ । उपभोगक्तावादी संस्कृतिको बढ्दो व्यवस्थाले प्रकृति बिस्तारै सङ्कटको चरम अवस्थातिर पुगिसकेको छ र मानिसले आफ्नो नैतिकता, संवेदना तथा विवेक हराउँदै गइरहेको छ । फलस्वरूप मानिस संवेदनाहीन यान्त्रिक मानवका रूपमा रूपान्तरित भइरहेको छ । प्रकृतिप्रति नकारात्मक विचार र भावनासँगै विध्वंशात्मक प्रवृत्ति राख्ने मानिसको दुष्कर्मले पारिस्थितिकीमा असन्तुलन सृष्टि भएको छ । त्यसैले परिवेश दर्शनअन्तर्गत हरित आध्यात्मिकताले प्रकृतिप्रति स्वच्छ र सकारात्मक दृष्टिकोणको अपेक्षा राख्दछ । त्यसैगरी मानिसको प्रकृतिप्रतिको नकारात्मक दृष्टिकोणलाई साहित्यले कसरी परिवर्तन गर्न सक्छ ? वा मानव संवेदनालाई पुन: कुन विधिले पुनर्निर्माण गर्न सक्छ ? भन्ने विषयमा यसले अध्ययन गर्दछ ।

साहित्यिक लेखनद्वारा पारिस्थितिकीमा कसरी सन्तुलन ल्याउन सकिन्छ ? पारिस्थितिकी असन्तुलनका मुख्य कारणहरू केके हुन् ? र प्रकृति तथा मानिसबीचको सम्बन्धबारे के साहित्यले आफ्ना विचारहरू राख्न सक्छ ? जस्ता प्रश्नहरूको पनि यसमा अध्ययन गरिन्छ । यी प्रश्नहरूबारे अध्ययन गर्नुअघि साहित्य मानव संवेदना र समाजसँग वार्तालाप गर्ने माध्यम हो भन्ने विषयमा विश्वस्त हुनु आवश्यक छ । विडम्बना के देखिन्छ भने मानिसले सदैव आन्तरिक शान्ति र आनन्दको खोज गरिरहन्छ तर अर्कातर प्रकृतिको विनाश पनि गरिरहन्छ । यस परिस्थितिमा साहित्यले हरित आध्यात्मिकताका माध्यमले हरित संवेदनाहरूको सिर्जना गर्ने कार्य गर्छ भन्नेमा विचारमा विश्वास गर्छ ।

### ६. हरित आध्यात्मिकता : स्थापना र दृष्टिकोण

पर्यावरणवादको दृष्टिकोणअनुसार परिवेश विमर्श साहित्य र सांस्कृतिक समालोचना हो । यसले प्रकृति र समाजबीचको सम्बन्धसँगै गाया र मानव चेतनाबीच सम्बन्ध स्थापना गर्दछ । अर्को शब्दमा परिवेश विमर्शले प्रकृतिलाई केन्द्रमा राखेर साहित्यको अध्ययन गर्दछ ।

परिवेश विमर्शको अध्ययनमा देखा परेको नयाँ दृष्टिकोण हरित आध्यात्मिकताले प्रकृति मानिसको सम्बन्ध र उत्तरदायित्व कस्तो हुनुपर्छ भन्नेमा अध्ययन गर्दछ। प्रकृतिलाई बाह्य दृष्टिबाट भौतिक रूपमा मात्र जान्न, बुझ्न र मान्न सकिँदैन। यसका विविध रूप छन्। त्यसका साथै परिवर्तनशील प्रकार्यहरू पनि छन्। यो ऊर्जा, पदार्थ, ग्यास, भावना र संवेदना आदि रूपमा व्यक्त छ। प्रकृतिलाई जान्न र यसको कार्य प्रणालीलाई बुझ्नका लागि सूक्ष्म मानसिकता र चेतनाको आवश्यकता पर्दछ। तथापि के हामी प्रकृतिको समस्यालाई समाधान गर्न सक्छौँ ? यदि गर्न सक्छौँ भने कसरी ? जस्ता प्रश्नहरू उठ्न सक्छन्। वृक्षरोपण र पर्यावरण स्वच्छ राख्दा मात्र प्रकृति सुरक्षित हुन्छ भन्ने धारणा पूर्ण सत्य होइन किनभने यति मात्र प्रकृतिलाई बुझ्न र सुरक्षित गर्न पर्याप्त हुँदैन। मूलतः यस परिस्थितिलाई सम्बोधन गर्न वा प्रकृतिलाई सुरक्षित गर्न सबैभन्दा पहिले आन्तरिक स्वच्छता हुनु आवश्यक छ। प्रकृतिको सुरक्षा केवल मानिसको हातमा छ। मानिसले आफ्नो नैतिक मूल्य र संवेदनात्मक मूल्यमा परिवर्तन आउन आवश्यक छ। त्यसका साथै मानिसक र शारीरिक क्रियामा पनि परिवर्तन ल्याएर प्रकृतिप्रतिको पूर्वाग्रहलाई हटाउन आवश्यक छ। पाश्चात्य दर्शन र मनोविज्ञानले प्रकृति व्यावहारिक पक्षको रूपमा हेरेको छ भने पूर्वीय दर्शनले लीलाको दृष्टिकोणबाट हेरेको छ। यद्यपि यी दुई धारणाका अलग अलग अर्थ र प्रयोग भए तापनि दुवैलाई एउटा कक्षमा राखेर संवाद गर्न सकिन्छ। साधारणतः व्यवहार भौतिक संसार र आभासी यथार्थसँग सम्बन्धित छ भने लीला चेतनाको खेल हो।

लेखनाथ पौड्यालको 'तरुण तपसी'मा मानिस र प्रकृतिबीचको भौतिक र आन्तरिक सम्बन्धबारे सूक्ष्म विश्लेषण पाइन्छ :

कतै छाला लत्क्यो, बलसित कतै चर्र चिरियो
कतै पल्ट्यो आलो उकुच, उसमा सूज भरियो।
कतै तर्क्यो मर्क्यो, तन सब भयो घायल अति
मलम्पट्टी गर्थिन् फगत प्रकृति नर्स नियति॥ (तरुणतपसी, १।९)

यहाँ प्रकृतिले स्वयं आफ्नो मलमपट्टी गरेको देखाइएको छ। प्रकृतिमा मानवीय हस्तक्षेपको कुनै आवश्यकता छैन। ऊ स्वयं नै आफ्ना लागि परिपूर्ण छ। ऊभित्रको हरित शक्तिले नै उसलाई पूर्णता दिन्छ।

कवि अझै लेख्छन् :

किरामा, पक्षीमा, नर, पशु, लता, वृक्षतकमा
अहो ! एकै नासे परम चितिको दिव्य टकमा।
फुरेको देख्दैछौ तदपि किन गर्छौ धरमर ?
विवेक-ज्योत्स्नाले सकल धरणी शीतल गर॥ (तरुणतपसी, २।१०)

प्रकृतिका हरेक जीव, वनस्पति आदिमा परम चितिको दिव्य शक्ति रहेको हुन्छ अनि त्यही नै हरित शक्ति हो। व्यक्तिले त्यस हरित शक्तिसँग परिचित हुनु आवश्यक छ। यदि व्यक्तिले त्यस शक्तिलाई जान्दैन चिन्दैन भने उसले प्रकृतिलाई बुझेको हुँदैन। व्यक्तिमा निहित नैतिक चेतन नै प्रकृतिद्वारा दिइएको शक्ति हो अनि त्यसैलाई जान्नु हरित आध्यात्मिकता पनि हो।

पूर्वीय परम्परामा आत्मज्ञान, स्वज्ञान र आत्मचिन्तनको गहिरो परम्परा छ। जसका लागि महर्षिहरूले प्रकृति र पुरुषको सहयोग लिएर त्यसको चिन्तन गर्थे। यस चिन्तनबाट उनीहरूले 'तत्त्वबोध'को चर्चा गरे। यदि ईश्वर, उसको शक्ति र प्रकार्यलाई बुझ्नु हो भने मानिसले प्रकृतिसँग सहचारी रूपमा कार्य गर्नुपर्दछ। साथै यदि मानिसले आफ्नो चेतना वा आत्माको व्याख्या गर्न चाहन्छ या त्यसको मर्म बुझ्न चाहन्छ भने उसले

प्रकृतिको लीलालाई बुझ्नु आवश्यक छ भन्ने बोध महर्षिहरूले गरे । तसर्थ, प्रकृतिको समीप नगई व्यक्ति भौतिक र अनुभौतिक कुनै पनि व्यवस्थामा बाँच्न सक्तैन ।

मानिसको भौतिक र मानसिक अथवा बाह्य र आन्तरिक विकासमा प्रकृतिले प्रभाव पारेको हुन्छ किनभने प्रकृति र मानिसको प्रकार्य एकै किसिमको हुन्छ । यसको मूलकारण मानिस प्रकृति प्रदत्त तत्त्वबाट निर्मित जीव भएर हो । त्यसैले प्रकृति र मानिसको अपरोक्ष सम्बन्ध छ जसलाई सहजै भत्काउन सकिँदैन । तर, वर्तमान परिप्रेक्ष्यमा मानिसको जीवनशैली, व्यवहार, सोच, धारणा र कर्म आदि क्षेत्रहरूमा परिवर्तन आएको छ । यसले प्रकृतिको सन्तुलित व्यवस्थामा हस्तक्षेप गरिरहेको छ । प्रकृति र मानवबीच निर्माण भएको असन्तुलित सम्बन्धलाई सन्तुलनमा ल्याउन साहित्य नै सबैभन्दा सुविधाजनक माध्यम हो । यसले संवेदनात्मक, भावनात्मक र नैतिक रूपमा कार्य गर्दछ । साहित्य केवल राजनीतिक वा सामाजिक मुद्दाहरूको नारा मात्र होइन । साहित्य शक्ति पनि हो अनि त्यस शक्तिद्वारा विश्व नै परिवर्तन गर्न सकिन्छ । त्यसै कारण परिवेश विमर्शभित्र प्रकृतिसमक्ष पुग्न, यसका समस्याहरूलाई बुझ्न र सामधान गर्न विविध दृष्टिकोण अथवा धारणाहरूको चर्चा गरिन्छ, जसमध्ये 'हरित आध्यात्मकिता' पनि एक हो । यो अत्यन्तै महत्त्वपूर्ण पनि छ ।

प्रकृति र साहित्यबीच विद्यमान सम्बन्धको अध्ययनका क्रममा प्रकृतिका विविध समस्याहरूबारे चर्चा र समधानका उपायहरू निर्क्योल गरिन्छ । प्रकृति र साहित्यलाई एउटा सूत्रमा बाँध्ने डोरी बलियो छ, जसलाई साहित्यिक अध्ययनले मात्र देखाउन सक्छ । यस डोरीले वैश्विक रूपमा सम्पूर्ण बुद्धिजीवी र अध्येताहरूलाई एउटा केन्द्रमा ल्याएर प्रकृति र पारिस्थितिकीबारे अध्ययन गराउन बाध्य गराउँछ, जसलाई पर्यावरण सेवा भनिन्छ (Glotfelty. 2007 : 4) । यसमा समस्या के देखिन्छ भने प्रकृति र समाजबीच भत्किएको पुलको पुनः निर्माण कसरी गर्ने ? के भौतिक र पदार्थपरक अनुसन्धान यसका लागि पर्याप्त छ ?

आजका मानिसहरूले शब्दप्रुफ लगाएका छन् । बुलेटप्रुफ लगाए बन्दुकको गोलीले छुँदैन; वाटर प्रुफ लागए पानीले भिज्दैन । शब्दप्रुफ लगाए कुनै शब्दले छुँदैन । अतः शब्दप्रुफ लागएका मानिसका संवेदनाहरूको छेदन कसरी गर्ने ? त्यसैकारण पर्यावरण संरक्षणका लागि विश्वस्तरमा कार्यशाला, सेमिनार आदि भइरहेका छन् । पर्यावरण बचाऔँ आनन्दोलन भइरहे पनि मानिसहरू त्यसपट्टि ध्यान नदिई प्रकृतिको विनाशमा लागिपरेका छन् । अतः मानिसले प्रकृति बचाउनका लागि आफूले लगाएको शब्दप्रुफ निकाल्नु आवश्यक छ तर त्यो शब्दप्रुफ खोल्न सहज छैन । यसको विकल्प केवल 'हरित आध्यात्मिकता' मात्र हो । सन् १९९२ मा विश्व पर्यावरण सुरक्षामाथि ब्राजिलको रियोमा भएको सम्मेलनको मूल मन्त्र 'प्रकृति सुरक्षा' थियो । तर, 'प्रकृति सुरक्षाभन्दा 'प्रकृति सेवा' विश्वको मूल मन्त्र बन्न सक्ने अध्येताहरू मान्छन् ।

हाम्रा हजुरबुबा हजुरआमाहरू सानो छँदा कथा भन्ने गर्नुहुन्थ्यो । उहाँहरू कथा यसरी सुरु गर्नुहुन्थ्यो- "उहिले एउटा ठूलो घनघोर जङ्गल थियो । त्यस जङ्गलमा एउटा बाघ बस्थ्यो ।" हामी उत्साहित बनेर एकदिन त्यस जङ्गलमा अवश्य जान्छौँ भन्ने सोच्दथ्यौँ । जब बिस्तारै बढ्दै गइयो तर उहाँहरूको त्यो जङ्गल केहिल्यै भेटिएन । ती जङ्गलहरू कहाँ गए ? ती बाघहरू कता गए ? भन्ने जस्ता प्रश्नहरूको उत्तर परिवेश विमर्शको अध्ययनले दिएको छ । मानिसले आफ्नो अनावश्यक र असीमित इच्छाहरू पूरा गर्नका लागि प्रकृतिको नचाहिँदो प्रयोग गरे । सहरीकरण र कारखाना आदिको स्थापना गर्नका लागि जङ्गलहरू मासिए । गैरकानुनी सिकार र जीवजन्तुको व्यापार आदिले पशुपक्षी वा प्राणीहरू मारिए । त्यसैले आज धेरै पशुपक्षी र वनस्पतिहरू लोप भइसकेका छन् । उन्नाइसौँ शताब्दीमा संसारका आधाजस्ता जङ्गलहरू काटिए । औद्योगिक विकास र दुईवटा विश्वयुद्धले अझ यसमा थप सहयोग गऱ्यो । आज एकाइसौँ शताब्दीमा पनि जङ्गलहरू मासिँदै छन्; रूखहरू काटिँदै छन् । पशुपक्षी,

जीवजन्तु वा समुद्रतलका प्राणीहरू पनि मारिँदै छन् । सरकारले प्रकृति सुरक्षा अथवा वनजङ्गल सुरक्षा आदिका लागि विभिन्न नियम कानुनहरू बनाए तापनि त्यसको ठीकसँग पालन भइरहेको छैन । व्यक्तिको चेतना र नैतिकतामा नै भ्रष्टाचार भरिएको छ। त्यसैले मानिसको निजी स्वार्थ र नैतिक भ्रष्टाचारले आज प्रकृति सङ्कटको चरम स्थितिमा पुगेको छ साथै पारस्थितिकी प्रणालीमा असन्तुलन सृष्टि भएको छ।

जति-जति शताब्दी बूढो हुँदै जाँदै छ मानिसहरूले उति नै आफ्नो जीवनशैलीमा परिवर्तन ल्याउँदै छन् । सुख साधनहरू प्रशस्तै छन्। भौतिक सुखभोगमा जीवन बढिरहेको छ। मानिसको जीवनशैलीमा जति परिवर्तन आइरहेछ उति नै मावन मूल्य र नैतिक मूल्यजस्ता विषयहरू हराउँदै गइरहेका छन्। हरित आध्यात्मिकताले यसको पुनरुत्थानको माग गर्दछ।

भौतिक र आध्यात्मिक गरेर जीवनका दुई पाटा हुन् । वस्तुतः मानिसको प्राथमिक आवश्यकता पदार्थ नै हो तर यति मात्र सर्वोपरि पनि होइन । मानिस सामाजिक प्राणी हो । समाजमा वस्तु वा पदार्थ सँगसँगै आध्यात्मिकता वा नैतिकताको पनि आवश्यकता र महत्त्व छ। समाजको संरचना नैतिक मूल्यको संरचना हो। व्यक्ति पनि यही मूल्यद्वारा संरचित र निर्मित भएको हुन्छ। जसरी समाजप्रति हाम्रो नैतिक जिम्मेवारी छ उस्तै नैतिक दृष्टिकोण प्रकृतिप्रति पनि हुनुपर्छ किनभने प्रकृति नै मानव सभ्यताको केन्द्रक हो अनि मानिस प्रकृतिको एउटा निकाय मात्र हो। भारतीय पौराणिक काव्यादिमा प्रकृति र मानिसको उत्पत्ति र सम्बन्धबारे गहन चिन्तन गरिएको छ । आज विश्वले प्रकृति र मानिसलाई द्विचरविरोधको दृष्टिकोणले हेर्ने गर्छ तर भारतीय काव्यमा द्विचरविरोधको धारणा छैन । प्रकृति र मानिसलाई सृष्टिको सूत्रले जोडेर हेरिन्छ; यद्यपि प्रकृति र पुरुषको धारणा पाइन्छ तर त्यो पुरुष भन्नाले पुलिङ्गी वा पितृसत्ता होइन। प्रकृति र पुरुषको धारणा द्विचरविरोधी धारणा नभएर सृष्टि सञ्चालनका लागि सन्तुलन शक्तिको उदाहरण हो । यही सन्तुलन आज आवश्यक छ। हरित आध्यात्मिकताको पूर्वीय धारणाअनुरूप चर्चा गर्दा यही सन्तुलनको प्रतीक लिएर चर्चा गर्न सकिने देखिन्छ।

उपनिषद्ले 'लोकाः समस्ताः सुखिनः भवन्तु' र 'वसुधैवकुटुम्बकम्'जस्ता विचार दिएर विश्व-ब्रह्माण्डलाई नै एउटा छत्रछायामा ल्याउने प्रयास गरेको छ। जैन र बौद्ध दर्शनमा 'अहिंसा परमो धर्म' भनेर प्रकृति सेवाकै सङ्केत गरेका छन्। प्रकृति मानव जीवनको स्रोत हो त्यसैले यसको सुरक्षा मानव जातिको पहिलो कर्तव्य हो तर वर्तमान समय नितान्त विपरीत र चिन्ताजनक छ। मानिसले सचेत भएर नै प्रकृतिको विनाश गरिरहेका छन्। पारिस्थितिकीमा असन्तुलन सिर्जना गरिरहेका छन्। त्यसकारण परिवेश विमर्शकहरू प्रकृति र साहित्यबीचको सम्बन्धको अध्ययन गर्दै यी दुईबीच सहभावनाको अपेक्षा राख्दछन्। परिवेश विमर्श अन्तर ज्ञानानुशासनात्मक नयाँ दृष्टिकोण हो । यसले विश्वको सारा साहित्यलाई प्रभाव पारेको छ। समकालीन समस्यालाई साहित्यमा अध्ययनको विषय बनाएको छ । विश्वमा अनेक प्रकारका समस्याहरू छन्; त्यसमा पारिस्थितिकी सङ्कट सबैभन्दा ठूलो सङ्कट हो तर प्रश्न के छ भने साहित्यले यस समस्यालाई कसरी समधान गर्न सक्छ ? कुन विधि र प्रयोगले यसले कार्य गर्छ (Amaladass. 2007 : 29) ?

परिवेश विमर्श अन्तर-ज्ञानानुशासनात्मक भएकाले यसमा अन्य ज्ञानानुशासनका विविध दृष्टिकोण, विचार र धारणाहरू छन्; जसमध्ये परिवेश दर्शनशास्त्रबाट लिइएको 'हरित आध्यात्मिकता'ले भौतिक प्रकृतिको सुरक्षा गर्न सर्वप्रथम आन्तरिक प्रकृतिबारे अध्ययन गर्ने अपेक्षा गर्छ। त्यसका लागि मानिसले आफूलाई प्रकृतिलाई वैचारिक वा मानसिक रूपमा मात्र नभएर व्यावहारिक र आत्मिक रूपमा पनि स्वीकार गर्न सक्नुपर्ने बताउँछ। प्रकृतिको सुरक्षा गर्नुपर्छ भन्ने विचार मानिसमा तब मात्र आउन सक्छ जब उसले आत्मा वा चेतनाद्वारा प्रकृतिलाई आफ्नो अनिवार्य घटक मान्न सक्छ । समान्यतः प्रकृतिरहित बनेर बाँच्न सकिँदैन भन्ने ज्ञान

मानिसलाई भएकै हुन्छ । यसबारे विचार विमर्श आदि गरिरहे पनि चेतनामा व्याप्त असीमित इच्छाहरूको पूर्ति गर्ने क्रममा कुनै न कुनै ठाउँबाट प्रकृतिलाई क्षति पुऱ्याइएकै हुन्छ । त्यसैले जबसम्म मानिसको चेतना नै हरितमय हुँदै तबसम्म प्रकृतिको सुरक्षा सम्भव छैन । प्रकृतिलाई नैतिक सेवाको आवश्यकता छ । समयभन्दा अघि नै प्रकृतिको आयु सकिने अवस्था देखा परिरहेको छ ।

आज मानव सभ्यता र औद्यौगिकी वा तकनिकी उपक्रमको विकास चरम अवस्थामा पुगेको छ । प्रकृतिका बारेमा सोच्ने कसैलाई समय छैन । प्रकृतिप्रतिको नैतिक जिम्मेवारी र उत्तरदायित्वदेखि मानिसहरू पछि हटेका छन् । यस्तो परिस्थितिमा पारिस्थितिकी प्रणाली सन्तुलित बनाउनु कठिन कार्य हो । त्यसैले आध्यात्मिक वा नैतिक ज्ञानको विकास आज आवश्यक भएको छ । रिचर्ड्सले उन्नाइसौँ शताब्दीका विद्वान्हरूलाई साहित्यले मूल्यको विकास गर्छ भनेर दिएको तर्क आज पनि उति नै महत्त्वपूर्ण र सान्दर्भिक छ । समाजहरू यन्त्रका पछि लागेर नैतिक मूल्य र जिम्मेवारीहरूलाई भुल्दै गइरहेका छन् । समाजलाई पुनः प्रकृतितर्फ फर्काउनु र प्रकृतिप्रति नैतिक जिम्मेवारी बोध गराउनका लागि साहित्य मात्र एउटा माध्यम हो जसले व्यक्तिको चेतना र समाजको संरचनासँग प्रत्यक्ष वार्तालाप गर्न सक्छ । हरित साहित्य वा परिवेश काव्यले दर्शनको विचारधारा र दृष्टिकोणलाई लिएर आधुनिक समाजमा रहेको प्रकृतिप्रतिको धारणामा परिवर्तन गर्ने प्रयास गर्छ । अध्यात्म केवल ईश्वरभक्ति वा आरधना होइन; यो मानवता र एकत्वको ज्ञान पनि हो । मन्दिर मस्जिदमा गएर धार्मिक पुस्तक आदि पढ्नु मात्रै आध्यात्मिक बन्नु होइन जब अन्तस्करणबाट ज्ञानको उदय हुन्छ; जब आफ्नो चेतनाबाट प्रकृतिलाई अनुभव गर्न सकिन्छ तब मात्र आध्यात्मिकताको अर्थ खुल्दछ ।

पृथ्वी, पर्यावरण र प्रकृति पर्यावाचीजस्तै देखिन्छन् तर यिनको प्रकार्यगत अर्थ गहिरो र दार्शनिक छ । पृथ्वी सूर्यको वरिपरि घुम्ने ग्रह हो । यसलाई वरिपरिबाट घेर्ने पहाड पर्वत, खोला, नदी, पशुपक्षी आदि पर्यावरण हुन् भने प्रकृति चलायमान वा गतिशील प्रकार्यगत शक्ति हो जसको आधार र परिस्थितिमा जीव निर्जीव आदिले जीवन प्राप्त गर्दछ । मानिसले आत्मा (चेतना) द्वारा जीवन प्राप्त गरेझैँ सम्पूर्ण पर्यावरणमा प्रकृति आत्मा तत्त्व बनेर बसेको हुन्छ । मानिस आत्माबिना बाँच्न सक्तैन भने आत्मा प्रकृतिबिना अस्तित्वहीन हुन्छ । मानव शरीर पञ्चतत्त्वले (आकाश, वायु, जल, अग्नि र पृथ्वी), पञ्च ज्ञानेन्द्रिय (आँखा, नाक, कान, जिब्रो, छाला), पञ्च कर्मेन्द्रिय (हात, खुट्टा, मुख, उपस्थ र पायु), पञ्चकोष (अन्नमय कोष, मनोमय कोष, प्राणमय कोष, विज्ञानमय कोष र आनन्दमय कोष), पञ्च प्राण (प्राण, अपान, उदान, समान, व्यान) । त्यसपछि चार अन्तस्करण (मन, बुद्धि, चित्त र अहम्) बनेको हुन्छ । यी चार अन्तस्करणपछिको अवकाशमा आत्माको स्थान छ । त्यही आत्मा नै प्रकृति हो । त्यसैले त्यसको रङ हरियो छ । हरियो भन्नाले सिर्जना, निर्माण, गति, परिवर्तन र ज्ञान बुझ्न आवश्यक छ; जसका नौवटा गुणहरू छन् । ती हुन्- सत्, चिद्, आनन्द, अनन्त, अद्वैत, प्रेम, जीवन, सुन्दर र साकार । अतः साहित्यले मूलतः यही प्रकृतिको सुरक्षार्थ कार्य गर्दछ । भौतिक प्रकृतिको दार्शनिक रूप यसरी नै निर्माण भएको छ । प्रकृतिको सुरक्षा भन्नाले केवल वृक्षरोपण र गाउँघर सफाइ आदि मात्र होइन । मूलतः व्यक्ति आफ्नो अन्तस्करणबाट नै परिवर्तन हुनु आवश्यक छ । आफ्नो चेतना प्रकृतिलाई समर्पित गर्न सके मात्र प्रकृतिको संरक्षण सम्भव छ । भौतिक प्रकृतिलाई सञ्चालन गर्ने शक्ति प्रकृतिको प्रकार्य शक्ति हो, जसलाई उपनिषद्ले 'आपः' भनेको छ । त्यसैले प्रकृति सङ्कट भनेको भौतिक सङ्कट होइन, यसको आन्तरिक संरचना नै सङ्कट ग्रस्त छ । यदि आज यसको सुरक्षाप्रति प्रतिबद्ध हुन नसके समय रहने छैन । कवि, लेखक, साहित्यकार, आलोचक आदिले साहित्यिक कार्यद्वारा मानिसले बिर्सिएको नैतिक मूल्य र प्रकृतिपरक ज्ञानलाई पुनः उत्थान गराउने प्रयास गरिरहेका छन् जसका लागि साहित्यमा 'हरित आध्यात्मिकता'को आवधारणा उपयुक्त देखिन्छ ।

मानिसले चेतन र अचेतन दुवै रूपमा प्रकृतिको सुरक्षा गर्नु आवश्यक छ । साथै पारिस्थितिकीको सुरक्षाका लागि मानिसले आफ्नो नैतिक मूल्यको पुनरुत्थान गर्नु आवश्यक छ । ब्रोन टेलर भन्छन्- पृथ्वी र प्रकृति आध्यात्मिकमा

आधारित छ जुन विश्वमा प्रसार भइरहेको छ। वास्तवमा प्रकृतिलाई नयाँ प्रकारले बुझ्न र अध्ययन गर्ने नयाँ अवधारणा 'हरित आध्यात्मिकता' हो (Tylor. 2001)। मानिसको आन्तरिक संरचना मूलतः आध्यात्मिक वा नैतिक छ तर बजारवाद वा उपभोक्तावाद र नृकेन्द्री विचारले ऊ आफ्नो मूल संरचना भुल्दै गइरहेको छ (Marsden. 1991) । आफ्नो नैतिक, मूल्य, कर्तव्य र प्रकृतिसँगको आन्तरिक सम्पर्क बिर्सेर मानिस स्वकेन्द्रित बनेको छ। वास्तवमा प्रकृतिका माध्यमद्वारा चेतनासँगको आध्यात्मिक सम्पर्क नै प्रकृतिमूलक आध्यात्मिकता हो। मानिसको नैतिक ज्ञान र संवेदनाबिना पारिस्थितिकी प्रणालीमा आएको सङ्कट समाधान हुन सक्तैन। त्यसैले केवल साहित्यले मात्र मानव संवेदनालाई बुझ्न सक्छ र त्यसको पुनर्निर्माण गर्न सक्छ। उपभोक्तावादी संस्कृतिले भत्काएको मानिसको मूल संवेदनालाई पुनः निर्माण गर्न साहित्यले 'हरित आध्यात्मिकता' को धारणा अघि ल्याएको छ।

### ७. निष्कर्ष

भारतीय काव्यशास्त्र र सौन्दर्यशास्त्रको धेरै लामो र पुरानो गतिशील इतिहास छ। यसको आन्तरिक आधार नै आध्यात्म हो। भागवतले 'तेने ब्रह्महृदाय आदिकविये' भनेर ब्रह्मको हृदयलाई नै कवि मानेका छन्, जसको कल्पनाबाट सम्पूर्ण ब्रह्माण्ड र प्रकृति सिर्जना भएको मानिन्छ। भारतीय काव्यशास्त्र र सौन्दर्यशास्त्रलाई गम्भीर अध्ययन गर्दा प्रकृति र पारिस्थितिकी विज्ञानका तथ्यहरू पाइन्छन्। वेददेखि लिएर पुराण र उपनिषद् आदिले मानव जीवन र साहित्यकै पनि मुख्य आधार प्रकृतिलाई मानेको छ। परिवेश आध्यात्मिकता अथवा हरित आध्यात्मिकताले प्रकृतिको भौतिक र प्रकार्यगत चक्रलाई अध्ययन गर्छ। यसले प्रकृतिको आन्तरिक तहबाट अध्ययन गरेर भौतिक रूपसम्म आउँछ। सहचार क्रमिक र विन्यास क्रमिक अध्ययन गर्दै मानिसको नैतिक चेतनालाई जगाउने प्रयास गर्दछ। प्रकृतिप्रति रहेको मानिसको नृकेन्द्री विचारलाई भत्काएर प्रकृतिकेन्द्री विचारको स्थापना गर्छ। अतः आजको समयमा प्रकृतिको सुरक्षा र सेवामा साहित्यको ठूलो र महत्त्वपूर्ण जिम्मेवारी छ। प्रथमतः यसले मानिसको प्रकृतिप्रतिको नैतिक मूल्यहरूको उत्थान गर्छ र हरित आध्यात्मिकताको नजिक ल्याएर प्रकृतिलाई बाँच्न दिन्छ अनि त्यसैमा ऊ पनि बाँच्दछ। प्रकृति अध्यात्मको प्रतीक हो। यसमा निहित प्रकार्यगत शक्ति नै वास्तवमा हरित शक्ति पनि हो। मानिसले प्रकृतिबाट आफ्नो प्राणवायुसम्म प्राप्त गरिरहेको हुनाले आफूभित्र पनि त्यो हरित अध्यात्मिकता रहेको हुन्छ। यसको अनुसन्धान मानिसले ज्ञान अनि अनुभवद्वारा गर्नुपर्दछ। समय रहँदा नै मानिस प्रकृतिप्रति सचेत भएन भने अथवा समयमा नै आफ्नै अध्यात्म रूप मानिसले चिनेन भने संसार समयभन्दा पहिले नै विनाश हुनेछ।

### सन्दर्भसूची

पौड्याल, लेखनाथ. २०४९. *तरुणतपसी*. ललितपुर : साझा प्रकाशन।

श्रीमद्भागवतमहापुराणम्

Barry, Peter. 2007. *Beginning Theory: An Interdiction to Literary and Cultural Theory*. UK : Manchester University Press.

Waugh, Patricia. (Ed.) 2007. *Environmentalism and ecocriticism. In literary Theory and Criticism*, (Oxford University Press)

Ecology : A Bridge Between Science and Society. By Eugene P. Odum

Glotfelty, Cheryll and Harold Fromm, (Ed). 1996, *The Ecocriticism Reader Landmark and Literary Ecology*. Athens Georgia

Selvamony, Nirmal. 2007. *Essay in Ecocriticism*, New Delhi : Nirmaldasan Rayson K Alex, Ed, Sarup & Sons.

Dr. Radhakrishanan. 2012. Bharatiya Darshan Vol 1-2. Rajpal & Sons, Delhi.

•

# नेपाली लघुकथामा सांस्कृतिक चेतना

डा. पुष्करराज भट्ट*

**सार**

*नेपाली भाषामा लेखिएको, आख्यानको लघुतम भेदका रूपमा रहेको, कथातत्त्वले भरिएको वा क्षीण कथावस्तु, सीमित पात्रविधान र सीमित परिवेशयुक्त सानो आकारको कथा नै नेपाली लघुकथा हो भने संस्कृति मानव जातिले अनुभव र ज्ञानका रूपमा प्राप्त गरेको समग्र पक्ष हो। त्यसैगरी दर्शन, राजनीति, नैतिकता, धर्म, शिक्षा, कला, कानुन, सौन्दर्यबोध, बोली र भाषालगायतका वैचारिक पक्षहरू आत्मिक संस्कृति हुन्। सांस्कृतिक अध्ययनको अलग्गै सिद्धान्त र क्षेत्र नभए पनि यस किसिमको अध्ययनमा उदारतापूर्वक वाङ्मयका अन्य सिद्धान्तमध्ये आफूलाई आवश्यक पर्ने सिद्धान्तलाई आफ्नो बनाएर अध्ययन गरिन्छ। यो बहुविषयक अध्ययन भएकाले यसले सांस्कृतिक व्यवहारहरू र शक्तिसँग त्यसको सम्बन्धलाई हेर्ने काम गर्दछ। नेपाली लघुकथामा सांस्कृतिक पक्षको गहिरो प्रभाव रहेको सन्दर्भमा यस लेखमा नेपाली लघुकथाको सांस्कृतिक चेतनाबारे विश्लेषण गरिएको छ। त्यस क्रममा सांस्कृतिक चेतनाको प्रतिनिधित्वका रूपमा रहेका राजनीति, समाज, धर्म, कला-साहित्य, आर्थिक पक्ष, शिक्षा एवम् प्रशासन आदिलाई मुख्य आधार मानिएको छ।*

**शब्दकुञ्जी** : तात्क्षणिक, सांस्कृतिक मूल्य, परिवर्तनमुखी चेतना, विच्छेदनमुखी संस्कृति, अग्रग्रामी चेतना, ज्ञानको अभिलेखीकरण, धार्मिक रुढिवाद, आलोचनात्मक चेतना, जनमुखी संस्कृति।

## १. विषयपरिचय

लघुकथा आख्यानको एउटा प्रमुख भेद हो। कथातत्त्वले भरिएका क्षीण कथावस्तु, सीमित पात्रविधान, सीमित परिवेश भएका साना आकारका कथा लघुकथा हुन्। लघुकथाले निश्चित विचार एवम् सन्देश प्रवाहित गरेको हुन्छ। लघुकथाले आकस्मिक एवम् चामत्कारिक अन्त्यको अपेक्षा राख्दछ। नेपाली लघुकथा नेपाली भाषामा लेखिएका आख्यान तत्त्वले भरिएका लघुकथा रचना हुन्। नेपाली लघुकथाका सन्दर्भमा लक्ष्मणप्रसाद गौतमले "एउटा आकार वा आकृतिको लघु संरचना नै लघुकथा हो, जसमा आख्यानको तीव्र र तीव्रतम अभिव्यक्ति हुन्छ (गौतम. २०५६ : ६१) भनेका छन्। यसरी लघुकथा रचनामा आख्यानको विकास तीव्र गतिमा हुने गर्दछ। लघुकथाको आख्यानका अन्य विधासँगको सम्बन्धलाई स्पष्ट पार्ने क्रममा गोपाल अश्कले, "लघुकथा आख्यानको सङ्क्षेपीकृत रूप नभए पनि कथातत्त्वसहितको आख्यानकै एक अङ्ग हुनाले लघुकथालाई आख्यानकै एक उपभेदका रूपमा लिन सकिन्छ र लघुकथा लेखन आख्यानतत्त्व निहित लेखन हो" (अश्क. २०६५ : ६) भनेका छन्। अश्क लघुकथा आख्यानको कथातत्त्व भएको आख्यानको एक रूप भएको विचार व्यक्त गरेका छन्। संस्कृतिले मानवजीवन मूल्यको प्रतिनिधित्व गर्दछ। यसले जीवन भोगाइका क्रममा मानिसले मनाउने चाडपर्व, चालचलन, आनीबानी, सामाजिक सम्बन्ध, जन्ममृत्यु संस्कारको प्रतिनिधित्व गर्दछ। यसले मानवीय चिन्तन, सभ्यता एवम्

** डोट्याली भाषा पृष्ठ-संयोजक : गोरखापत्र दैनिक, नेपाल।*

ज्ञानको समग्रतालाई बोध गर्दछ । मानिसले केही प्राचीन मूल्यबाट संस्कृति प्राप्त गर्दछ भने अर्कातिर नवीन संस्कृतिको निर्माण गर्दछ । नेपाली लघुकथामा सांस्कृतिक चेतनाको अभिव्यक्ति विभिन्न किसिमले भएको पाइन्छ । वर्तमानमा नेपाली लघुकथा रचनाले मौलिक प्रतिष्ठा कायम गरिसकेको सन्दर्भमा यी रचनामा नेपाली जनजीवनका विभिन्न सांस्कृतिक पक्षको चित्रणका साथै सांस्कृतिक चेतनाको अभिव्यक्ति सशक्त किसिमले प्रस्तुति गरिएको पाइन्छ । नेपाली लघुकथामा परम्परागत चिन्तनबाट अभिप्रेरित सांस्कृतिक मूल्यको अपेक्षा नवीन जीवनमूल्य एवम् सांस्कृतिक चेतनाको अभिव्यक्ति अत्याधिक पाइन्छ । लघुकथा आधुनिक युगको सिर्जना भएकाले यसमा जीवनजगत्का तात्क्षणिक विषयको बोधका साथै आधुनिक नेपाली जीवनजगत् युगचेतनागत सन्दर्भको प्रस्तुतिले प्राथमिकता पाउँदै आएको छ । यसै सन्दर्भमा यस लेखमा नेपाली लघुकथामा अभिव्यक्त सांस्कृतिक चेतनाको प्रस्तुतिका सन्दर्भमा राजनीति, समाज, धर्म, प्रशासन, शिक्षा एवम् कला-साहित्यलाई अध्ययनको विषय बनाइएको छ । संस्कृति आफैमा विस्तृत क्षेत्र भएको यथार्थबोध भए तापनि लेखलाई एक सीमामा प्रस्तुत गर्नुपर्ने बाध्यताका कारण यसको समग्रता भन्दा पनि प्रतिनिधिमूलक रूपमा सांस्कृतिक चेतनाका केही सूचकलाई मात्र लिइएको हो । यसै सन्दर्भमा यस अध्ययनमा नेपाली लघुकथामा अभिव्यक्त मानव जीवनसँग सम्बन्धित केही प्रमुख सांस्कृतिक सन्दर्भलाई प्रस्तुत गरिएको छ ।

## २. समस्याकथन

यस शोधलेखमा नेपाली लघुकथालाई सांस्कृतिक अध्ययनका दृष्टिले विश्लेषण गरिएकाले नेपाली लघुकथामा सांस्कृतिक पक्षको प्रतिनिधित्व के-कसरी भएको छ भन्ने विषयसँग सम्बद्ध रहेर निम्न शोधप्रश्नहरू निर्माण गरिएका छन् :

क) नेपाली लघुकथामा सांस्कृतिक अध्ययनका सन्दर्भमा राजनीतिक एवम् सामाजिक पक्ष के-कसरी अभिव्यक्त भएको छ ?

ख) नेपाली लघुकथामा संस्कृतिलाई विश्लेषण गर्ने क्रममा कला-साहित्य एवम् धर्मसँग सम्बन्धित विषयसन्दर्भको प्रतिनिधित्व कसरी गरिएको छ ?

ग) नेपाली लघुकथामा आर्थिक, प्रशासनिक एवम् शैक्षिक क्षेत्रका सांस्कृतिक मूल्यको अवस्था केकस्तो छ ?

## ३. अध्ययनको उद्देश्य

यस शोधलेखका उद्देश्यहरूको निर्धारण गर्ने क्रममा समस्याकथनसँग सम्बन्धित रहेर निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) नेपाली लघुकथामा सांस्कृतिक अध्ययनका सन्दर्भमा राजनीतिक एवम् सामाजिक पक्षबारे विश्लेषण गर्नु ।

ख) नेपाली लघुकथामा संस्कृतिलाई विश्लेषण गर्ने क्रममा कला-साहित्य एवम् धर्मसँग सम्बन्धित विषयसन्दर्भबारे विश्लेषण गर्नु ।

ग) नेपाली लघुकथामा आर्थिक, प्रशासनिक एवम् शैक्षिक क्षेत्रका सांस्कृतिक मूल्यको निरूपण गर्नु ।

### ४. अध्ययनविधि

यस शोधलेखमा नेपाली लघुकथामा अभिव्यक्त संस्कृतिलाई प्रमुख आधार मानिएको छ । त्यस क्रममा नेपाली लघुकथाभित्र संस्कृतिसँग अन्तरसम्बन्धित भएर आएका राजनीति, समाज, कलासाहित्य, धार्मिक, आर्थिक, शैक्षिक र प्रशासनिक आदि क्षेत्रबारे विश्लेषण गरिएको छ । त्यसका लागि आवश्यक सामग्रीहरू पुस्तकालयबाट ग्रहण गरिएको छ भने तिनमा प्राप्त सांस्कृतिक पक्षसँग सम्बन्धित सैद्धान्तिक आधारहरूलाई विश्लेषणका लागि उपयोग गरिएको छ। यसरी अध्ययन विधिका सन्दर्भमा पुस्तकालयबाट प्राप्त सामग्रीहरूकै आधारमा वर्णनात्मक, विवरणात्मक, विश्लेषणात्मक विधिहरूको उपयोग गरिएको छ ।

### ५. सांस्कृतिक चेतनाको परिचय सन्दर्भ

परम्परागत रूपमा संस्कृतिलाई भौतिक वस्तु, शारीरिक क्रियाकलाप, आङ्गिक क्रियाकलाप र चालचलनको रूपमा बुझ्ने गरिएको पाइन्छ । यसले संस्कृतिको समग्र प्रतिनिधित्व गर्दैन । यो संस्कृतिको एक पक्ष मात्र हो । यसले संस्कृतिको समग्रताभन्दा पनि परम्परागत चेतना एवम् मूल्यको प्रतिनिधित्व गर्दछ । संस्कृतिले समग्र मानवीय व्यवहारको प्रतिनिधित्व गर्दछ । व्यवहार, संस्कार, रीतिरिवाज, फेसन, घर, भाँडाकुँडा आदि संस्कृतिभित्र आए पनि यो व्यष्टि रूप हो । वर्तमानमा पनि हाम्रो समाजमा संस्कृतिलाई एक सीमाभित्र कैद गर्ने र त्यसभन्दा बाहिर गएर अध्ययन-अनुसन्धान गर्न डराउने प्रवृत्ति विद्यमान रहेको छ । समाजका रूढ परम्परालाई आत्मसात् गर्ने र नवीन मूल्यको पक्षमा आवाज उठाउन डराउने प्रवृत्ति यथास्थितिवादी चिन्तनगत प्रवृत्ति हो । यस प्रवृत्तिले समाजमा जे चलिरहेको छ र जे भइरहेको छ, त्यसैलाई आत्मसात् गर्ने र सोअनुसार जीवनगत्को मूल्य निर्धारण गर्ने गर्दछ । आफ्नो व्यक्तिगत सुरक्षालाई प्रधानता दिने र समाजमा "हस् हजुर" प्रवृत्तिलाई बढावा दिने प्रवृत्तिले सांस्कृतिक रूपान्तरण हुँदैन । सांस्कृतिक चेतनाले मानवको स्वभाव, चिन्तन र क्रियाकलापको समग्रताको प्रतिनिधित्व गर्दछ । समाजमा उत्पादन सम्बन्धमा परिवर्तन आउनेबित्तिकै सांस्कृतिक मूल्यमा परिवर्तन हुँदै जान्छ । एक अवस्थाको उत्पादन सम्बन्ध सधैँ एकनास नहुने भएकाले संस्कृतिका रूपमा निरन्तर परिवर्तन भइरहन्छ । यसो भएको हुनाले यो युगचेतनागत सन्दर्भका दृष्टिले महत्त्वपूर्ण रहेको हुन्छ ।

संस्कृतिको रूप प्राकृतिक हुँदैन र यो रूढ पनि हुँदैन । यो मानवनिर्मित हुन्छ । मानवले इतिहासका विभिन्न कालक्रममा प्रकृतिसँगको सङ्घर्षबाट आफ्नो अस्तित्वको निर्माण गर्नाका साथै नवीन चेतना ग्रहण गर्दछ । एक अवस्थाको सांस्कृतिक मूल्यले अर्को अवस्थाको सांस्कृतिक मूल्यसँग सामञ्जस्य कायम गर्न सक्दैन । मानव मस्तिष्कले हरेक समयक्रममा नयाँनयाँ ज्ञानविज्ञानका क्षेत्रमा अनेकन आविष्कार गर्नाका साथै आफ्नो जीवनलाई समृद्ध बनाउने गर्दछ । मानिसले सङ्घर्षका बीचमा अनुभव र ज्ञानका रूपमा जे कुरा प्राप्त गर्‍यो, तिनै कुराबाट संस्कृति निर्माण हुन्छ । दर्शन, राजनीति, नैतिकता, धर्म, शिक्षा, कला, कानुन, सौन्दर्यबोध, बोली र भाषालगायतका वैचारिक पक्ष आत्मिक संस्कृतिभित्र पर्दछन् । यसको अलग्गै सिद्धान्त र क्षेत्र नभए पनि उदारतापूर्वक वाङ्मयका अन्य सिद्धान्तको आफूलाई आवश्यक पर्ने सिद्धान्तलाई आफ्नो बनाएर संस्कृतिको अध्ययन गर्दछ । यो बहुविषयक अध्ययन भएकाले यसले अन्य सिद्धान्तलाई आफ्नो बनाएर कार्य गर्दछ । सांस्कृतिक अध्ययनले सांस्कृतिक व्यवहारहरू र शक्तिसँग त्यसको सम्बन्धलाई हेर्ने काम गर्छ र त्यसलाई आफ्नो विषय बनाउँछ । संस्कृतिलाई परिभाषित गर्ने एवम् संस्कृतिको प्रतिनिधित्व गर्ने चेतना नै सांस्कृतिक चेतना हो ।

## ६. नेपाली लघुकथामा सांस्कृतिक चेतना

नेपाली लघुकथामा सांस्कृतिक चेतनाको अभिव्यक्ति विभिन्न कालखण्डमा हुँदै आएको छ । नेपाली लघुकथाको सचेत लेखन वि.सं. २००७ सालमा पूर्णप्रसाद ब्राह्मणको *झिल्का* लघुकथा कृतिबाट भएसँगै नेपाली लघुकथामा सांस्कृतिक चेतनाको प्रभाव पर्दै आएको हो । नेपाली लघुकथामा नेपाली समाजको विभिन्न कालखण्डमा प्रस्तुत भएको जीवन र सांस्कृतिक चेतनाको प्रभाव विभिन्न किसिमले हुँदै आएको छ । नेपाली लघुकथा लेखनको करिब छ दशकमा अभिव्यक्त भएको सांस्कृतिक मूल्य निरन्तर परिवर्तित युगीन चेतनाको प्रभावबाट अनुप्राणित छ । युगजीवनका जटिलतम पक्षको उद्घाटनका साथै नवीन सांस्कृतिक मूल्यका दृष्टिले नेपाली लघुकथा रचना अध्ययनयोग्य मानिन्छन् । सात साल वरिपरिको नेपाली समाजको सांस्कृतिक चेतनाको अभिव्यक्ति पूर्णप्रसाद ब्राह्मणका रचनामा पाइन्छ भने सत्र सालपछिको नेपाली समाजको सांस्कृतिक चेतनाको अभिव्यक्ति ध्रुव मधिकर्मी, रत्न कोजू, श्रीरामकुमार श्रेष्ठ, शशिकला शर्मा, अनिता तुलाधर, जगमोहन शाक्य, दुर्लभलाल सिंह, जगदीश नेपालीका रचनामा व्यक्त भएको छ । यी रचनामा एकातिर अस्तित्ववादी चेतना अभिव्यक्त भएको छ भने अर्कोतिर सामाजिक सुधारको चेतना अभिव्यक्त भएको छ । यी फरक खाले चेतनाले नेपाली समाजमा देखापरेका भिन्न-भिन्न सांस्कृतिक मूल्यको प्रतिनिधित्व गर्दछ । यसै कालावधिमा सामाजिक परिवर्तनको चेतनागत संस्कृतिले पनि आकार ग्रहण गरिसकेको छ । छयालीस सालको आन्दोलनपछिको नेपाली लघुकथामा तत्कालीन समाजमा देखिएको राजनीतिक-सामाजिक एवम् सांस्कृतिक मूल्यमा देखिएको जीवनको प्रस्तुति पाइन्थ्यो भने पछिल्ला लघुकथा रचनामा पनि परिवर्तित जीवन संस्कृतिको प्रभाव पर्दै आएको छ । यहाँ नेपाली लघुकथामा सांस्कृतिक चेतनासँग जोडेर राजनीति, समाज, धर्म, साहित्य, अर्थव्यवस्था, शिक्षा, प्रशासनलगायतका विषयहरूको अध्ययन गरिएको छ :

### क) राजनीति

नेपाली लघुकथामा राजनीतिक संस्कृतिको गहिरो प्रभाव रहेको छ । नेपाली समाजमा राजनीतिले गहिरो जरा गाडेको र सामान्य मानिस पनि राजनीतिमा संलग्न हुने गरेकाले त्यस्तो प्रकृतिको राजनीतिक विचारबाट नेपाली लघुकथा निकै प्रभावित रहेको छ । त्यसैले, राजनीतिक संस्कृतिसँग सम्बन्धित विभिन्न लघुकथाहरू प्रकाशनमा आएका छन् । यी रचनामा नेपाली राजनीतिमा रहेको मूल्यहीनता, राजनीतिक अव्यवस्था, सशस्त्र द्वन्द्व, परिवर्तनमुखी चेतनासँग सम्बन्धित विषय सन्दर्भहरूको प्रस्तुति पाइन्छ । अझ पछिल्ला समयका रचनामा बढी नै देखा पर्दछ । नेपाली समाजमा राजनीतिलाई अति महत्त्व दिने र समाजका हरेक तहका व्यक्तिले राजनीतिक चेतनाको अभिव्यक्ति विभिन्न किसिमले प्रकट गर्दै आएको सन्दर्भमा नेपाली लघुकथा लेखक पनि यसबाट अछुतो रहने कुरै भएन । त्यसैले, राजनीतिक विषयसन्दर्भको प्रस्तुति पनि पछिल्ला समयका लघुकथाहरूमा बढी नै पाइन्छ । यिनमा नेपाली समाजमा राजनीतिक विकास सही किसिमले हुन नसकेका कारण राष्ट्र एवम् जनताले दुःख पाएको अवस्थालाई समेत प्रस्तुत गरिएको छ । यस खाले लघुकथाहरूमा विकृति-विसङ्गतिजन्य परिवेशको प्रस्तुतिका साथै असल संस्कृति निर्माणको चाहना राखिएको पाइन्छ ।

नेपाली समाजमा विद्यमान नैतिक आर्दशको अभावजन्य घटनाको प्रस्तुति कपिल लामिछानेको *गरिबी उन्मूलन,* गोरखबहादुर सिंहको *मयुरपङ्खी कलम*, कृष्ण बजगाईंको *मन्त्रीको जुत्ता,* हरिहर खनालको *ओत,* महेश प्रसाईको *प्रजातन्त्र* आदि लघुकथाहरूमा गरिएको पाइन्छ । यी रचनामा नेपाली समाजमा राजनैतिक आर्दशको खोजी व्यक्त गरिएको छ । साथै, राजनीतिक नेतृत्व वर्गले आफ्नो पदको दुरूपयोग गरेको, नैतिक

मूल्यको उपेक्षा गरेको, जनताको हितभन्दा व्यक्तिगत हितलाई प्राथमिकता दिएको आदि घटनासन्दर्भहरूको प्रस्तुति पाइन्छ । नेपाली समाजमा राजनीति नै जीवनको एउटा संस्कृति बनिसकेको सन्दर्भमा राजनीतिका रौंचिरा अध्ययनका माध्यमबाट लेखनमा पनि एक नवीन संस्कृति भित्रिएको छ। नेपाली लघुकथाको मूल चरित्र भनेको राजनीतिक विकृतिको उत्खनन एवम् व्यङ्ग्य चेतनाका माध्यमबाट जनमुखी राजनीतिक संस्कृतिको अपेक्षा हो । नेपाली लघुकथामा राजनैतिक क्षेत्रमा वैचारिक प्रतिबद्धताको अभावका घटनालाई हरिगोविन्द लुइटेलको *हवस् त लालसलाम,* सुमन सौरभको *मातृभूमि,* रवीन्द्र समीरको *बलिको बोको,* विनयकुमार कसजूको *हलीको फोटो* आदि लघुकथाहरूमा प्रस्तुत गरिएको पाइन्छ। त्यस्तै राजनैतिक नेताले पदीय मर्यादा राख्न नसकेको घटनालाई मुक्तिनाथ घिमिरेको *राजनैतिक प्राणी,* गोरखबहादुर सिंहको *अमृत मन्त्रीका भाञ्जा पर्दैनन्,* कुसुम ज्ञवालीको *माग,* नारायण मरासिनीको *पार्टी प्रवेश* लघुकथाले समेटेका छन् । नेपाली लघुकथा रचनामा राजनीतिक मूल्यको गिरावट, भाइभतिजावाद, व्यक्तिगत स्वार्थमा प्रधानता, सामूहिक प्रतिबद्धताको अभावका कारण गलत मानिस राजनीतिमा हावी हुने र तिनले प्रतिभाको अवमूल्यन गर्ने र समाजलाई विशृङ्खलित गर्ने गरेको सन्दर्भमा वैचारिक प्रतिबद्धताको चाहना बोकेको जनमुखी सांस्कृतिक मूल्यको खोजी गरिएको छ । यसै सन्दर्भमा राजनीतिक नेता, कार्यकर्ताले वैचारिक प्रतिबद्धता गुमाउँदै गएको, आफ्नो पदीय मर्यादालाई कायम राख्न नसकेका कारण समाजमा अराजकता सिर्जना भएको यथार्थबोधका साथै स्वच्छ राजनीतिक संस्कृतिको अपेक्षा गरिएको छ ।

नेपाली लघुकथामा राजनैतिक नेतृत्वको आश्वासनमुखी-अवसरवादी चरित्रको उद्घाटनसँग सम्बन्धित सुमनराज ताम्राकारको *जहाजको मूसा अर्थात् नेताज्यू,* मणिकुमार पोखेलको *छेपारो,* विमला अधिकारीको *आडम्बर,* गोविन्द भट्टराई *अछुतहरूको बस्ती,* कैलाशकुमार शिवाकोटीको *क्रान्तिकारी र प्रतिगामी-एक* आदि प्रकाशित छन् । यी रचनामा राजनीतिक नेता-कार्यकर्ताले जनतालाई मुर्ख ठानेर आफ्नो राजनीतिक लाभका लागि आश्वासन बाँडने गरेको सन्दर्भको प्रस्तुतिका माध्यमबाट अवसरवादी क्रियाकलापप्रति असहमतिको भावका साथै स्वच्छ राजनीतिक संस्कृतिको अपेक्षा राखिएको छ । यस्तै विदेशीको हेपाहा प्रवृत्ति एवम् असमान व्यवहारले राजनैतिक एवम् सामाजिक जीवनलाई प्रभावित तुल्याएको सन्दर्भलाई उल्लेख गर्दै उक्त क्रियाकलापप्रतिको असहमति एवम् विरोधको चेतना व्यक्त भएका लघुकथा लेखिएका छन् । त्यस्ता लघुकथाहरूमा कृष्ण शाह यात्रीको *जङ्गे पिलर,* रामचन्द्र नेपालको *उनीहरू कति वर आए ?,* आर.आर.चौलागाईको *निहुरिएका टाउकाहरू,* भीम राना 'जिज्ञासु'को *चश्मा* आदि उल्लेखनीय रहेका रहेका छन् । यिनले नेपाली समाजमा रहेको राष्ट्रवादी संस्कृतिको समेत प्रतिनिधित्व गरेका छन् ।

नेपाली लघुकथा रचनामा द्वन्द्वबाट आक्रान्त मानसिकता, पीडाबोध र असुरक्षाका घटनालाई पनि प्रस्तुत गरिएको पाइन्छ । त्यस्ता रचनाहरूमा भीम राना 'जिज्ञासु'को *कर्फ्यू लागेको दिन,* प्रयास सौरभ श्रेष्ठको *खण्डहर सपनाहरू,* हरिप्रसाद भण्डारीको *सत्ताको एजेण्ट,* प्रदीप प्रधानको *हारजित,* बद्री पलिखेको *कर्फ्यू* आदि रहेका छन् । त्यस्तै अग्रगमनको अपेक्षा एवम् परिवर्तनमुखी चेतनासँग सम्बन्धित रचनाहरूमा कपिल लामिछानेको *कहीँ नभएको जात्रा,* कृष्ण बजगाईँको *सञ्चालन,* शेखरकुमार श्रेष्ठको *ऊ अझै आएको छैन,* अगीब बनेपालीको *छेर भालु छेर* रहेका छन् । यी रचनामा विगत द्वन्द्वकालका घटनाको प्रस्तुतिका क्रममा समाजमा अमनचैनको खोजी एवम् मानव अस्तित्वको खोजी गरिएको छ र नेपाली जनमानसमा रहेको जीवनबोधी सांस्कृतिक चाहनाको बोध गरिएको छ । साथै विकृतिजन्य संस्कृतिप्रति फरक चेतनासहित सुसांस्कृतिक चेतनाको चाहना व्यक्त गरिएको छ । त्यस्तै यिनमा राजनैतिक विकासका विभिन्न घटना-

परिघटनालाई हेर्ने सुस्पष्ट दृष्टिकोणका र सामाजिक परिवर्तनको चाहना अथवा अग्रगमनको चेतना पनि व्यक्त गरिएको छ ।

**ख) समाज**

नेपाली लघुकथामा नेपाली समाजका विभिन्न पक्षसँग सम्बन्धित सांस्कृतिक चेतनाको अभिव्यक्ति पाइन्छ । सामाजिक विकृतिप्रति असहमतिको भावका साथै सुसंस्कृत नेपाली समाजको चाहना व्यक्त भएको पाइन्छ । समाजलाई प्रस्तुत गर्ने क्रममा नेपाली समाजमा रहेको विभेद एवम् शोषणको संस्कृतिलाई प्रस्तुत गरिएको छ । सामाजिक विसङ्गति, पारिवारिक विभेदजस्ता विषयलाई अध्ययनको विषयसमेत बनाइएको छ। नेपाली समाजमा रहेको परम्परागत सांस्कृतिक मूल्यसहित नवीनतम मूल्यको खोजी गरिएको छ । यसै सन्दर्भमा नेपाली समाजमा रहेको उमेरगत, आर्थिक, जातीय, भेगीय तथा लैङ्गिक विभेदले नेपाली समाजको विकासको गतिलाई अवरुद्ध पारेको छ । यी विभेद परम्परागत नेपाली जीवनमूल्यको प्रतीकका रूपमा रहेका छन् । यसले नेपाली समाजमा सामाजिक रूढिवादी सांस्कृतिक चेतनाको चिनारी दिन्छ । वस्तुतः नेपाली लघुकथाहरू परम्परागत सांस्कृतिक चेतप्रतिको विच्छेदनमुखी संस्कृतिको प्रतिनिधित्वका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । यिनमा समतामुखी नेपाली राष्ट्रिय संस्कृतिको चाहना-बोधसमेत रहेको छ । यसै क्रममा नेपाली समाजमा रहेको जातीय विभेदका घटनालाई अच्युत घिमिरेको *छुवाछुत,* सन्तोष श्रेष्ठको *पश्चात्ताप,* टङ्कराम सुनुवारको *छुई,* धनुषराज राई 'राशि'को *कुमान्छे* एवम् भूपेन्द्र सुवेदीको *प्रतिफल* लघुकथामा व्यक्त गरिएको छ । लैङ्गिक विभेदका घटनासँग सम्बन्धित लघुकथामा प्रयास सौरभ श्रेष्ठको *बोक्सी,* यमनदेव उत्प्रेरकको *आधुनिक पिता,* श्रीबाबु कार्की 'उदास'को *वेश्याकी छोरी,* देवेन्द्र अर्यालको *निरर्थक बहस,* नवराज रिजालको *यथास्थिति* आदि रहेका छन् । त्यसैगरी आर्थिक विभेदसँग सम्बन्धित घटनामा आधारित लघुकथाहरूमा सनत रेग्मीको *विडम्बना,* माधव लामिछानेको *श्रमको मूल्य,* भागीरथी श्रेष्ठको *विवेकहीन,* इन्द्रकुमार विकल्पको *इज्जत* र साथीको *व्यवहार* रहेका छन् । उमेरगत विभेदसँग सम्बन्धित विषयलाई समेत समेटिएका लघुकथाहरूमा कुसुम ज्ञवालीको *आधिकारिक तथ्याङ्क*, प्रदीप प्रधानको *धर्म*, बुद्धिनाथ ज्ञवालीको *बाबुलाई पिण्ड*, सिन्धु गौतमको *कथनी र करनी* र गोरखबहादुर सिंहको *साहुजीको चारा* आदि रहेका छन् ।

नेपाली लघुकथामा परम्परागत चिन्तन एवम् अन्धविश्वासप्रति असहमतिभावका साथै नवीन सांस्कृतिक मूल्यको खोजी गरिएको छ । त्यस्ता रुढिवाद एवम् अन्धविश्वासप्रति विमति राखिएका एवम् सांस्कृतिक चेतनालाई व्यक्त गर्ने लघुकथाहरूमा रवीन्द्र समीरको *झाँक्री साइँला,* रामबहादुर बानियाँ क्षेत्रीको *साइत,* विमला अधिकारीको पश्चात्ताप, भीम राना 'जिज्ञासु'को *मिथ्या*, मित्र आभाषको *पितृसत्ता र अन्धविश्वास* आदि पर्दछन् । यसरी नै नेपाली समाजमा रहेको अनैतिक क्रियाकलाप, आडम्बरमुखी जीवनसंस्कृति, देखावटीपनप्रतिको लिप्साजन्य सन्दर्भ एवम् शक्तिपूजक संस्कृतिलाई साधना प्रतीक्षाको *श्राद्ध,* कृष्ण बजगाइँको *पीडा,* माधव लामिछानेको दिनचर्या, हरिप्रसाद भण्डारीको *राम्री हुने रहर,* गोपाल ढकालको *मूल्य,* दिलीप शाहको *पूर्वाभ्यास,* सुमन सौरभको *भित्री मान्छे* आदि रचनाहरूले प्रस्तुत गरेका छन् । यी कथाहरूमा नेपाली समाजमा रहेको अनैतिकता, आडम्बर, देवावटीपन एवम् शक्तिपूजासँग सम्बन्धित तथ्याङ्कहरूलाई प्रस्तुत गर्दै त्यस खाले प्रवृत्ति विरोधी नवीन जीवनमूल्य एवम् संस्कृतिको खोजी गरिएको छ । यी रचनामा नेपाली समाजको सांस्कृतिक चेतना अत्यन्त पछाडि परेको, समाजमा विभेदजन्य क्रियाकलाप कायम रहेको र वृिकतिजन्य गतिविधि रहेकोमा चिन्ता व्यक्त गरिएको छ । साथै, नेपाली समाजमा संस्कार एवम् संस्कृतिमा

परिवर्तन नभएसम्म सामाजिक विकास सम्भव नभएको चेतना व्यक्त गरिएको छ । समाजमा सुसंस्कृतिको स्थापनाका साथै सामाजिक रूपान्तरणसहित अग्रगामी चेतनाको स्वरलाई उक्त लघुकथाहरूले सशक्त रूपमा व्यक्त गरेका छन् ।

**ग) धार्मिक क्षेत्र**

सांस्कृतिक चेतनालाई प्रस्तुत गर्ने एक प्रमुख आधार धर्म पनि हो । मानिसका धार्मिक क्रियाकलापले उसको सांस्कृतिक चिन्तन एवम् व्यवहारको प्रतिनिधित्व गर्दछ। नेपाली लघुकथामा धार्मिक क्षेत्रसँग सम्बन्धित व्यक्ति एवम् संस्थाका क्रियाकलापलाई विषय सन्दर्भ बनाइएको पाइन्छ। मानिसका धार्मिक क्रियाकलापलमा देखिएको दोहरोपनालाई प्रस्तुत गरिएका रचनामा श्रीओम श्रेष्ठ रोदनको *चेतना,* अच्युत घिमिरेको *धर्म प्रयास* सौरभ श्रेष्ठको *अन्तर धर्म,* सिन्धु गौतमको *धर्म,* गोरखबहादुर सिंहको *धर्म निर्वाह* रहेका छन्। धार्मिक संस्था एवम् पुरोहितका नाममा देखिएका गलत चिन्तन एवम् क्रियाकलाप विरोधी चेतनालाई रवीन्द्र समीरको *बयान,* लुमडी आचार्यको *पूजा स्थगित,* गोपाल ढकालको *संरक्षण,* डम्बर रसिक भारतीको *दानवीर,* भूपेन्द्र सुवेदीको *महात्माको करामत,* विनयकुमार कसजूको *अनर्थ* लघुकथामा व्यक्त गरिएको पाइन्छ। यसै सन्दर्भमा धर्मका नाममा भएका मानवविरोधी क्रियाकलापसँग सम्बन्धित तथ्याङ्कका रूपमा विश्वराज अधिकारीको *सूर्य,* अगीब बनेपालीको *हतियार,* शशिकला शर्माको *जप,* नारायण तिवारीको *बाबाको आशीर्वाद*जस्ता लघुकथाहरू उल्लेखनीय रहेका छन् ।

नेपाली समाजमा धर्मलाई आड बनाएर व्यक्तिगत आर्थिक लाभ प्राप्त गर्ने, समाजमा अन्धविश्वास फैलाउने, सुखसुविधा प्राप्त गर्ने, मानिसको भावनाको शोषण गर्ने लगायतका अनेकन कुकृत्यसमेत हुँदै आएको सन्दर्भमा गलत कार्यप्रतिको विरोध, जनतामा जागरुकताको खोजीका साथै अन्धविश्वास एवम् कुकृत्य विरोधी नवीन संस्कृतिको खोजी गरिएको पाइन्छ। वास्तवमा नेपाली लघुकथामा अभिव्यक्त स्वर भनेको धर्मका आडमा गरिने कुसंस्कृति विरोधी सांस्कृतिक चेतनाको प्रस्तुति पनि हो । यी रचनामा धर्म मानव जीवनको कल्याणका लागि हुनुपर्छ र मानव जातिमा सेवाको भाव व्यक्त हुनुपर्छ भन्ने सांस्कृतिक चेतना अभिव्यञ्जित भएको छ । नेपाली लघुकथामा धार्मिक रुढिवाद र परम्परागत अमानवीय मान्यताप्रतिको आलोचनात्मक चेतनाको अभिव्यक्त भएको पाइन्छ ।

**घ) कला–साहित्य**

कला-साहित्य सांस्कृतिक चेतनाका प्रमुख पक्ष हुन् । मानवले आदिकालदेखि पाएको ज्ञान एवम् अनुभवको प्रस्तुति कला-साहित्यका माध्यमबाट व्यक्त गर्दछ । कला-साहित्यले मानव इतिहासमा प्राप्त ज्ञानको अभिलेखीकरणका साथै ज्ञानको पुनः परिमार्जन एवम् नवीन मूल्यको खोजीसमेत गर्दछ । नेपाली लघुकथामा सांस्कृतिक चेतनाको अभिव्यक्ति कला-साहित्यका माध्यमबाट प्रभावकारी किसिमले भएको पाइन्छ । त्यसरी नेपालको कलाकारिता एवम् गीत-सङ्गीत क्षेत्रसँग सम्बन्धित विषय सन्दर्भ र त्यस क्षेत्रका विकृत परिवेशको प्रस्तुति गरिएका रचनामा कृष्ण शाह यात्रीको *शैली,* सरस्वती रिजालको *उडायो सपना सबै हुरीले,* एल.बी. क्षेत्रीको *अभिनयको अन्त्य,* सुमनराज ताम्राकारको *क्षमा प्रार्थी,* भीम राना 'जिज्ञासु'को *संस्कार,* दुर्लभलाल सिंहको *ढोकापाले* रहेका छन् । त्यस्तै मानिसका चिन्तन एवम् जीवनशैलीमा देखिएको असमान्य अवस्थाको अभिव्यक्तिसँग सम्बन्धित रचनामा सिन्धु गौतमको *प्रभाव,* नवराज रिजालको *मूल्याङ्कन,* मुक्तिनाथ घिमिरेको *बुढो माझी,* श्रीओम श्रेष्ठ रोदनको *संस्कृति र संरक्षण,* रवीन्द्र समीरको *संस्कृति*

*संरक्षण* प्रमुख हुन् । साहित्य क्षेत्रसँग सम्बन्धित लेखक-समालोचकका अवाञ्छित क्रियाकलापसँग सम्बन्धित रचनामा रामविक्रम थापाको *चामत्कारिक कवि,* कपिल लामिछानेको *गाँठी कुरा,* हरिप्रसाद भण्डारीको *नाम कमाउने रहर,* आर.आर. चौलागाईंको *कविगोष्ठी,* कृष्ण बजगाईंको *विमोचन* एवम् विनयकुमार कसजूको *घरायसी साहित्य* रहेका छन् । त्यस्तै साहित्यिक संस्था एवम् साहित्यिक पत्रिकाका गलत क्रियाकलापको प्रस्तुतिसँग सम्बन्धित रचनामा जगदीश नेपालीको *गोष्ठी,* अगीब बनेपालीको *पुरस्कार,* कृष्ण शाह यात्रीको *योग्यता,* रवीन्द्र समीरको *पुरस्कार,* अच्युत घिमिरेको *दृष्टिकोण* एवम् विनयकुमार कसजूको *कविता मीठो कि डिनर ?* प्रमुख छन् ।

नेपाली लघुकथामा सांस्कृतिक चेतनासँग सम्बन्धित चेतनामा कला-साहित्य सम्बद्ध चेतना पनि प्रमुख हो । यिनमा कला-साहित्य क्षेत्रमा रहेका अपसंस्कृति र सोसँग सम्बन्धित चेतनालाई प्रस्तुत गरिएको हुन्छ । साथै, कला-साहित्यका क्षेत्रमा रहेका विकृत परिवेशको चित्रणसहित त्यहाँ सुसंस्कृतिको स्थापना हुनुपर्ने चिन्तनलाई प्राथमिकता दिइएको हुन्छ । कला-साहित्य सिर्जनामा समाजका बौद्धिक जनशक्तिको श्रम र पसिना लागेको हुन्छ र उनीहरू सामाजिक परिवर्तन एवम् रूपान्तरणका लागि जनता जगाउनेजस्तो महत्त्वपूर्ण कार्यमा जुटेका हुन्छन् । त्यसैले, यस क्षेत्रमा लागेका व्यक्ति विसङ्गत जीवन चरित्र बोक्ने भएमा समाजमा गलत सन्देश प्रवाह हुनाका साथै कुसंस्कृतिको निर्माण हुने खतरा बढ्ने देखिन्छ । त्यसकारण पनि उक्त किसिमको प्रवृत्तिप्रतिको आलोचनात्मक चेतनाका साथै नवीन सांस्कृतिक मूल्यको खोजीलाई नेपाली लघुकथाहरूले प्राथमिकता दिँदै आएका छन् ।

**ङ) आर्थिक क्षेत्र**

आर्थिक क्षेत्रका गतिविधि एवम् क्रियाकलापले सांस्कृतिक चेतनाको प्रतिनिधित्व गर्दछ । आर्थिक विकाससँग सामाजिक विकास जोडिने भएकाले यसको अत्यन्त महत्त्व हुने भए तापनि आर्थिक क्रियाकलापका नाममा हुने गरेका गलत चिन्तन एवम् क्रियाकलापले भ्रष्ट संस्कृति र सो संस्कृतिसँग सम्बन्धित चेतनालाई प्रस्तुत गर्दछ ।

नेपाली लघुकथामा उद्योग-व्यापार क्षेत्रका विकृत आर्थिक गतिविधिसँग सम्बन्धित रचनामा किशन थापा 'अधीर'को *अन्तर्वार्ता,* कल्यान पन्तको *व्यापार,* विनयकुमार कसजूको *बिजोडा जुत्ता,* हरिगोविन्द लुइँटेलको *बन्द आँखा*लाई साक्ष्यका रूपमा प्रस्तुत गर्न सकिन्छ । त्यस्तै राजनीतिक-प्रशासनिक क्षेत्रका आर्थिक गतिविधिसँग सम्बन्धित तथ्याङ्कमा डम्बर रसिक भारतीको *नियमितता/अनियमितता,* गोरखबहादुर सिंहको *रमाना,* सुमनराज ताम्राकारको *उत्कृष्ट ठेकेदार,* विजय सागरको *साना उद्योग* एवम् दिलीप शाहको *पत्रंपुष्पम्* लघुकथा रहेका छन् । नेपाली लघुकथामा पारिवारिक एवम् सामाजिक क्षेत्रका आर्थिक संस्कृतिको प्रस्तुतिसँग सम्बन्धित रचनामा नारायण तिवारीको *जयजयकार,* सरस्वती रिजालको *नारी प्रतिबिम्ब-चार,* किशन थापा 'अधीर'को *जागरण,* आर.आर. चौलागाईंको *निर्धक्क* एवम् नवराज रिजालको *उनीहरू* रहेका छन् । यसै सन्दर्भमा गैरसरकारी क्षेत्र र सो क्षेत्रसँग सम्बन्धित व्यक्तिका क्रियाकलापलाई विषय बनाइएका लघुकथा रचनामा कल्यान पन्तको *बेवारिसे,* भीम राना 'जिज्ञासु'को *दुःखको पहाड,* रवीन्द्र समीरको *प्राविधिक तालिम,* कपिल लामिछानेको *उहिले बाजेका पालामा* आदि पर्दछन् ।

नेपाली लघुकथामा आर्थिक संस्कृतिको प्रस्तुतिका साथै सो आर्थिक संस्कृतिको नाममा हुने गरेका अवाञ्छित क्रियाकलापलाई व्यक्त गरिएको पाइन्छ । आर्थिक पक्षले मानव जीवनलाई सबैभन्दा पहिले प्रभाव पार्ने भएकाले पारदर्शिताको खोजी हुँदै आएको छ । समाज एवम् राष्ट्रमा आर्थिक विचलनले व्यक्ति

एवम् समाजको नैतिक एवम् सांस्कृतिक विचलन भित्र्याउने भएकाले यी रचनामा भ्रष्ट चिन्तन एवम् क्रियाकलापको प्रस्तुतिका साथै भ्रष्टाचार विरोधी संस्कृति निर्माणको चाहना अभिव्यक्त भएको पाइन्छ । यी रचनाको मूल स्वर नेपाली समाजका विभिन्न क्षेत्रमा आर्थिक पारदर्शिताको संस्कृतिक खोजका साथै सुशासनको चाहनासमेत हो ।

**च) शैक्षिक क्षेत्र**

शिक्षाले मानव जीवनलाई परिस्कृत एवम् सुसंस्कृत बनाउँछ । मानव सभ्यताको निर्माणमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ । नेपाली लघुकथामा शिक्षा क्षेत्रसँग सम्बन्धित संस्कृति र सो संस्कृतिका विभिन्न पक्षको अध्ययन गरिएको पाइन्छ । त्यस क्रममा शिक्षा क्षेत्रमा देखापरेका अपसंस्कृतिको प्रस्तुति, अपसंस्कृतिप्रतिको असहमतिका साथै नवीन मूल्य, मान्यता एवम् सांस्कृतिक चेतनाको उद्बोधन गरिएको पाइन्छ । त्यसरी अभिभावक एवम् विद्यार्थीवर्गका क्रियाकलापका कारण सिङ्गो शैक्षिक क्षेत्रमा परेको प्रभावलाई कपिल लामिछानेको *अभिभावक-२,* रामविक्रम थापाको *मान-मर्दन,* आर.आर. चौलागाईको *शिष्टाचार,* डम्बर रसिक भारतीको *अभिनयहरू*लगायतका लघुकथाहरूले व्यक्त गरेका छन् । त्यस्तै शिक्षकवर्गका अनुभूतिका साथै उनीहरूले गरेका गतिविधिलाई प्रस्तुत गरिएका रचनामा मुक्तिनाथ घिमिरेको *तपाँई,* श्रीओम श्रेष्ठ 'रोदन'को *विडम्बना,* हरिप्रसाद भण्डारीको *गाइड मास्टर,* सन्तोष श्रेष्ठको *अपराधी शिक्षक,* विमला अधिकारीको *आदर्श,* दिलीप शाहको *संस्कार* रहेका छन् । नेपाली लघुकथामा शिक्षण संस्थाका क्रियाकलापसँग सम्बन्धित रचनाहरूमा कपिल लामिछानेको *कलेज र माग, कुम्भकर्णको अभिनय,* तथा नारायण तिवारीको *जसका हात जुँगा मुसार्नमा उद्यत थियो* उल्लेखनीय छन् ।

नेपाली लघुकथामा शैक्षिक संस्कृतिसँग सम्बन्धित रचनाको प्रस्तुतिका क्रममा अभिभावक एवम् विद्यार्थीवर्गका अवाञ्छित क्रियाकलाप, शिक्षकवर्गका गैरजिम्मेवारीपन, पेसागत असुरक्षाजस्ता घटनालाई विषय सन्दर्भ बनाइएको देखिन्छ । शैक्षिक संस्थामा रहेका राजनीतिका आडमा गरिने अराजकताका घटनाका साथै निजी शैक्षिक संस्थाका आर्थिक क्रियाकलापलाई समेत विषय बनाइएको पाइन्छ । साथै, शैक्षिक क्षेत्रमा मौलाएको विकृत संस्कृतिलाई प्रस्तुत गर्नुका साथै सुसंस्कृत शैक्षिक वातावरण एवम् असल संस्कृतिको अपेक्षा गरिएको पाइन्छ ।

**छ) प्रशासनिक क्षेत्र**

प्रशासन राज्य सञ्चालनको प्रमुख आधारमध्ये एक हो । प्रशासनिक क्षेत्रका गतिविधिको प्रभाव राष्ट्रमा पर्ने भएकोले यसको उपादेयता एवम् आवश्यकता बोध गरिएको पाइन्छ । नेपालको प्रशासनिक क्षेत्रमा मौलाएको चाकरीजन्य गतिविधि, ढिलासुस्ती, भ्रष्टाचार, अनैतिकता, तल्ला तहका कर्मचारीमाथि गरिने दमनजन्य गतिविधिका कारण यस क्षेत्रले सही गति लिन सकेको छैन । नेपाली लघुकथामा प्रशासनिक क्षेत्रमा रहेको अपसंस्कृति विरोधी चेतनाको स्वर प्रखरताका साथ अभिव्यक्त हुँदै आएको छ । यिनमा नेपालको प्रशासनमा पारदर्शिता, जनउत्तरदायिता साथै राष्ट्रप्रति इमानदारीपूर्ण असल संस्कृतिको विकास हुनुपर्ने चेतना सशक्त किसिमले व्यक्त भएको पाइन्छ ।

प्रशासनिक क्षेत्रमा रहेका चाकरी एवम् ढिलासुस्तीजन्य गतिविधिलाई कृष्ण बजगाईंको *लिफ्ट,* गोरखबहादुर सिंहको *सर्वसम्मत सरुवा,* हरिप्रसाद भण्डारीको *शुक्रवार,* जगदीश नेपालीको *नोकरीको स्थायित्व*, श्रीबाबु कार्की 'उदास'को *सरुवा* आदि लघुकथामा प्रस्तुत गरिएको छ । त्यस्तै प्रशासनिक क्षेत्रमा

रहेका भ्रष्टाचार एवम् अनैतिक क्रियाकलापलाई एलवी क्षेत्रीको *उडकिलो अर्थात् नेमप्लेट*, बद्री पलिखेको *उन्नतिको रहस्य,* सुमन सौरभको *हाकिम,* सुमनराज ताम्राकारको *नजराना,* प्रदीप प्रधानको *दुर्व्यसन* लघुकथामा प्रस्तुत गरिएको पाइन्छ । त्यसैगरी तल्ला तहका कर्मचारीमाथि गरिएका दमनका घटनालाई बद्री पलिखेको *कथा र हाकिमसाब,* मुक्तिनाथ घिमिरेको *बौलाहा,* श्रीओम श्रेष्ठ रोदनको *अनुशासन,* कल्यान पन्तको *निरीह कर्मचारी,* र विनयकुमार कसजूको *प्रारम्भ*लगायतका लघुकथाहरूमा विश्लेषण गरिएको पाइन्छ ।

नेपालको प्रशासन क्षेत्रसँग सम्बन्धित लघुकथा रचनामा भ्रष्ट चिन्तन एवम् संस्कृति विरोधी चेतनाको अभिव्यक्ति पाइन्छ । नेपालको प्रशासन क्षेत्र विकृतिले गाँजिएको र जनमुखी नभएको गुनासो यत्रतत्र आइरहेको सन्दर्भमा यस क्षेत्रमा जनउत्तरदायित्वपूर्ण सेवाको खोजी हुँदै आएको छ । यसै सन्दर्भमा नेपाली लघुकथा रचनामा पनि नेपाली प्रशासनका क्षेत्रमा सुशासन एवम् जनउत्तरदायिता आउनुपर्ने भावको अभिव्यक्ति गरिएको पाइन्छ ।

## ७. निष्कर्ष

नेपाली लघुकथामा नेपाली समाजको विभिन्न कालखण्डमा देखा परेका सांस्कृतिक चेतनाको सशक्त अभिव्यक्ति पाइन्छ । यी रचनामा नेपाली समाजको विकासक्रममा देखापरेका विभिन्न विचार, चिन्तन, क्रियाकलाप एवम् संस्कृतिको स्पष्ट प्रभाव प्रतिबिम्बित छ । यी रचनामा नेपालको राजनीतिक क्षेत्रमा नातावाद-कृपावाद, भ्रष्टाचार, ढिलासुस्ती एवम् आपराधिक संस्कृतिको बाहुल्यता भएको, जनमुखी भन्दा जनविरोधी गतिविधिले प्रश्रय पाएको सन्दर्भको प्रस्तुतिका साथै विकृतिविरोधी आलोचनात्मक चेतनाको अभिव्यक्ति पाइन्छ । यसैगरी नेपाली समाजमा रहेको अन्धविश्वास, आडम्बर, चाकडीवादी संस्कृति, देखासिकी, पैसामुखी चरित्र एवम् सामाजिक विभेदको संस्कृति विद्यमान रहेको र यसले नेपाली समाजको अग्रगामी चेतनामा असर गरेको सन्दर्भको प्रस्तुति पाइन्छ । सामाजिक जीवनका विभिन्न क्षेत्र कला-साहित्य, धर्म, अर्थतन्त्र, प्रशासन एवम् शिक्षामा समेत अराजकता एवम् अव्यवस्था मौलाएको, नैतिक एवम् सामाजिक सकारात्मक चिन्तनको विघटन हुँदै गएको र समाजमा अराजकता एवम् अव्यवस्था फैलिएको सन्दर्भको प्रस्तुतिका साथै आलोचनात्मक चेतना अभिव्यक्त भएको छ । नेपाली लघुकथा रचनामा विकृति विरोधी चिन्तनधाराको प्रस्तुतिका साथै नैतिक मूल्यको खोजीका साथ विकृतिविरोधी चेतनाको उद्बोधन भएको छ । नेपालको राजनीति, समाज, कला-साहित्य, धर्म, अर्थतन्त्र, प्रशासन एवम् शिक्षा क्षेत्रमा मौलाएको गलत चिन्तन एवम् संस्कृतिप्रतिको असहमतिको भावको अभिव्यक्तिका दृष्टिले यी अध्ययनयोग्य छन् । लघुकथा रचनामा नेपाली समाजको अग्रगामी चेतना र रूपान्तरणको चाहना तथा नवीन संस्कृतिको विकासको चाहना गरिएको छ । यी रचनामा नेपाली समाजको सांस्कृतिक मूल्यको विघटनलाई सशक्त किसिमले व्यक्त गर्नाका साथै नवीन सांस्कृतिक पुनर्जागरणको चाहनालाई समेत बोध गरिएको छ । नेपाली समाजको अध्ययनका हिसाबले, नेपाली समाजको सांस्कृतिक चेतनाको विकासक्रमका दृष्टिले नेपाली लघुकथा रचना कमजोर छैनन्; यिनले नेपाली समाजको विविध जीवनमूल्य एवम् संस्कृतिको प्रतिनिधित्व गरेका छन् ।

## सन्दर्भसूची

अश्क, गोपाल. “नेपाली लघुकथा : उद्‌भव र विकास”. *समकालीन साहित्य.* १२:४/४६. पृ. ५०-५९. २०५९ ।

............ २०६५. *नेपाली लघुकथा : प्रक्रिया र पाठ.* ललितपुर : साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद. २०५९. "नेपाली लघुकथा : स्वरूप र परम्परा". *दीपशिखा.* १३:७/७. पृ. १५-२३ ।

गौतम, लक्ष्मणप्रसाद. २०५६. "लघुकथाको स्वरूप, संरचना र तत्त्व". *मधुपर्क.* ३२:४/३६२. पृ. ६१-६२ ।

............ २०६७. *लघुकथाको सैद्धान्तिक स्वरूप र नेपाली लघुकथाको सन्दर्भ.* नेपाल प्रज्ञा प्रतिष्ठान, गद्य/आख्यान विभाग र नेपाली लघुकथा समाजको आयोजनामा कार्तिक २७ गते, काठमाडौँमा प्रस्तुत कार्यपत्र ।

पोखेल, ईश्वरीप्रसाद. २०५९. *नेपाली लघुकथाको परम्परा.* नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

............ २०६५. "नेपाली लघुकथा : एक अध्ययन". *प्रतिनिधि नेपाली लघुकथा.* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन ।

पौडेल, गोपीन्द्र. २०६३. "नेपाली लघुकथा परम्परा र समकालीन प्रवृत्ति". *साहित्य सन्ध्या.* लघुकथा विशेषाङ्क. पृ. २२-३१ ।

भट्ट, पुष्करराज. २०६९. *उत्तरवर्ती नेपाली लघुकथामा व्यङ्ग्यविधान.* डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

............ २०७३. *नेपाली लघुकथामा युगचेतना.* डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध ।

लामिछाने, कपिल. २०६४. "नेपाली लघुकथा र समकालीन सन्दर्भ". *मिर्मिरे.* ३६:११/२७०. पृ. १५२-१६९ ।

सुवेदी, राजेन्द्र. २०५३. *लघुकथाको परिचय, विकास र वर्तमान प्ररिपेक्ष्यमा लघुकथाको महत्त्व.* भद्रपुरमा प्रस्तुत अप्रकाशित कार्यपत्र ।

•

# साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप

ज्ञानु अधिकारी*

**सार**

*साइबर समालोचना पछिल्लो समय विकसित भएको समालोचना पद्धति हो । इन्टरनेटको विकास र विस्तारले मानिसको जीवनशैली क्रमशः परिवर्तन हुँदै जान थालेपछि साइबर संस्कृतिको विकास भएको हो । यसरी नयाँ संस्कृतिका रूपमा देखिएको साइबर संस्कृतिको प्रभाव मानवीय जीवनमा तीव्रतर रूपमा बढ्दै गएको छ । साइबर संस्कृतिका विविध पक्षहरूलाई समेटेर लेखिएको साहित्य साइबर साहित्य हो र यही साइबर साहित्यलाई अध्ययन विश्लेषण गर्ने समालोचना नै साइबर समालोचना हो । साइबर समालोचनाले साइबर संस्कृति अर्थात् प्रविधि संस्कृतिको प्रयोग गरी लेखिएका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्दछ । साइवर साहित्यमा साइबरजन्य शब्दहरूको बढी प्रयोग पाइनुका साथै प्रविधिबाट सञ्चालित मानवीय संस्कृतिको चित्रण गरिएको पाइन्छ र साइबर समालोचनाले यसलाई अर्थ्याउने काम गर्दछ । साइबर सम्बद्ध विषय र सन्दर्भहरूको प्रयोग भएका साहित्यिक कृतिहरूको सङ्ख्या बढ्दै गएपछि पछिल्लो समय नेपाली साहित्यमा पनि साइबर समालोचनाको प्रारम्भ भएको देखिन्छ । कृतिभित्रका साइबर सन्दर्भलाई विभिन्न प्रारूपका आधारमा विश्लेषण गर्ने काम यस समालोचनाले गर्दछ । यसरी साइबर सम्बद्ध कृति वा रचनालाई के-कसरी अध्ययन विश्लेषण गर्न सकिन्छ भन्ने कुरालाई यस अध्ययनमा समेट्ने प्रयास गरिएको छ ।*

**शब्दकुञ्जी :** साइबर संस्कृति, प्रविधि विज्ञान, भर्चुअल रियालिटी, विद्युतीय सञ्चार सन्जाल, साइबोर्ग, पोस्ट ह्युमन, भूमण्डलीकरण, साइबर तत्त्व ।

## १. विषयपरिचय

सन् १९८० को दशकपछि देखा परेको साइबर समालोचना पछिल्लो समय विकसित भएको नवीन समालोचना सिद्धान्त हो । साहित्यमा साइबर संस्कृति र साइबर चेतनाको प्रभाव तीव्र हुँदै गएपछि त्यसप्रकारका साहित्यिक कृतिहरूको अध्ययन विश्लेषण गर्न साइबर समालोचनाको आवश्यकता परेको हो । यसर्थ, साइबर चेतनाको प्रयोग गरी साहित्य लेखिन थालेपछि र यससँग सम्बद्ध कृतिहरू प्रकाशित भएपछि मात्र साइबर समालोचना प्रारम्भ भएको हो । अहिले इन्टरनेट अर्थात् विद्युतीय सञ्चार माध्यमको पहुँच र यसको प्रभाव सँगसँगै साइबर साहित्य र साइबर समालोचना पनि विश्वव्यापी रूपमा अगाडि बढ्दै गएको छ । नेपाली साहित्यमा पनि पछिल्लो समय साइबर चेतनाको प्रस्तुति र साइबर संस्कृतिको चित्रण निकै प्रभावकारी रूपमा गरिएको छ । साहित्यका आख्यान, कविता र निबन्ध विधामा यसको प्रयोग अझ सशक्त देखिन्छ ।

इन्टरनेट अर्थात् विद्युतीय सञ्चार सन्जालको तीव्र गतिमा विस्तार हुन थालेपछि र यसका प्रयोगकर्ताहरूको सङ्ख्या क्रमशः बद्दै गएपछि नै साइबर संस्कृतिको निर्माण र विकास भएको हो । कम्प्युटर इन्टरनेटको प्रयोग

* उपप्राध्यापक : त्रिभुवन विश्वविद्यालय, नेपाल ।

र यसैसँग सम्बद्ध भएर आएको मान्छेको परिवर्तित जीवनशैली नै साइबर संस्कृति हो । कम्प्युटर सामाजिक सन्जालसँग सम्बद्ध सबै प्रकारका विषयहरू साइबरसँग सम्बन्धित विषय हुन् । यसरी मानव जीवनसँग अभिन्न भएर जोडिन आइपुगेको साइबर संस्कृतिको गहन अध्ययन विश्लेषण गर्ने सिद्धान्त नै साइबर समालोचना हो । यसले विशेष गरी साहित्यिक कृतिमा चित्रण भएको साइबर संस्कृतिको अध्ययन गर्दछ । साइबर संस्कृतिको विकास भएपछि मात्र प्रारम्भ भएको साइबर समालोचनाले साइबर संस्कृतिलाई नै आधार बनाएर साहित्यिक कृतिको अध्ययन गर्दछ । यो प्रविधिसंस्कृतिको व्यापक प्रयोग गरी लेखिएका कृतिहरूको व्याख्या विश्लेषण गर्ने एक मात्र आधार/सिद्धान्त हो । साइबर समालोचनाको अर्थ, साइबर संस्कृति र साहित्यको सम्बन्ध, साइबर समालोचनाका उपकरण, कृतिविश्लेषणमा साइबर समालोचनाका प्रारूपजस्ता पक्षमा केन्द्रित रही साइबर समालोचनाका बारेमा चर्चा गर्नु नै यस अध्ययनको मुख्य विषय रहेको छ ।

## २. समस्याकथन

बहुलवादी समालोचनाअन्तर्गत देखा परेका समालोचना पद्धतिहरूमध्ये साइबर समालोचना पनि एक हो । यो पाश्चात्य साहित्यबाट विकसित समालोचना सिद्धान्त हो । यस लेखमा साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूपबारे विशेष अध्ययन गरिएकाले साइबर समालोचना भनेको के हो भन्ने जिज्ञासासहित मुख्यतया निम्नलिखित समस्याहरू पहिचान गरिएका छन् :

क) साइबर समालोचनाले कस्ता किसिमका रचना वा कृतिहरूको अध्ययन गर्दछ ?
ख) साइबर साहित्य र साइबर समालोचनाको अन्तरसम्बन्ध कस्तो छ ?

## ३. अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययन साइबर समालोचनाको सैद्धान्तिक पक्षमा केन्द्रित छ । यसको सैद्धान्तिक चर्चा गर्नुका साथै साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप देखाई यसका बारेमा चर्चा गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य हो । तसर्थ, यस अध्ययनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) साइबर समालोचनाले कस्ता किसिमका रचना वा कृतिहरूको अध्ययन गर्दछ भन्ने विषयमाथि प्रकाश पार्नु,
ख) साइबर साहित्य र साइबर समालोचनाको अन्तरसम्बन्ध कस्तो छ पहिल्याउनु ।

## ४. अध्ययनविधि

साइबर समालोचना पाश्चात्य साहित्यमा पछिल्लो समय विकसित भएको समालोचना पद्धति हो । साइबर समालोचनासम्बन्धी सैद्धान्तिक चर्चा गरिएको यस अध्ययनमा पुस्तकालबाट प्राप्त सामग्रीहरूको उपयोग गरिएको छ । त्यसक्रममा साइबर समालोचनाको सैद्धान्तिक पक्षमा आधारित भएर लेखिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न पुस्तक, पत्रपत्रिका, अनुसन्धानात्मक लेख, शोधप्रबन्ध तथा वेबसाइटहरूलाई प्राथमिक तथा द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । प्राप्त सामग्रीहरूका आधारमा साइबर समालोचनाका सैद्धान्तिक पक्षका साथै कृतिविश्लेषणका प्रारूपहरूलाई व्याख्यात्मक तथा विश्लेषणात्मक विधिद्वारा निष्कर्ष निकालिएको छ ।

## ५. साइबर समालोचनाको सैद्धान्तिक आधार

अङ्ग्रेजी भाषाको साइबर क्रिटिसिज्म (cyber criticism) शब्दको नेपाली रूपान्तर नै साइबर समालोचना हो । यसलाई बुझाउने अर्को नेपाली शब्द छैन । अङ्ग्रेजीको *साइबर* शब्दमा समालोचना शब्द

जोडिएर साइबर समालोचना बनेको हो । *साइबर* शब्द आफैँमा अर्थयुक्त शब्द होइन । यो अङ्ग्रेजी उपसर्ग हो । सर्वप्रथम *नेट* शब्दसँग जोडिन आइपुगेपछि मात्र यसले त्यसै अनुरूपको अर्थ वहन गरेको देखिन्छ । यसलाई इन्टरनेटका आध्यमबाट चल्ने विद्युतीय सन्जालका रूपमा पनि चिनिन्छ । इन्टरनेट प्रविधिबाट सञ्चालित तथा निर्देशित सम्पूर्ण कार्य र क्रियाकलापहरू साइबरसम्बद्ध गतिविधि हुन् र यिनलाई साइबर शब्दसँग जोडेर व्यवहार गर्ने गरिन्छ; जस्तै- साइबर संस्कृति, साइबर साहित्य, साइबर समालोचना, साइबर क्याफे, साइबर समाज, साइबर पत्रिका, साइबर अपराध, साइबर कानुन, साइबर प्रेम, साइबर आतङ्क, साइबर स्पेस आदि । यसरी साइबर शब्दको अर्थले इन्टरनेटका माध्यमबाट चल्ने कम्प्युटरसम्बन्धी गतिविधिलाई बुझाउँछ । साइबर संस्कृतिको चित्रण वा वर्णन गरिएका साहित्यिक रचना वा कृतिको अध्ययन विश्लेषण गरिएको समालोचना नै साइबर समालोचना हो । प्रविधि-संस्कृतिअन्तर्गत पर्ने भर्चुअल रियालिटी मानव शरीर तथा प्रविधि विज्ञान, यसका साधन र परोक्ष समुदायको अध्ययनसँग सम्बद्ध समालोचनालाई साइबर समालोचना भनिन्छ -गिलिस, सन् २००७ : २०१) । यसले साइबरसम्बन्धी प्राविधिक शब्दावलीहरूको व्याख्या गर्नुका साथै यसकै आधारमा कृतिमा प्रयुक्त साइबर संस्कृतिको विवेचना गर्ने काम गर्दछ । यसले प्रविधिसंस्कृतिको लिङ्गविधानका साथै जैविक र अजैविक सम्बन्धबारे अध्ययन समेत गर्दछ र प्रविधिबाट उत्पन्न हुने डरहरू र साइबर शक्तिका षड्यन्त्रहरूको पनि खोजी, विश्लेषण र व्याख्या गर्दछ -शर्मा, २०७२ : १०५) । साथै साइबर समालोचनाले साइबर कल्चरका सकारात्मक र नकारात्मक दुबै पक्षको विश्लेषण गर्ने कामसमेत गर्दछ ।

साइबर समालोचना कुनै दर्शन र चिन्तनबाट प्रारम्भ भएको सिद्धान्त नभएर प्रविधिको विकासले सामाजिक जनजीवनमा ल्याएको प्रत्यक्ष परिवर्तनबाट प्रारम्भ भएको समालोचनाका रूपमा देखिन्छ । कुनै व्यक्तिविशेषको निजी चिन्तन र अवधारणाबाट नभई सामूहिक तथा विश्वव्यापी रूपमा इन्टरनेट प्रविधिले ल्याएको भौतिक परिवर्तन र मानिसको जीवनशैलीमा देखिएको व्यापक परिवर्तन तथा पृथक्पनहरूलाई आधार बनाई यस समालोचनाको प्रारम्भ भएको हो । साइबरनेट शब्दको प्रयोग र यस प्रविधिको विकासले दुई दशक पार गर्दा-नगर्दै विश्वव्यापी रूपमा मानवीय समाजमा यसकै माध्यमबाट अविश्वसनीय कार्यहरू भएका छन् र मानिसले यसलाई जीवनकै एउटा अङ्गका रूपमा स्वीकार गरिसकेका छन् । सञ्चार, शिक्षा, चिकित्सा, व्यवस्थापनजस्ता संज्ञानका अन्य क्षेत्रमा जस्तै साहित्यमा समेत साइबर संस्कृतिको उपस्थिति हस्तक्षेपकारी बनेको देखिन्छ । साहित्यमा साइबर संस्कृतिको प्रयोग दुई प्रकारबाट भएको देखिन्छ । यसमध्ये पहिलो विषयवस्तुका रूपमा साइबर संस्कृतिको प्रयोग गर्नु हो भने दोस्रो साहित्यलाई सम्प्रेषण गर्ने तथा प्रचार/प्रसार गर्ने माध्यमका रूपमा साइबरको प्रयोग गर्नु हो । यी दुई प्रकारबाट साइबरको प्रयोग साहित्यमा अत्यन्त तीव्र गतिमा बढ्दै गएको छ । यसरी प्रविधिको प्रभाव पहिले संस्कृतिमा परिसकेपछि मात्र साहित्यमा देखिन थालेको हो र साइबर साहित्य हुँदै साइबर समालोचनाको विकास भएको हो ।

जब साइबर जगत्सँग मान्छे पूरै सापेक्ष एवम् सम्पृक्त बन्छ र साइबर जगत् उसको जीवनको अङ्गजस्तै बनिसकेको हुन्छ, केही समयपश्चात् त्यो संस्कृतिकै रूपमा विकसित हुन्छ । यस्तो संस्कृति निर्मित प्रवृत्तिको हुन्छ । सूचनाप्रविधिको वर्तमान समयमा इमेल इन्टरनेट अपरिहार्य आवश्यकता बनिसकेको छ । घरमा नै बसेर आफूले खोजेको सामग्री पाउन, आफूले हेर्न खोजेको दृश्य र विश्वभरिका खबरहरूसँग अद्यावधिक अर्थात् अपडेट हुन तथा कतिपय कामहरू सजिलो र भरपर्दो तरिकाले सम्पन्न गर्न आजका मान्छेले प्रविधिकै सहारा लिने गर्दछ । सामान्यदेखि जटिल कामहरू इन्टरनेटकै माध्यमबाट हुन थालेपछि यो लोकप्रिय संस्कृतिकै रूपमा अगाडि बढेको छ । समाजका हरेक पक्ष जस्तै : सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, प्रशासनिक आदि क्षेत्रमा बढ्दै गएको यान्त्रिक संस्कृति नै साइबर संस्कृति हो र यही साइबर संस्कृति नै आजको साहित्यलाई

पृथक्ता र नवीनता प्रदान गर्ने प्रमुख विषय हो । समाज र संस्कृतिसँग इन्टरनेट प्रविधि सम्मिश्रणलाई नै साइबर संस्कृतिका रूपमा लिन सकिन्छ । सूचना, सञ्चार, मनोरञ्जन र व्यवसायका लागि बढी प्रयोग हुने इन्टरनेट सेवाले आजको मान्छेलाई साइबोर्ग अर्थात् आधा मान्छे आधा यन्त्र बनाइसकेको छ । यो साइबर संस्कृतिको विशेषता हो ।

नेपाली साहित्यमा पनि साइबर संस्कृतिको प्रभाव व्यापक रूपमा परिसकेको छ । इन्टरनेटका माध्यमबाट प्रकाशित भएका अनलाइन पत्रिकाहरू, वेवसाइटहरू र ब्लगहरू प्रशस्त भइसकेका छन् । साहित्यको सम्प्रेषण गर्ने प्रभावकारी सञ्चारमाध्यमका रूपमा फेसबुक, ट्विटर, च्याट, इमेल, मेसेन्जर आदि प्रयोगमा आइसकेका छन् । यसरी साहित्यमा साइबरजन्य उपकरणहरू, विषयवस्तुहरू तथा गतिविधिहरू प्रयोग हुन थालेपछि साइबर साहित्यको उदय भएको हो भने यस्ता किसिमका साइबर चेतनाले अभिप्रेरित भएर लेखिएका साहित्यलाई सैद्धान्तिक पर्याधारबाट व्याख्या विश्लेषण गर्न बनाइएको सिद्धान्त नै साइबर समालोचना हो । साहित्यभन्दा इतर अर्थात् प्रविधिलाई नै साहित्यमा मिसाइएकाले यो अन्तरविषयक समालोचना पनि हो ।

साइबर समालोचना उत्तरआधुनिक छाताभित्र अटाएका बहुलवादी सिद्धान्तमध्ये एउटा सिद्धान्तका रूपमा देखापरेको छ भने सांस्कृतिक अध्ययनका विभिन्न शाखाहरूमध्ये एउटा सशक्त पक्षका रूपमा पनि यसलाई लिने गरिन्छ । अझ पछिल्लो समयमा त यो धेरै विषय, क्षेत्र, दर्शन र चिन्तनहरूसँग जोडिएर आएको छ । साइबर संस्कृति वास्तविक नभई परोक्ष हुन्छ । यसप्रकारको परोक्ष यथार्थलाई अध्ययन, विश्लेषण गर्न अत्यन्त कठिन हुने भएकाले पनि साइबर साहित्यलाई अध्ययन विश्लेषण गर्न साइबर समालोचनाको जन्म भएको हो । सन् १९८० को दशकपछि विकास भएको साइबर समालोचनाले कृतिमा साइबर संस्कृति के-कसरी प्रयुक्त भएको छ भनी निरूपण गर्दछ । यसरी गरिने कृतिमाथिको समालोचना परम्परागत समालोचनाका अन्य पद्धतिहरूबाट गर्न सम्भव नहुने भएकाले पनि साइबर समालोचनाको विकास भएको हो । भूमण्डलीकरण वा विश्वग्रामसँग सम्बन्धित भएकाले यसले स्थान र समयलाई सङ्कुचन गर्दछ भने यो सूचना सन्जाल वा सञ्चार प्रविधिसँग सम्बद्ध भएकाले साइबर संस्कृति, साइबर साहित्य र साइबर समालोचनामा प्रयोग हुने प्राविधिक शब्दावलीहरूको ज्ञान हुनु आवश्यक हुन्छ (पौड्याल, २०७०, १४३) । तसर्थ, साइबर समालोचनाको प्रारम्भ र विकास साइबर साहित्यको लेखनपछि मात्र भएको हो ।

पछिल्लो समय मानिसका दैनिक जीवनमा बोलिँदै आएका साइबरसम्बद्ध शब्दहरूको व्याख्या, विवेचना गर्ने काम साइबर समालोचनाले गर्दछ । साइबर शब्द प्रायः कुनै पनि पारिभाषिक शब्द बनेर आउँदा शब्दको पूर्वसर्गका रूपमा आएको हुन्छ । यसरी साइबर जोडिएर आएका त्यस्ता शब्दले सामान्य र विशिष्ट दुबै अर्थ दिन्छन् । कतिपय सन्दर्भमा साइबर शब्दको प्रयोग नभईकन पनि साइबर तत्त्व वा साइबर संस्कृतिलाई जनाउने शब्दहरू प्रयुक्त भएका छन् । जुनसुकै किसिमका शब्द प्रयोग भए पनि ती शब्दले सामान्य अर्थ बुझाउँदा ती कोशीय अर्थ दिने भएर आएका हुन्छन् भने विशिष्ट अर्थ बुझाउँदा वा विशिष्टीकृत रूपमा आउँदा ती पारिभाषिक शब्दका रूपमा आएका हुन्छन् । यी दुबै रूपका बढी प्रचलित शब्द र तिनको अर्थको आफ्नाआफ्ना स्थानमा महत्त्व छ । त्यस्ता शब्दहरूमध्ये केही प्रमुख शब्द र तिनका अर्थहरू यसप्रकार छन् :

**इन्टरनेट** : दूरसञ्चार प्रणालीबाट चल्ने कम्प्युटर सन्जालहरूको केन्द्र, अत्यन्त द्रुत गतिमा चल्ने विश्वव्यापी सामाजिक सन्जाल, अन्तरसञ्जाल, सामाजिक सन्जाल, सन्जाल प्रविधिको नियामक केन्द्र ।

**इमेल :** कुनै पनि लिखित सामग्री विश्वव्यापी रूपमा प्रसार हुने माध्यम वा इन्टरनेट मेल अथात् विद्युतीय चिठी, कुनै सूचना वा लिखित सामग्रीको विद्युतीय सम्प्रेषण वा आदान प्रदान ।

**आइटी :** आइटी अर्थात् इन्फरर्मेसन टेक्नोलोजी, सूचना वा विभिन्न जानकारीलाई व्यवस्थापन गर्ने विद्युतीय तरिका वा प्रणाली, सूचना प्रविधि, साइबर सन्जालहरूको समष्टि स्वरूप ।

**वेव पेज :** विद्युतीय भण्डारण, कम्प्युटर स्क्रिनमा देखिने सेतो पृष्ट, जहाँ जति पनि सूचना तथा सामग्रीहरू राखिएका हुन्छन् । यो कल्पवृक्षजस्तै हुन्छ । सामग्री वा सूचनाहरूलाई विद्युतीय रूपमा भण्डारण गर्ने स्थान ।

**वेवसाइट :** साइबर समुदायभित्रको एउटा ठेगाना । इन्टरनेट सन्जालमा हुने विषयका सूचना अनुरूपको ठेगाना, सूचना र सामग्रीहरूको स्थूल र व्यवस्थित रखाइ भएको विद्युतीय ठेगाना ।

**च्याट :** कम्प्युटरको स्क्रिनमा एउटै समयमा दुई वा सो भन्दाबढी व्यक्तिसँग लेखेर कुरा गर्ने माध्यम वा प्रणाली, विद्युतीय प्रत्यक्ष संवाद पद्धति ।

**फेसबुक :** मुहार पुस्तिका, कुनै पनि तस्बिर, स्ट्याटस वा भनाइ सूचना, छोटा सामग्री आदि राख्न मिल्ने र प्रतिक्रिया पनि पाउन सकिने विद्युतीय डायरी ।

**ब्राउजर :** वेबपेज हेर्न, पढ्न-सुन्नका लागि बनाइएको प्रोग्राम वा एप्लिकेसन अर्थात् एप्स, यसलाई सर्फिङ वा एक्स्प्लोरिङ पनि भनिन्छ ।

**साइबर स्पेस :** इन्टरनेट सन्जालद्वारा प्रवेश गरिने अभौतिक अवास्तविक संसार तथा सूचना, ज्ञान, मनोरञ्जन आदि प्राप्त गर्न अनुभव गर्न, भण्डार गर्न र सम्प्रेषण गर्न मिल्ने स्थान ।

**हाइपर मिडिया :** वास्तविक लाग्ने तर छुन नसकिने यथार्थमा आधारित सञ्चार, श्रव्यदृश्यका माध्यमबाट पर्दामा देखिए पनि छुन, छाम्न नसकिने सञ्चार माध्यम । कम्प्युटरमा हेर्न सकिने तर छुन नसकिले विद्युतीय सञ्चार माध्यम ।

**हाइपर लिङ्क :** अवास्तविक सन्जाल, दृश्यमा केही नदेखिने तर विश्वभरि एकअर्कासँग जोडिने प्रक्रिया, अयथार्थ सन्जालहरूको उच्च सम्बन्ध ।

**होम पेज :** इन्टरनेट सन्जालभित्र पस्ने प्रवेश मार्ग, सूचना जानकारी पाइने पहिलो पेज, कम्प्युटरमा सामग्रीका फाइल र एप्सहरू राख्ने प्रणाली एवम् स्थान ।

**पोस्ट ह्युमन :** यन्त्रका पूर्ण अधीनमा रहेको मान्छे, साइबर प्रणाली वा यन्त्रमाथिको पूर्ण परनिर्भरताका कारण आफ्ना संवेदनासमेत हराएको मान्छे ।

**साइबर नेटिक्स :** जैविक प्रणालीका आधारमा इलेक्ट्रोनिक नियन्त्रण प्रणाली र यान्त्रिक उपकरणहरूको अध्ययन गर्ने विज्ञान वा शास्त्र ।

**भर्चुअल रियालिटी :** परोक्ष यथार्थ, औपचारिक उपस्थिति भएको तर वास्तविकजस्तै लाग्ने यथार्थ, अवास्तविक यथार्थ, भ्रम र यथार्थका बीचको सीमा मेटिदिने खालको यथार्थ ।

**भर्चुअल आइडेन्टिटी :** वास्तविक संसारमा नभएको नचिनिएको तर साइबर दुनियाँमा परिचय बनाउनु, उपस्थिति हुनु, साइबर सन्जालका माध्यमबाट बनाइएको पहिचान ।

**भर्चुअल कम्युनिटी :** अवास्तविक समुदाय, साइबर दुनियाँ, इन्टरनेट सन्जालले बनाएको भ्रमपूर्ण समुदाय, फेसबुक, ट्विटर आदिका माध्यमबाट परस्पर सशरीर परिचित नभईकन नै बनाइएको समुदाय ।

**साइबोर्ग :** आधा यन्त्र, आधा मान्छे हुने स्थिति, यन्त्रको मानवीय व्यवहार र कार्यव्यापार, आजको मान्छे साइबरविना अपाङ्गजस्तै हुने भएकाले ऊ आधा मान्छे भए पनि आधाचाहिँ यन्त्र वा यान्त्रिक भएको अवस्था ।

**साइबर पङ्क :** भविष्यबारे कल्पना गरी लेखिएको कम्प्युटरबाट निर्देशित र नियन्त्रित आख्यानमा प्रयुक्त पात्र, वैज्ञानिक आख्यानको एक पक्ष वा एउटा भेद ।

**सिमुलेसन :** वास्तविक यथार्थको अनुकृति वा नक्कल तयार पार्ने प्रक्रिया अनुरूपण वा प्रतिकृति, कम्प्युटर वा साइबर प्रणालीको प्रयोग गरेर गरिने कुनै पनि यथार्थको अनुकरण ।

**सिमुलाक्रा :** वास्तविकताको पुनरुत्पादन, स्वायत्त परिचय स्थापित भइसकेको प्रतिलिपि वा यथार्थलाई भ्रमयुक्त तर उस्तै बनाएर गरिने पुनरुत्पादन ।

**हाइपर रियालिटी :** अतिशय यथार्थ, वास्तविक जस्तै लागे पनि स्पर्श गर्न नसकिने वस्तुयथार्थ, अति उच्च यथार्थ, अधियथार्थ, यथार्थ होइन तर ठ्याक्कै यथार्थ जस्तै देखिने प्रतिरूप ।

**ग्लोबल भिलेज :** विश्वग्राम, सामाजिक सन्जालमा बेरिएर पूरै विश्व एउटा गाउँमा रूपान्तरण हुने प्रक्रिया, भूमण्डलीकरणबाट संसार एउटै गाउँजस्तै हुने स्थिति, प्रक्रिया र अवधारणा ।

**ट्रान्स ह्युमन :** परामानव, प्रविधिमा आश्रित तथा प्रविधिको दोहन गरी मानव शक्तिमा रूपान्तर गर्ने व्यक्ति, अधिमानव, सूचना प्रविधि तथा साइबर प्रणालीमा पूर्णतया आश्रित हुने मान्छे ।

**एक्स्ट्रोपियन :** अन्तरिक्ष उपनिवेशतर्फ रुचि राख्ने परामानवतावादी चरित्रको व्यक्ति ।

**फ्रिक :** टेलिफोन प्रणाली चोर्ने प्रयासमा लागेको व्यक्ति, इन्टरनेटका माध्यमबाट सञ्चार प्रणालीलाई आफ्नो नियन्त्रणमा लिने मान्छे ।

**ह्याकर :** कसैको कम्प्युटर प्रणालीमा रहेको सूचनालाई अनधिकृत रूपमा प्रयोग गरी सम्बन्धित व्यक्तिलाई हानी पुऱ्याउने मानिस, साइबर सूचनाको आपराधिक अनधिकरण ।

**क्र्याकर :** कम्प्युटर सन्जालमा छिरेर चोर्न असफल भए पनि त्यसलाई प्रभावित बनाउने मानिस ।

**साइबर अपराध :** इन्टरनेट, सामाजिक सन्जाल वा सूचनाप्रविधिको दुरुपयोग गरेर गरिने कुनै पनि किसिमका आपराधिक कार्य, आपराधिक कामका लागि साइबर प्रणालीको प्रयोग ।

**साइबर समालोचना :** साइबर तत्त्वका आधारमा कुनै पनि साहित्यिक कृतिमा अन्तरवस्तुका रूपमा रहेका साइबर विषयको विश्लेषण गर्ने शास्त्र, साइबर प्रणालीको उपयोग गरेर गरिने समालोचना, कृतिको मूल विषय साइबर भएको, मूल विषय साइबर नभए पनि साइबरलाई माध्यमका रूपमा प्रयोग गरेर तयार परिएको र साइबरका माध्यमबाट कुनै रचना वा कृतिको समीक्षा, टिप्पणी, प्रतिक्रिया आदिका रूपमा गरिएको समालोचना ।

**साइबर साहित्य :** साइबर नै मूल विषयवस्तु भएको, पात्र, परिवेश, घटना आदि पनि साइबर नै भएको र साइबरका माध्यमबाट पाठमा सम्प्रेषित हुने साहित्य ।

**साइबर आख्यान** : साइबर नै मूल विषयवस्तु भएको, पात्र, परिवेश, घटना, आदि पनि साइबर नै भएको र साइबरका माध्यमबाट पाठमा सम्प्रेषित हुने आख्यान वा कथा -उपन्यास ।

**साइबर यौन** : साइबरका माध्यमबाट वा साइबर प्रणाली (गुगल, युट्युव आदि) मा राखिएका यौन क्रियाकलाप हेरेर यौन आनन्द लिने स्थिति, विद्युतीय सेक्सटोय आदिका साथ भएका यौनिक क्रियाकलापहरू साइबर प्रणालीका माध्यमबाट हेरेर यौनसुख प्राप्त भएको अनुभूति गर्नु ।

**साइबर देह** : साइबर शरीर, यन्त्र शरीर वा रोबोट, मान्छेको शरीरजस्तै र मान्छेको काम गर्ने यान्त्रिक शरीर, मान्छेको प्रतिरूपजस्तै बनाएर नाटक, चित्रकथा, विज्ञापन आदिमा प्रयुक्त हुने यन्त्र शरीर, मान्छे र अन्य कुनै पशुपक्षी आदिको यान्त्रिक शरीर ।

**साइबर कमिक्स** : इन्टरनेटका माध्यमबाट सम्प्रेषित र प्रसारित हुने चित्रकथा, चित्रनाटक, विशेष गरेर बालबालिका र किशोर-किशोरीका लागि कम्प्युटर वा साइबर प्रणाली प्रयोग गरी बनाइएका मनोरञ्जनात्मक साहित्यिक संवादात्मक सामग्री ।

**साइबर मानिस** : मान्छेले गर्ने कामहरू पनि मान्छेले जस्तै गरी सम्पन्न गर्ने यन्त्रमानव, रोबोट ।

**साइबर विडो** : इन्टरनेटमा अरूकी श्रीमतीसँग बढीभन्दा बढी समय बिताउने विवाहित पुरुष ।

**साइबर क्याफे** : पैसा तिरेर इन्टरनेटको प्रयोग गरी कम्प्युटरसम्बन्धी विभिन्न काम गर्ने ठाउँ, निश्चित घण्टाका लागि पैसा तिरेर नेट चलाउने ठाउँ ।

**भाइरस** : कम्प्युटरका महत्त्वपूर्ण सूचना तथा डाटा नष्ट गर्ने प्रोग्राम, एक किसिमको सफ्टवेयर, कम्प्युटर प्रणालीमा हानी पुऱ्याउने प्रत्युत्पादक प्रणाली ।

**साइबर स्टालकर** : इमेलद्वारा कसैको पिछा गर्दै डर देखाउने धम्क्याउने व्यक्ति, कम्प्युटर वा इन्टरनेटको प्रयोग गरेर अरूलाई 'ब्ल्याकमेलिङ' गर्ने व्यक्ति ।

माथि उल्लेख गरिएका शब्दलगायत अन्य साइबरसँग सम्बद्ध अन्य शब्दहरूलाई अर्थ्याउने काम साइबर समालोचनाले गर्दछ ।

## ६. साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप

साइबर समालोचना उत्तरआधुनिकतावादी बहुलवादी समालोचना हो । उत्तरआधुनिकताको छाताभित्र अँटाउने धेरै सिद्धान्तहरूमध्ये साइबर समालोचना पनि गर्दछ । यसलाई सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण क्षेत्र समेत मानिन्छ । साइबर समालोचनाले कृतिविश्लेषणका लागि तयारी प्रारूप वा रेडिमेड मोडल दिदैन; यसले त कृतिमा साइबरतत्त्वको उपस्थिति केकस्तो रूपमा छ, त्यसै आधारमा कृतिविश्लेषण गर्ने आधार दिन्छ । जहिले पनि सृजना पहिले आउँछ र त्यही सृजनालाई प्रतिरूप मानेर विश्लेषणका लागि सैद्धान्तिक प्रारूपहरू निर्धारित हुन्छन् । यो प्राचीनकालदेखि नै चलेको प्रक्रिया हो । पूर्वीय र पाश्चात्य दुबैतिरका साहित्यमा यो देखिन्छ । पछिल्लो समालोचना सिद्धान्तका रूपमा देखिएको साइबर समालोचनामा पनि सबैभन्दा पहिले साइबर तत्त्व आयो; साइबर चेतना आयो; साइबर संस्कृति आयो र यसरी साइबर तत्त्वसँग जोडिएका अनेकौं कुराहरू आए । यसप्रकार साइबरसँग सम्बद्ध भएर आएका कृति वा रचनाको विश्लेषण गर्न प्राचीन वा आधुनिक समालोचना सिद्धान्तले नसक्ने भएपछि साइबर समालोचनाको प्रारम्भ

भयो । त्यस्ता रचना वा कृतिमा रहेका साइबर तत्त्वको उपस्थापन केकसरी र कुन रूपमा भएको छ र त्यसले दिन खोजेको अर्थ प्रक्षेपण के हो भन्ने कुरा अध्ययनको विषय बन्न थालेपछि यसको विकासले व्यापकता लिन थालेको देखिन्छ ।

साइबर समालोचना र कृतिविश्लेषणमा यसको प्रारूपको बारेमा चर्चा गर्ने विद्वान्मध्ये जिन एसएम विलेट पनि एक हुन् । उनले आफ्नो *New ART writing : creating a culture of cyber criticism (2013)* नामक पुस्तकमा यसका केही प्रारूपहरूका बारेमा उल्लेख गरेका छन् । उनका अनुसार कृतिमा साइबर अन्तर वस्तुको उपस्थिति, कृतिमा साइबर पदावलीको प्रयोगबाट आउने अर्थको विशिष्टीकरण, विशेषतः आख्यान र आख्यानात्मक कृतिमा साइबर घटना र साइबर पात्रको संयोजन, साइबरबाट साहित्यिक कृतिहरूको अनुवाद तथा साहित्यको बजार विस्तार (अनलाइन पाठक विस्तार) जस्ता कुराहरूलाई साइबर समालोचनाका प्रारूप मान्नु पर्दछ (विलेट. २०१३) । यस आधारमा हेर्दा साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूपलाई सङ्क्षिप्त रूपमा यसप्रकार चर्चा गरिन्छ :

**क) कृतिमा साइबर अन्तरवस्तुको उपस्थिति**

साइबर समालोचनाले साइबरसँग सम्बद्ध कृति अर्थात् साइबर तत्त्वको प्रयोग भएको कृतिको मात्र अध्ययन विश्लेषण गर्दछ । त्यसैले, विश्लेष्य साहित्यिक कृतिको विषय, अन्तरवस्तु वा कुनै सन्दर्भ साइबर सम्बद्ध हुनै पर्दछ । साइबर साहित्यमा कृतिको अन्तरवस्तुसँग जोडिएर आउने परिवेश, विषयवस्तु, पात्र वा सहभागी, घटनाको स्थान तथा घटनाको समय आदि पनि साइबर जगत्/दुनियाँभित्र नै पर्दछ । यसरी साइबर दुनियाँसँग सम्बद्ध भएर आएका विषय, घटना, पात्र, परिवेश वास्तविक नभई परोक्ष हुन्छन् । साइबर समालोचनाले यस्ता कृतिभित्र रहेका परोक्ष यथार्थको विश्लेषण गर्दछ । साहित्यमा साइबर अन्तरवस्तु साहित्यका सबै विधाहरूमा एकै रूपमा नआएर फरक फरक रूपमा आएको हुन्छ । कवितामा साइबर विषयक अन्तरवस्तु चेतनाका रूपमा आएको हुन्छ । साइबरजन्य शब्दहरूको प्रयोगद्वारा साइबर चेतना सम्प्रेषण गर्ने कार्य कविता विधामा हुन्छ भने आख्यानमा साइबर अन्तरवस्तु अलि व्यापक रूपमा आएको हुन्छ । पात्र, घटना, परिवेश आदि सबैमा साइबर तत्त्वको प्रयोग र साइबर संस्कृतिको प्रतिबिम्बन साइबर आख्यानमा पर्दछ । यसैगरी नाटकमा पनि साइबरको प्रयोग अन्तरवस्तु तथा रङ्गमञ्च दुबैमा गरिएको हुन्छ । यसमा पनि अन्तरवस्तुको प्रयोग आख्यानमा जस्तै व्यापक हुन्छ भने निबन्धमा अनुभूति व्यक्त गर्ने क्रममा चेतनाका रूपमा साइबर सम्बद्ध अन्तरवस्तु प्रयोग भएको हुन्छ । समालोचना विधामा पनि सिद्धान्त र प्रयोग दुबै पक्षमा साइबरवस्तुको प्रयोग गरिएको हुन्छ । यसरी साइबर अन्तरवस्तुको उपस्थिति भएको साइबर कृतिको व्याख्या विवेचना साइबर समालोचनाले गर्दछ ।

**ख) नयाँ संस्कृतिका रूपमा साइबर संस्कृतिको विश्लेषण**

सन् १९८० को दशकबाट प्रारम्भ भएको र १९९० को दशकबाट तीव्र गतिमा विकास भएको इन्टरनेट प्रविधिले थोरै समयमा नै विश्वव्यापी रूपमा आफूलाई विस्तार गरिरहेको छ । यस प्रविधिको प्रयोगविना मान्छे अधुरो र अपुरो हुँदै गइरहेको छ । यही सामाजिक सन्जालको प्रयोगका कारण समाजमा एउटा पृथक् किसिमको संस्कृतिको निर्माण भएको छ, जसलाई साइबर संस्कृति भनिन्छ । इन्टरनेट प्रविधिद्वारा निर्मित संस्कृति नै साइबर संस्कृति हो । यन्त्रको सहाराले चलेको मानवीय जीवनशैलीको चित्रण गरी लेखिएको साहित्य साइबर साहित्य हो । यस्तो साहित्यमा साइबर संस्कृतिको बढ्दो प्रभावलाई देखाइएको हुन्छ । परम्परित संस्कृतिभन्दा

भिन्न र पृथक् रूपमा प्रस्तुत भएको साइबर संस्कृतिलाई नयाँ संस्कृतिका रूपमा साइबर समालोचनाले अध्ययन विश्लेषण गर्दछ ।

**ग) कृतिमा साइबर पद–पदावलीको प्रयोगबाट अर्थमा विशिष्टीकरण**

इन्टरनेट प्रविधिसँग सम्बद्ध भई लेखिएका तथा साइबर संस्कृतिको चित्रण गरिएका कृतिहरू साइबर कृति हुन् । यस्ता साहित्यिक कृतिहरू विषयवस्तु तथा शब्दप्रयोगका दृष्टिले नै परम्परागत साहित्यभन्दा फरक हुन्छन् । साइबर कृतिमा प्रयुक्त घटनासन्दर्भ पात्र, संवाद, दृश्य आदि सबै परोक्ष हुन्छन् र ती यन्त्रको माध्यमबाट सञ्चालित हुन्छन् । विषयहरू वर्णन गर्नुपर्दा वा त्यस किसिमका अर्थहरूको सम्प्रेषण गर्नुपर्दा साइबरसँग सम्बन्धित प्राविधिक शब्द तथा पदावलीहरूको प्रयोग गरिन्छ । यसरी कृति वा रचनामा प्रयोग गरिएका त्यस्ता नयाँ साइबर शब्दहरूको व्याख्या विवेचना गर्ने काम साइबर समालोचनाले गर्दछ । परम्परागत आधुनिक साहित्यमा प्रयोग नभएका र अहिले प्रयोग हुन आएका यस्ता शब्दहरूले विशिष्ट अर्थ दिने भएकाले यस्तो साहित्य आफैँ विशिष्टीकत भएको हुन्छ । यस्ता प्राविधिक तथा नवीन शब्दहरूको प्रयोगले नै आजको साहित्य आधुनिक साहित्यबाट उत्तरआधुनिक साहित्य बन्न पुगेको हो । भूमण्डलीकरण, विश्वग्राम, परोक्ष यथार्थ, अधिययार्थ, भर्चुअल सोसाइटी, फेसबुक, ट्विटर र च्याट आदि जस्ता धेरै शब्दहरू साइबर साहित्यमा प्रयोग हुन्छन् । यिनै र यस्तै शब्दहरू एवम् तिनले दिने अर्थहरूलाई केन्द्रमा राखेर साइबर समालोचनाले कृतिको अध्ययन विश्लेषण गर्दछ ।

**घ) साइबर माध्यमबाट साहित्यको सम्प्रेषण**

पछिल्लो समयमा मुद्रण साहित्य अर्थात् छापामा लेखिएको साहित्य पढ्नेभन्दा साइबर/अनलाइनबाट पुस्तक पढ्नेहरूको सङ्ख्या बढी छ । साइबर प्रणाली साहित्यलाई विश्वव्यापी बनाउने सबैभन्दा प्रभावकारी माध्यम हो । यसले विश्वको कुनै पनि भूगोलमा कृतिको सम्प्रेषण गर्ने क्षमता राख्दछ । एउटा देशको साहित्य अन्य देशहरूमा, एउटा भाषाको साहित्य अरू भाषाहरूमा पाइने मात्र होइन पूरै पुस्तकालय नै पकेटभित्र राख्न मिल्ने भएकाले साइबरका माध्यमबाट साहित्यका पाठकहरू दिनप्रतिदिन बढ्दै गइरहेका छन् । प्रकाशन विक्रीवितरण तथा बजार व्यवस्थापनको झन्झटबाट मुक्त भई चाँडोभन्दा चाँडो विश्वबजारभरि फैलिन सक्ने भएकाले आजका साहित्यिक रचनाहरू सजिलै पाठकसामु पुग्छन् र सम्प्रेषित हुन पाउँछन् । साइबर साहित्यका प्रमुख विशेषताहरूमध्ये यो पनि प्रमुख हो र यसैलाई साइबर समालोचनामा कृतिविश्लेषणको आधार मानिन्छ । यसबाट पनि साइबर साहित्यको प्रभावका बारेमा अध्ययन गर्न सकिन्छ ।

**ङ) साहित्यको बजार विस्तार र प्रतिक्रियामा साइबर संस्कृति**

साइबर कल्चरसँगै विकसित भएको साइबर साहित्यले आज विश्वव्यापी रूपमा आफ्नो बजार विस्तार गर्न सफल भएको छ । इन्टरनेट प्रविधि अर्थात् साइबर सन्जालको माध्यमबाट प्रवाहित हुने साहित्य अब कुनै भूगोल, क्षेत्र, भाषामा मात्र सीमित भएर बस्दैन । विद्युतीय तरङ्गमार्फत विश्वका कुनाकुनासम्म यसले आफ्नो विस्तार गरिसकेको हुन्छ । अमेरिकाबाट प्रकाशित कुनै पुस्तक नेपालको कुनै एउटा कुनामा बसेर कसैले अनलाइनका माध्यमबाट पढ्न सक्दछ र पढेको कुरालाई उसले फेरि त्यसैमार्फत प्रतिक्रिया सम्प्रेषित गर्न सक्दछ । अहिले भर्खर कुनै कविद्वारा लेखिएको कवितालाई विश्वभरिका मानिसले क्षणभरमा नै पढ्न सक्छन् र उत्तिखेरै प्रतिक्रिया दिन सक्छन् । यस अर्थमा साइबर प्रविधिले साहित्यको बजारविस्तारमा युगान्तकारी भूमिका

खेलेको छ । कृतिका बारेमा गरिने आलोचना, समालोचना तथा विभिन्न प्रतिक्रियाहरू प्राप्त हुने भएकाले यसबाट साइबर समालोचनाको प्रभावकारिता अझ बढी देखिन्छ । साइबरद्वारा साहित्यको बजारविस्तार र यसबारे आएका प्रतिक्रियाहरू पनि साइबर संस्कृतिकै विभिन्न पाटा हुन् र यसलाई पनि साइबर समालोचनामा कृतिविश्लेषणको प्रारूप मान्न सकिन्छ ।

### ७. साइबर संस्कृति र साहित्य

मानव जीवनको सर्वोत्कृष्ट पहिचान भनेको नै संस्कृति हो । संस्कृति प्राकृतिक र निर्मित गरी दुई किसिमका हुन्छन् । युगौँयुगदेखि चल्दै आएको संस्कृति प्राकृतिक संस्कृति हो । यो हरेक मानिसमा संस्कारसँगै गाँसिएर आएको हुन्छ यसलाई परम्परागत संस्कृति पनि भनिन्छ । तर, निर्मित संस्कृति भिन्न प्रकारको हुन्छ । समयका विभिन्न कालखण्डमा भिन्न भौतिक तथा सामाजिक परिवर्तनहरूसँगै निर्माण हुँदै गएको संस्कृति निर्मित संस्कृति हो । प्राकृतिक संस्कृति स्थापित हुन पनि धेरै समय लाग्छ र विस्थापित हुन पनि त्यति नै समय लाग्छ । तर निर्मित संस्कृति स्थापित हुन पनि धेरै समय लाग्दैन र यसको आयु पनि त्यति लामो हुँदैन । पछिल्लो समयमा देखापरेको साइबर संस्कृति पनि निर्मित संस्कृति हो । सूचना र प्रविधिका क्षेत्रमा भएको अकल्पनीय परिवर्तनले निर्माण गरेको यस संस्कृतिको प्रारम्भ भएको धेरै नभए पनि यसले द्रुत गतिमा विश्वव्यापी रूपमा प्रभाव पारेको छ ।

मानव जीवनमा प्रवधिको पहुँच पुग्न थालेपछि र प्रविधिको प्रयोगबाट नै मानिसले आफ्ना काम, संवाद, संज्ञान र सूचनाहरू प्राप्त गर्न थालेपछि प्रविधिसंस्कृति अर्थात् साइबर संस्कृतिको विकासले द्रुत गति लिन थालेको हो । यसैको परिणाम स्वरूप आजको मानिस प्रविधि र यन्त्रमुखी बन्दै गएको छ । अझ भनौं आजको मान्छे जैविकता र यान्त्रिकताको मिश्रण बन्न पुगेको छ । साइबर संस्कृति भनेको साइबरजन्य क्रियाकलाप र गतिविधिबाट निर्मित संस्कृति हो । वर्तमान समयमा सञ्चारको सबैभन्दा ठूलो हिस्सा इन्टरनेटले ओगटेको छ । यसले अन्तरव्यक्ति सञ्चार र समूह सञ्चारदेखि पपुलर कल्चर, मास कल्चरको प्रवृत्ति समेट्ने पत्रिका, रेडियो, टेलिभिजन आदि सबैलाई एउटै माध्यममा समेटेको छ, त्यसकारण यो साझा मिडियाका रूपमा समेत देखिन्छ (बराल. २०७० : ७८) । साइबर नेटको बढ्दो उपयोग र यसको प्रभावकारिताले पुराना सांस्कृतिक मान्यताहरू भत्किएका छन् । संस्कृतिको विनिर्माण भएको छ । इन्टरनेटको प्रयोगले विश्व खुम्चँदै गइरहेको छ । सूचना सञ्चार, मनोरञ्जन र व्यवसाय गरी मूलतः यी तीन पक्षमा काम गर्ने कम्प्युटर प्रविधिले मानिसको जीवनशैली र समाज परिवर्तनमा युगान्तकारी भूमिका खेलेको मानिसका आवश्यकता तथा समस्याहरूको समाधान कम्प्युटरबाट नै हुन थालेपछि सारा विश्व नै साइबरनेटको सन्जालमा बाँधिन पुगेको छ । आजको मान्छेको बोलीमा साइबरसँग सम्बद्ध शब्दहरूको व्यापक प्रयोग हुनाका साथै व्यवहारमा पनि साइबरजन्य उपकरणहरूको प्रयोग बढ्दै गएको छ । आजको मानिस इन्टरनेटबाट टाढा रहन सक्दैन । यसरी मान्छेको अभिन्न भएर टेक्नो कल्चर अर्थात् साइबर संस्कृति आजको समाजमा स्थापित बनिसकेको छ र यही समाजमा व्याप्त प्रविधि संस्कृतिको अध्ययन नै साइबर समालोचनाको मुख्य विषय हो ।

मान्छेमान्छेका बीच सम्बन्ध सुमधुर बनाउने र आत्मीयता थप्ने कामदेखि सारा विश्वको हालखबर एक निमेषमा नै थाहा पाउन यस प्रविधिले चमत्कारी भूमिका निर्वाह गरेको छ । त्यसकारण पनि मानिस र प्रविधि अभिन्न बनेको स्थिति वर्तमानमा देखिन्छ । डेक्सटप, ल्यापटप, मोबाइल आइफोन, आइप्याड आदि प्रयोगसँगै साइबर संस्कृति झाँगिदै गएको देखिन्छ । आजका मान्छेको दिनचर्या यसैबाट सुरु हुन्छ र अन्त्य पनि यसैबाट हुन्छ । साइबर संस्कृति यथार्थ होइन र पनि यसलाई यथार्थ नै मानेर मानिस खुसी भइरहेको देखिन्छ ।

यसप्रकारको संस्कृति भर्चुअल अर्थात् परोक्ष हुन्छ । पृथ्वीको पल्लो भूभागमा बस्ने साथी तथा आफन्तसँग कम्प्युटर स्क्रिनमा देखेर हामी साँच्चै भेट भएको मान्छौँ । च्याटमा कुराकानी गर्दा सँगै गफ गरेजस्तो ठान्दछौँ र सँगै भएको अनुभूति गर्दछौँ । यी सबै क्रियाकलाप यथार्थ होइनन् यी त WWW अथात् वर्ल्ड वाइड वेब (इन्टरनेट) का माध्यमबाट भएका परोक्ष यथार्थ हुन् । आज मानिस मानिसको भेट कुनै वास्तविक ठाउँ (स्थान) मा हुँदैन, उनीहरूको भेट त साइबर स्पेसमा हुन्छ । साइबर स्पेस कुनै वास्तविक ठाउँ वा दुनियाँ होइन यो त परोक्ष दुनियाँ हो । एकअर्कालाई भेट्ने, कुराकानी गर्ने, बहस छलफल गर्ने, सूचना सम्प्रेषण गर्ने, अप टु डेट हुनेजस्ता क्रियाकलापहरू साइबर स्पेसबाट नै हुने गरेको छ र यसबाट नयाँ जीवनशैली र नवीन संस्कृतिको विकास भएको छ, जसलाई साइबर संस्कृति भनिन्छ ।

मान्छेको जीवनशैली बनेको साइबर सम्बन्ध, मानिसका उपर्युक्त साइबर क्रियाकलाप र यान्त्रिक संलग्नता तथा परनिर्भरताजस्ता यावत् कुराहरू अहिलेको साहित्यमा आएका छन् । अनि साइबर र साहित्य परस्पर पूरकसमेत बनेका छन् । इन्टरनेटका माध्यमबाट कला, साहित्य, संस्कृति, सङ्गीत मनोरञ्जन, सूचना, व्यापार आदि क्षेत्रको विस्तारमा सहयोग पुगेको छ । समकालीन समयमा समाजका हरेक पक्षसँग कम्प्युटर र इन्टरनेटको उपयोगिता अनिवार्य भए सँगै साइबर संस्कृतिले स्वरूप लिएको हो (त्रिपाठी, २०७०, १८) । यही संस्कृति साहित्यिक अध्ययनको विषयक्षेत्रसमेत भएको छ ।

आजको साहित्य पनि टेक्नो कल्चरबाट पूरै प्रभावित छ । अन्तःसन्जालको व्यापक विस्तारले गर्दा सृजनाको परिभाषा बदलिएको छ । लेखन, प्रकाशन, वितरण सबै प्रक्रियामा परिवर्तन भएको छ । यतिखेर विश्वसाहित्यको ठूलो अंश साइबर स्पेसमा छ । यो अन्तःसन्जालीय महापथको भाषा अर्कै छ । लेख्ने भनेको किबोर्ड हान्ने, पढ्ने भनेको स्क्रिनमा आँखा जुधाउने स्थिति आएको छ । पठन क्रियामा विधा बदलिएर ध्वनि र दृश्य पनि मिसिएका छन् । यो एउटा कल्पवृक्षजस्तै बनेको छ । विश्वब्रह्माण्ड यसैमा दौडिएको छ (भट्टराई. २०६६ : १३४) । जीवनशैलीमा रूपान्तर भएको साइबर संस्कृति आजको साहित्यिक रचनामा पनि कुनै न कुन रूपमा प्रयोग भएर आएको छ । विशेषतः आख्यान विधामा समेत साइबर संस्कृतिको प्रयोग बढी भएको देखिन्छ । आख्यानले वर्तमान समय र आजको मान्छेको जीवनशैली र जीवन भोगाइलाई प्रत्यक्ष रूपमा अभिव्यक्ति गर्ने भएकाले पनि कथा तथा उपन्यासमा साइबर चेतनाको प्रयोग केही बढी मात्रामा हुने गरेको पाइन्छ ।

आजका कतिपय कवितामा देवीदेवताले साइबर सेक्सका कुरा गरेका सन्दर्भहरू छन्; कतिपय कथामा यन्त्रका युवायुवती अर्थात् डिजिटल जोडी कम्प्युटर स्क्रिनमा नै प्रेम गर्छन्; कतिपय निबन्धमा र कथामा समेत विदेशी यन्त्रमानव वा डिजिटल मान्छेले नेपालीसँग सोझै संवाद गरेर नेपालमा विकृतिको पाठ पढाउँछन् । त्यस्तै कतिपय उपन्यासमा परामानवलाई नायक र साइबोर्गहरूलाई पात्र बनाई साइबर दुनियाँको कथानक बुनिएका छन् भने कतिपय कृतिहरू अनलाइनबाट लिइएका अन्तर्वार्ताहरूको सँगालोका रूपमा आएका छन् । त्यति मात्र नभएर साइबर सन्जालमा आबद्ध भएर साहित्यिक अन्तरक्रिया गर्ने, विभिन्न साहित्यिक विधामा प्रतियोगिताहरू गर्ने, अनलाइन पत्रिकाहरू प्रकाशित गर्नेजस्ता प्रत्यक्ष गतिविधि पनि साहित्यमा बढ्दै गएको छ । आजका स्रष्टाहरूमा प्रत्यक्ष होस् या परोक्ष होस् प्रविधि संस्कृतिको प्रभाव व्यापक रूपमा बढ्दै गइरहेको छ र यसको प्रभाव साहित्यमा देख्न सकिन्छ । प्रविधिबाट मुक्त साहित्य आजको सन्दर्भमा पाउन कठिन छ । साइबर संस्कृतिकै धरातलमा उभिएर साहित्य लेखिने भएकाले आजका कथा, उपन्यास, नाटक आदिमा साइबर पात्र उपस्थित छन् । कविता र निबन्धमा साइबर चेतना छ र यी विधाका सहभागी पनि साइबर छन् । यस्तो

स्थिति केही कृति वा रचनामा पाइए पनि त्यसको प्रभाव बढ्दो छ । यस्ता किसिमका कृतिहरूको विश्लेषणका लागि साइबर समालोचना अनिवार्य हुन्छ ।

## ८. साइबर साहित्य र साइबर समालोचना

साइबर नेटद्वारा निर्मित संस्कृति साइबर संस्कृति हो भने यही साइबर संस्कृतिको चित्रण गरी लेखिएका र साइबर संस्कृतिको प्रयोग भएका रचनालाई साइबर साहित्य भनिन्छ । अझ सामान्यीकरण गरेर भन्नुपर्दा विद्युतीय सामाजिक सन्जालका माध्यमबाट वा साइबरजन्य उपकरणहरूको प्रयोग गरी लेखिएका तथा अनलाइन पत्रिकाहरूमा प्रकाशित लेख रचनाहरूलाई पनि साइबर साहित्य भन्ने गरिएको पाइन्छ । यसमा साइबरजन्य उपकरणको प्रयोग गरेर लेखकले रचना सम्प्रेषण गर्दछ र पाठकले पनि तिनै उपकरणको प्रयोग गरी रचना पढ्ने भएकाले यस्ता साहित्यलाई पनि साइबर साहित्य भनिएको हो । इ-पत्रिका, इ-बुक र इ-लाइब्रेरी यसकै उदाहरण हुन् । तर, साइबरजन्य उपकरणको प्रयोग नगरी लेखिएको साहित्य पनि साइबर साहित्य हुन सक्छ । स्रष्टाको सृजनामा वा आख्यानमा साइबर संस्कृतिको चित्रण छ; पात्रहरू साइबर दुनियाँसँग सम्बद्ध छन् भने पनि ती कृति/रचनालाई साइबर साहित्य भनिन्छ । यसरी साइबरसँग सम्बद्ध विषयवस्तुहरू आएका कुनै पनि रचनालाई साइबर साहित्य भनिन्छ । यसरी हेर्दा साइबर साहित्य दुई प्रकारका हुन्छन् ।

साइबर साहित्य इन्टरनेटद्वारा निर्मित साइबर संस्कृतिकै देन हो । साहित्य प्रकाशन र सम्प्रेषणसँग सम्बद्ध विषय भएकाले पनि यसले साइबर दुनियाँमा छोटो समयमा नै हस्तक्षेपकारी उपस्थिति देखाएको पाइन्छ । स्रष्टाहरूले आफ्ना सृजना फेसबुक, ट्विटर आदिका माध्यमबाट सम्प्रेषण गर्ने, त्यही पेजमा नै अन्य स्रष्टा समालोचकहरूका सल्लाह-सुझाव र प्रतिक्रियाहरू प्राप्त गर्ने तथा सृजनालाई छलफलको विषय बनाउनेजस्ता साइबरजन्य साहित्यिक गतिविधिहरू बढ्दै गएको देखिन्छ । यसबाट पनि साइबर साहित्यले झाँगिने र मौलाउने अवसर पाएको हो । यसैगरी साहित्यको विषयवस्तुलाई नवीन र पृथक् बनाउन स्रष्टाको उद्देश्य रहेको हुन्छ । यही नवीन विषयवस्तुको प्रयोग गर्ने उद्देश्यले पनि साइबर साहित्य लेखिएको पाइन्छ । वर्तमान पछिल्लो समयमा देखिएको प्रविधि र मानिसको अनौठो किसिमको निकटता, प्रविधि/यन्त्रको अत्यधिक प्रयोग र त्यस प्रयोगले मानव समुदायमा पारेको सकारात्मक तथा नकारात्मक प्रभाव आदिका बारेमा साहित्यका माध्यमबाट आफ्ना धारणा, विचार र अनुभव व्यक्त गर्ने क्रमसँगै साइबर साहित्यको विकासले तीव्र गति लिन थालेको हो । यस्तै किसिमका साइबर शब्दहरूको अधिक प्रयोगले भाषामा नयाँपन देखिनु पनि साइबर साहित्यको विशेषता हो ।

पछिल्लो समय साहित्यमा नयाँ विषयवस्तुका रूपमा साइबरसम्बन्धी विषयहरू प्रयोग भएका छन् । साइबर साहित्यको विकासमा प्रत्यक्ष र परोक्ष रूपमा डायस्पोरा साहित्यको पनि उल्लेखनीय योगदान देखिन्छ । घर, परिवार र स्वदेशबाट टाढा रहेका डायस्पोराहरूले यी सबैसँग सम्बन्ध बनाइराख्नका लागि र आफ्ना भाव, विचार र अनुभूति पोख्नका लागि एक मात्र प्रभावकारी सञ्चार माध्यमका रूपमा यही विद्युतीय सन्जालको नै प्रयोग गरे र यही साइबरजन्य उपकरणको प्रयोग गरेर उनीहरूले आफ्नो साहित्य लेखनलाई अगाडि बढाएको देखिन्छ । साइबर संस्कृतिको बढ्दो प्रभावले बदलिएको समाज र व्यक्तिको जीवनशैली तथा यसका प्रभावहरूलाई विषयवस्तु बनाएर पछिल्लो समयमा साहित्य-रचना लेखिन थालिएका छन् । यसरी साइबरसँग सम्बद्ध विषयहरू मुख्य रूपमा आख्यानमा नै बढी प्रयोग भएको देखिन्छ । आख्यानले मान्छेका हरेक क्रियाकलाप र व्यवहारलाई यथार्थ रूपमा चित्रण गर्ने भएकाले आजको मान्छेमा निहित साइबर चेतना

पनि कथा वा उपन्यासमा प्रयोग भएको छ । यसरी लेखिएका साइबर साहित्यमा साइबर सम्बद्ध प्राविधिक शब्दहरूको प्रयोग अत्यधिक रूपमा भएको पाइन्छ ।

इन्टरनेट सन्जालमा सम्प्रेषित भएका र साइबर संस्कृतिको प्रभावमा लेखिएका रचनाहरूको भाषामा समेत ठूलो परिवर्तन देखिएको छ । साइबर आख्यान वास्तविक नभएर परोक्ष यथार्थसँग सम्बन्धित हुन्छ । त्यसैले साइबर समालोचनाले मुख्य रूपमा परोक्ष यथार्थको विश्लेषण गर्दछ । साथै, साइबर संस्कृतिको प्रभावका कारण मानिसको भावी जीवनमा आउन सक्ने सम्भावित अवस्था र परिवर्तनको पनि यस समालोचना विवेचना गर्दछ (शर्मा. २०७१ : १०९) । तसर्थ, यो समालोचना साइबर साहित्यको विश्लेषण गर्ने शास्त्र हो ।

साइबर साहित्यलाई अध्ययन तथा विश्लेषण गर्ने समालोचनालाई साइबर समालोचना भनिन्छ । खास गरी यसले साहित्यमा प्रयुक्त साइबर संस्कृति र साइबर समाजको अध्ययन गर्दछ । साधारणतया विद्युतीय सञ्चार सन्जालमा लेखिएका र सम्प्रेषित भएका समालोचनालाई पनि साइबर समालोचना मान्ने गरिए पनि साइबर संस्कृति र साइबर साहित्यलाई साइबर सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गर्ने सामालोचनाका रूपमा साइबर समालोचनालाई लिइन्छ । साइबर साहित्यमा प्रयोग भएका प्राविधिक शब्दहरूको अर्थ र अभिप्राय बुझ्न, साइबरसँग सम्बन्धित सन्दर्भहरूको व्याख्या गर्न र प्रविधिसँग जोडिएर घटित भएका घटना वा मानवीय व्यवहारहरूको सूक्ष्म अध्ययन विश्लेषण गर्न साइबर समालोचनाको आवश्यकता पर्दछ । विज्ञान र प्रविधिको विस्तारले ढाकिसकेको मानवीय समाजको संस्कृति भनेकै साइबर संस्कृति हो ।

टेलिभिजन, कम्प्युटर प्रविधिले ल्याएको प्रमुख, औपनिवेशिक चेतना, भूमण्डलीकरणको प्रभाव, इमेल इन्टरनेटको प्रभाव, यन्त्रबाटै सबै काम गर्न मिल्ने प्रवृत्ति र प्रविधि आदिबाट आजका कृति वा रचना प्रकाशित भएकाले तिनको विश्लेषणका लागि समालोचकमा पनि साइबर संस्कृतिको ज्ञान हुनु अत्यन्त जरुरी छ । मानिस र मेसिनको सम्बन्ध हेर्ने साइबर समालोचना पनि अन्तर्विषयक समालोचना नै हो (गौतम. २०७०, ३९२) । साइबर समालोचनाले साइबरइतर विषयको अध्ययन गर्दैन । प्रविधिका सकारात्मक तथा नकारात्मक दुबै पक्षको अध्ययन विश्लेषण गर्नु साइबर समालोचनाको विशेषता हो । खास गरी इन्टरनेट सन्जालको अवस्था, मानव र मेसिनको सम्बन्धको खोजी तथा जीवनमा साइबर संस्कृतिको बढ्दो प्रभाव र यसबाट हुने हानी र खतराप्रति सतर्कता र सचेतताजस्ता कुरामा केन्द्रित भई साइबर समालोचना लेखिने गरिन्छ ।

साइबर समालोचना आफैमा एउटा अन्तर्विषयक समालोचना हो । साइबर विज्ञान-प्रविधिसँग सम्बन्धित विषय हो । यो साहित्यिक विषय होइन तर यो विज्ञानप्रविधि नै साहित्यको विषय हुन आएपछि अर्थात् मानवीय जीवनशैलीको वर्णनमा प्रविधि पनि समावेश हुन आएपछि नै साइबर साहित्य तथा समालोचनाको प्रारम्भ भएको हो । आजको मानिस साइबोर्ग (आधा मान्छे आधा यन्त्र) बनिसकेको अवस्थामा लेखिएका कृतिहरूको अध्ययन गर्ने सिद्धान्तका रूपमा साइबर समालोचनाको विकास भएको हो । यसले प्रविधि, यन्त्र र त्यससँग जोडिएका मानव सञ्चेतना र संवेदनालाई समग्र रूपमा अध्ययन गर्दछ । साइबर समालोचनाको महत्त्व र औचित्य दिन प्रतिदिन बढ्दै गइरहेको छ । प्रत्यक्ष र परोक्ष दुबै रूपमा साइबर संस्कृतिको चित्रण गरिएका र साइबर चेतनाको प्रयोग गरिएका कृतिहरूको सङ्ख्या क्रमश: बढ्दै गएको आजको सन्दर्भमा यस्ता कृतिहरूको अध्ययन केवल साइबर समालोचनाले मात्र गर्ने भएको हुँदा पनि यसको महत्त्व र उत्तरदायित्व थपिँदै गएको हो ।

साइबर समालोचना इन्टरनेट प्रविधिको विकास र विस्तार भइसकेपछि प्रारम्भ भएको समालोचना हो । इन्टरनेटको प्रयोगले मानव समुदायलाई सुविधायुक्त र सहज मात्र बनाएन यसले सम्पूर्ण मानव समुदायको

जीवन शैलीलाई नै परिवर्तन गरिदियो । पुराना मूल्य मान्यताहरू भत्कँदै जान थाले । प्रविधिका माध्यमबाट भित्रिएका जीवन शैलीले एउटा संस्कृतिकै रूप लिन पुग्यो, जसलाई प्रविधि संस्कृति पनि भनिन्छ । साहित्यिक कृतिमा आएको यही प्रविधि संस्कृतिको विश्लेषण नै साइबर समालोचनाको केन्द्र हो । साइबरसँग सम्बद्ध विषय अमूर्त र अवास्तविक हुन्छ, त्यसैले यसलाई भर्चुअल (विभ्रम) पनि भनिन्छ । यस्ता भर्चुअल विषयहरूको अध्ययन यस समालोचनाले गर्दछ ।

साइबर समालोचनाले खासगरी *पोस्ट ह्युमन*हरूको अध्ययन गर्दछ । यन्त्रको अधीनमा रहेको र आफ्नो स्पर्शले काम गर्न छाडेको अवस्थामा बाँचेको मान्छेलाई पोस्ट ह्युमन भनिन्छ । भूमण्डलीकरणले साँधुरो बनाएको उपभोक्तावादी तथा बजारवादी आजको समाजमा साइबर कल्चरसँग बेग्लिएर/अलग्गिएर मान्छे बाँच्न सक्दैन र पनि यसका प्रशस्त नकारात्मक पक्षहरू छन् । यिनै नकारात्मक प्रभावहरूको अतिक्रमणलाई कसरी रोक्न सकिन्छ भन्ने विषयमा अध्ययन गर्नु पनि यस समालोचनाको महत्त्वपूर्ण पक्ष हो ।

## ९. निष्कर्ष

उत्तरआधुनिक बहुलवादी सिद्धान्तका रूपमा तथा सांस्कृतिक अध्ययनको एउटा मुख्य पाटोका रूपमा साइबर समालोचनालाई लिने गरिन्छ । साइबर संस्कृति र यससँग सम्बद्ध भएर आएका साहित्यिक रचना वा कृतिको अध्ययन विश्लेषण गर्ने विधि वा पद्धतिले साइबर समालोचना हो । साइबर समालोचनाको इतिहास त्यति लामो नभए पनि पछिल्लो समय यसको आवश्यकता र औचित्य बढ्दै गएको छ । साइबर समालोचनाले साइबर अर्थात् इन्टरनेट प्रविधिसँग सम्बद्ध भएर आउने विभिन्न विषयवस्तुमाथि केन्द्रित साहित्यलाई अध्ययनको आधार बनाउँछ र यस्तो अध्ययनमा साइबर संस्कृतिका सकारात्मक र नकारात्मक प्रभावहरूको व्याख्या विश्लेषण गर्नुका साथै साइबर जगत्सँग सम्बन्धित अन्य विविध पक्षहरूको पनि अध्ययन गर्दछ । साइबर संस्कृतिले निर्माण गरेका नयाँनयाँ शब्द, भाषा तथा जीवनशैलीको पनि यसले अध्ययन गर्दछ ।

साइबर समालोचना अन्तरविषयक समालोचना हो । यसले मानव जीवनसँग जोडिन आइपुगेको प्रविधिको अध्ययनमा रुचि राख्छ । साइबर समालोचनाले त्यस्तो संसारको अध्ययन गर्दछ; जहाँ हावा, पानी, माटो केही हुँदैन अनि त्यस्ता पात्रहरूको विश्लेषण गर्दछ, जुन पात्र श्वासप्रश्वास त आफैँ गर्छ तर अन्य सबै कुरा यन्त्रका माध्यमबाट गर्दछ । यसबाहेक साहित्यिक कृतिमा उपस्थित साइबर तत्त्वका साथै साइबर पद पदावलीहरूको प्रयोगबाट अर्थमा आएको विशिष्टीकृत रूपका बारेमा व्याख्या गर्ने काम पनि यसले गर्दछ । कृतिमा साइबर अन्तरवस्तुको उपस्थिति, नयाँ संस्कृतिका रूपमा साइवर संस्कृतिको विश्लेषण, साइबरका माध्यमबाट साहित्यको सम्प्रेषण, बजार विस्तार र प्रतिक्रिया लेखन आदि साइबर समालोचनामा कृतिविश्लेषणका प्रारूप हुन् । इन्टरनेट प्रविधिसम्म पहुँच नपुगेका मान्छेका यथार्थलाई यसले अध्ययन गर्दैन । सूचना, सञ्चार र साहित्यलाई अन्तरघुलन गरेर साहित्यको सृजना र सम्प्रेषण गर्नु साइबर साहित्यको बाह्य पक्ष हो भने साहित्यिक रचनामा साइबर संस्कृतिको चित्रण गर्नु वा प्रविधि संस्कृतिलाई विषयवस्तु बनाउनु आन्तरिक पक्ष हो । साहित्यमा प्रयुक्त यी दुबै पक्षका बारेमा अध्ययन गर्ने काम साइबर समालोचनाले गर्दछ ।

## सन्दर्भसूची

कडन, जे.ए.. सन् २०१०. *डिक्सनरी अफ लिटररी टर्म्स एन्ड लिटररी थ्यौरी*. चौथो संस्क., लन्डन : पेङ्गुइन ग्रुप ।

गिलिज, स्टेसी. सन् २००७. *साइबर क्रिटिसिज्म, इन्ट्रोडक्टिङ क्रिटिसिज्म एट द 21 सेन्चुरी*. रिप्रिन्टेड संस्क., (सम्पा.) जुलियन उल फ्रिज, न्यु दिल्ली : रावत पब्लिकेसन ।

गौतम, लक्ष्मणप्रसाद. २०६७. *उत्तरआधुनिक समालोचनामा कृतिविश्लेषणका पद्धति र प्रारूप*. भृकुटी (उत्तरआधुनिकता विशेषाङ्क) पूर्णाङ्क १०, पृ. ३८४-३९८ ।

............ २०६६. *नेपाली साहित्यमा उत्तरआधुनिक समालोचना*, काठमाडौं : अरिएन्टल पब्लिकेसन ।

चालिसे, विजय. २०६४. *आमसञ्चारका सिद्धान्तहरू,* ललितपुरः साझा प्रकाशन ।

पौड्याल, एकनारायण. २०७०. *समालोचनाको स्वरूप र पद्धति*, चितवन : विमर्श नेपाल ।

त्रिपाठी, भुवन. २०७०. *अनलाइनका नेपाली कथामा साइबर संस्कृतिको प्रयोग*, डिनको कार्यालय, त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा प्रस्तुत अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध ।

दाहाल, ऋषिकेश. २०७०. “नेपालमा साइबर संस्कृति”, *भृकुटी (सांस्कृतिक अध्ययन विशेषङ्क)* पूर्णाङ्क १९, पृ. ७५-८२ ।

बजगाईं, कृष्ण. २०६६. *स्रष्टा र डिजिटल वार्ता*, (सम्पा), अमेरिका : अन्तराष्ट्रिय नेपाली साहित्य समाज ।

भट्टराई, गोविन्दराज. २०६६. “साइबर स्पेसमा हाम्रो प्रवेश र नेपाली साहित्यले अजङ्ग फड्का मारेको दृश्य” *स्रष्टा र डिजिटलवार्ता*, सम्पा, कृष्ण बजगाईं, अमेरिका : अन्तराष्ट्रिय नेपाली साहित्य समाज ।

विलेट, जिन्नी एस.एम..सन् २०१३. *न्यु आर्ट राइटिङ : क्रिएटिङ अ कल्चर अफ साइबर क्रिटिसिज्म.* युएसए एन्ड युके. : क्रिएट स्पेस इन्डिपेन्डेट पब्लिसिङ प्लाटफर्म ।

शर्मा, मोहनराज. २०६८. *साइबर उपन्यास : साइबर समालोचना भूमिका* (जिरो कटेज), टङ्क चौलागाई, काठमाडौं : कखरा किताब ।

शर्मा, मोहनराज. २०७१. “साहित्यिक कृतिमा साइबर संस्कृतिका विविध पक्षलाई खोज्ने, खोतल्ने र विश्लेषण गर्ने प्रक्रिया नै साइबर समालोचना हो”. *समकालीन साहित्य* (पूर्णाङ्क, ७२) पृ. १०४-११० ।

सुवेदी, अभि. २०७०. *साहित्य र आमवृत्त*. काठमाडौं : मदर पब्लिकेसन्स ।

सुवेदी, राजेन्द्र र गौतम, लक्ष्मणप्रसाद. २०६८. (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना*, (सैद्धान्तिक खण्ड), काठमाडौं : रत्न पुस्तक भण्डार , ।

http://en.wikipedia.org/wiki/cyberculture #manifestations of cyberculture, 2015.

http://en.wikipedia.org/wiki/history # of computing, 2015.

https://en.m.wiktionary.org>wiki>cyber, 2015.

•

# 'किनाराका आवाजहरू'को सबाल्टर्नपरक अध्ययन

**वासुदेव पुलामी***

**सार**

*यस आलेखमा सबाल्टर्नको सैद्धान्तिक अवधारणा प्रस्तुत गरी सबाल्टर्न अध्ययनको विकासप्रक्रियाको पनि चर्चा गरिएको छ । यस क्रममा दार्जिलिङ सेरोफेरोको नेपाली समाज र त्यस समाजले भोग्नुपरेका सबाल्टर्न अनुभूति एवम् भोगाइलाई देखाउँदै मनप्रसाद सुब्बा र रेमिका थापाद्वारा लिखित सबाल्टर्न कविताहरूको सङ्ग्रह 'किनाराका आवाजहरू'भित्रका कवितालाई सबाल्टर्न अध्ययनका कोणबाट विश्लेषण गरिएको छ । कविताको विश्लेषण गर्ने क्रममा विश्लेष्य कवितामा सबाल्टर्न स्वरहरू कसरी अभिव्यञ्जित भएका छन् भन्ने कुरालाई सिद्धान्तका आधारमा पुष्टि गरी निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** उत्तरऔपनिवेशिक, किनारीकरण, केन्द्रवाद, नश्ल, वैश्विक, सङ्कथन, स्मृत्याभास, स्वसंस्कृति ।

## १. विषयपरिचय

विश्वमा औपनिवेशिक काल बितेर उत्तर-औपनिवेशिक युग चलिरहेको वेला जब देशभित्रै एउटा शक्तिसम्पन्न जातिगोष्ठीले अर्को जातिगोष्ठीको ऐतिहासिक, भाषिक, राजनैतिक, आर्थिक, सांस्कृतिक तथा शैक्षिक धरातललाई कमजोर, अनुल्लेख र असुरक्षित तुल्याइदिन्छ भने त्यसमा आन्तरिक औपनिवेशिकता (Internal Colonization) को प्रबल सम्भावना रहन्छ । यो स्थिति निश्चय नै वैदेशिक औपनिवेशिकभन्दा कम प्रभावी हुँदैन । देश स्वतन्त्र हुनुपूर्व ब्रिटिस उपनिवेशक समयभन्दा पनि अघिदेखि रहिआएका भारतीय मूलका नेपालीहरू देशका अभिन्न अङ्ग हुन् । यद्यपि देशको स्वतन्त्रतापछि लाञ्छित, शोषित र प्रताडित मात्र होइन परिचयको ठूलो सङ्कटमा परेको एउटा मूल जाति हुन् यिनीहरू । वर्तमान देशमा परिचयको सङ्कटमा बाँचेका विभिन्न जाति वा समुदायहरूमध्ये भारतीय मूलका नेपालीहरू पनि प्रमुख हुन् । राष्ट्रको मूलधारमा बग्न चाहने नेपालीहरूको भारतीय समाजमा आफ्नो अलग्गै भाषा, साहित्य, कला र संस्कृति छ। तर, देशभित्रै आन्तरिक औपनिवेशिकताको चपेटामा चेप्टिन पुगेका आम नेपालीहरूको गाथा देशलाई थाहा छैन । यो कुरा देशलाई थाहा नहुनु भारतीय नेपालीहरूको साझा पीडा हो । राष्ट्रिय मूलधारबाट किनारीकृत हुनुपरेका भारतीय मूलका नेपालीहरूको समाजव्यवस्था, अर्थव्यवस्था, कला संस्कृति, साहित्य सिर्जना र सर्जकहरूसमेत यस किसिमको पीडाबाट मुक्त छैनन् ।

'किनाराका आवाजहरू'भित्र यिनै नवउपनिवेशिकतासम्बन्धी चर्का स्वरहरू अभिव्यञ्जित छन् । कवि मनप्रसाद सुब्बा (सन् १९५२) तथा रेमिका थापा (सन् १९७१) समकालीन भारतीय नेपाली साहित्यमा प्रतिनिधि कवितासाहित्यका सर्जकहरू हुन् । कवि सुब्बा साठीको दशकदेखि नै निरन्तर आफ्नो काव्ययात्रामा प्रयोगवादी कविका रूपमा अग्रगामी देखिन्छन् । कवि थापा असीको दशकमा देखिएका कविहरूमध्ये निकै दह्रिलो प्रकारले

**उपप्राध्यापक, कालिपद घोष तराई महाविद्यालय, दार्जिलिङ, भारत ।*

आफ्नो काव्ययात्रामा अघि आएका एक जना कवि हुन् । कविता लेखनयात्रामा यी दुई कविहरूका आआफ्नै मौलिक प्रवृत्तिहरू विकसित पाइन्छ । शिल्पशैली र भाषिक रूपविन्यासमा पनि दुई कविहरू एकअर्कामा भिन्न देखिन्छन् । यद्यपि भारतीय नेपाली जातीय जीवनको साझा पीडाबाट भने दुवै कवि प्रत्यक्षरूपमा नै प्रभावित देखिन्छन् । यिनले समकालीन कविता लेखनको नवधारामा समसामयिक चेतनालाई काव्यिक स्वरूपमा रूपान्तरण गर्दै उत्तर-औपनिवेशिकताको अवधारणालाई नवीनतम वैकल्पिक चेतनाका रूपमा प्रस्तुत गरेका छन् । यो समसामयिक सौन्दर्यचेतना पनि हो । यसकारण पनि प्रस्तुत लेखमा 'किनाराका आवाज'को सबाल्टर्नपरक अध्ययन गरिएको छ ।

## २. समस्याकथन

समाज वा राष्ट्रभित्र उपेक्षित, किनारीकृत अथवा अशिक्षित वर्गका रुपमा हेरिने समुदायप्रति लक्षित गरी लेखिएको *किनाराका आवाजहरू*भित्रको सबाल्टर्नपरक अध्ययन नै यस लेखको मुख्य विषय रहेको छ । त्यस क्रममा निम्नानुसारका समस्याहरू देखा परेका छन् ।

क) दार्जिलिङका नेपालीहरूको सबाल्टर्नसम्बन्धी पृष्ठाधार के-कस्तो छ ?

ख) 'किनाराका आवाजहरू' कवितासङ्ग्रहका कवितामा सबाल्टर्न स्वरहरू के-कसरी प्रतिबिम्बित भएका छन् ?

## ३. अध्ययनको उद्देश्य

*किनाराका आवाजहरू* कवितासङ्ग्रहको सवार्ल्टनपरक विश्लेषणका क्रममा निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :

क) दार्जिलिङका नेपालीहरूको सबाल्टर्न पृष्ठाधार पहिल्याउनु र

ख) *किनाराका आवाजहरू* कवितासङ्ग्रहका कवितामा प्रतिबिम्बित सबाल्टर्न प्रवृत्तिको विश्लेषण गर्नु ।

## ४. अध्ययनविधि

प्रस्तुत अध्ययनका लागि पुस्तकालयबाट सामग्रीहरू सङ्कलन गरी वर्णनात्मक, विश्लेषणात्मक, व्याख्यात्मक र आगमनात्मक विधिहरूको आवश्यकताअनुरूप उपयोग गरी सबाल्टर्न अध्ययनका केही मानदण्डका आधारमा तथ्यको विश्लेषण गरिएको छ ।

## ५. सबाल्टर्नको अवधारणा

उत्तर-औपनिवेशिकतावादको अवधारणाभित्र एउटा अंशका रूपमा चर्चामा आएको शब्द हो- 'सबाल्टर्न' । यो शब्दको प्रयोग इटालेली मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सी (सन् १८९१-१९३७)ले 'नोट्स अन इटालियन हिस्ट्री' लेखमा प्रयोग गरेका थिए । 'सबाल्टर्न' शब्द सेनाको शब्दावलीबाट लिएको पाइन्छ जसले सेनाको अत्यन्त तल्लो वर्गमा पर्ने सानो कमिसन अधिकारीलाई बुझाउथ्यो । ग्राम्सीले 'सबाल्टर्न' शब्दको अर्थ 'प्रोलेटेरियट'को पर्यायवाची तथा त्यसको साटोमा प्रयोग गरे (http://en.wikipedia.org/wiki/Subaltern_(post colonialism)। ग्राम्सीका अनुसार समाजको निमुखा, निधर्न र आर्थिकरूपमा शोषित मात्र नभएर सांस्कृतिक र कतिपय सामाजिक हकहितबाट उपान्तमा ठेलिएका सामाजिक समुदायलाई नै सबाल्टर्नको अर्थमा बुझाएको

पाइन्छ । सबाल्टर्नको अवधारणाले वास्तवमा समाजको र देशको इतिहासका पन्नाहरूबाट सदैव ओझेलमा पारिएको, किनारीकृत गरिएका सामाजिक समुदायहरू, कृषकहरू, अशिक्षितहरू, तल्लो जातमा ठहराएकाहरू, ग्रामीण महिलाहरू आदिलाई नै बुझाएको पाइन्छ । घनश्याम नेपालका अनुसार- समकालीन सन्दर्भमा यो शब्दशक्ति सम्पन्न पहिलो विश्व र तिनका प्रभावमुनि थिचिएका, अन्तर्राष्ट्रिय मञ्चमा लुते, कमजोर, अविकसित भनेर एक किनारमा थन्काइएका मुलुकहरूबीचको अन्तर परिभाषित गर्ने क्रममा ती पछिल्ला वर्गका मुलुक र तिनका सांस्कृतिक स्थितिलाई दिइने संज्ञाको रूपमा चलेको छ (नेपाल. सन् २००५ : ३८) ।

सबाल्टर्नको अवधारणालाई लिएर सन् १९८० को दशकमा दक्षिण एसियाली इतिहासको औपनिवेशिक काललाई केन्द्रित गरी 'सबाल्टर्न अध्ययन समूह' अघि आएको देखिन्छ । यस अध्ययन समूहमा प्रख्यात भारतीय इतिहासविद् रणजीत गुहा, साहिद आमिन, पार्थ च्याटर्जी, डेविड हार्डिमेन, ज्ञानेन्द्र पाण्डे, रामचन्द्र गुहा, तनिका सरकार, सुमित सरकार, कपिल कुमार आदिले सबाल्टर्न स्टडिजबारे विस्तृत अध्ययन प्रस्तुत गरेका छन् (Sharma. 2005 : 138) ।

'सबाल्टर्न अध्ययन समूह'ले हालसम्म बाह्रवटा अध्ययन खण्ड प्रकाशित गरिसकेका छन् । पहिले छवटा खण्ड क्रमैले सन् १९८२, १९८३, १९८४, १९८६, १९८७, र १९८९ मा रणजीत गुहाको सम्पादनमा प्रकाशित भएको पाइन्छ । त्यसपछि क्रमैले सन् १९९२ मा सातौँ खण्डको सम्पादन पार्थ च्याटर्जीले सन् १९९४ मा आठौँ खण्डको सम्पादन डेविड आर्नाल्डले सन् १९९६ मा नवौँ खण्डको सम्पादन साहिद आमिन तथा दीपेश चक्रवर्तीले अनि सन् १९९९ मा दसौँ खण्डको सम्पादन गौतम भद्र, ज्ञान प्रकाश र सुसी थारूले गरेको पाइन्छ । त्यसरी नै सन् २००० मा कोलम्बिया युनिभर्सिटी प्रेसबाट एघारौँ खण्डको सम्पादन पार्थ च्याटर्जी र प्रदीप जगन्नाथले गरेको पाइन्छ भने बाह्रौँ खण्डको सम्पादन सन् २००५मा शैल मायाराम, एमएसएस पाण्डियन र अजय स्कारियाले गरेको पाइन्छ (कृष्ण. सन् २००८ : ६१) । यस अध्ययन समूहले विशेष गरेर कृषक, श्रमजीवी, शोषित, सर्वहारा र ग्रामीण जनजातिहरूको निमुखोपनलाई नै आधार मानेर सबाल्टर्न अध्ययन विस्तृत बनाएको पाइन्छ । यसै समूहले इतिहास लेखिँदा अभिजात सत्ताको दृष्टिकोणबाट होइन तर शोषित सर्वहारा तथा उपनिवेशितहरूको परिप्रेक्ष्यबाट लेखिनुपर्छ भन्ने उत्तरउपनिवेशवादी चेतना पनि विकास गरेको पाइन्छ ।

सबाल्टर्न अध्ययनको यस परियोजनाबाट प्रभावित भएर केही वर्षपछि उत्तर-औपनिवेशवादी दुई नामी चिन्तक एडवर्ड सइद र गायत्री चक्रवर्ती स्पिवाकले अझ यस योजनालाई बलियो बनाएको देखिन्छ । भारतबाहिर खास गरेर ब्रिटिस र अमेरिकी उच्च अध्ययन संस्थानहरूमा सबाल्टर्न अध्ययन भन्नाले इतिहास लेखन नबुझेर उत्तर औपनिवेशिक आलोचनाकै एउटा अङ्ग मानेको देखिन्छ । अमेरिकामा यसलाई 'सांस्कृतिक अध्ययन'का रूपमा हेरिएको पाइन्छ (कृष्ण. पूर्ववत् : ६२) । गायत्री चक्रवती स्पिवाकले आफ्नो लेख 'सबाल्टर्न स्टडिज डिकन्सट्रिङ हिस्टोरियोग्राफी'मा सबाल्टर्न अध्ययनलाई एउटा पाठ प्रक्रियाको रूपमा लिएको पाइन्छ । उनले 'सङ्केत व्यवस्था'मा देखिने परिवर्तनजस्तै भारतमा उपनिवेशवादको इतिहासलाई मार्क्सवादी घेराबाट बाहिर निकालेको बताएका छन् । मानक मार्क्सवादी अध्ययनले उत्पादन पद्धतिको आख्यानको चस्माबाट भारतको औपनिवेशिक इतिहासको व्याख्या सामन्तवाददेखि पुँजीवादीमा सङ्क्रमण देखाउँछ भने सबाल्टर्न अध्ययनले सङ्क्रमणको साटो त्यसलाई सामना गर्न प्रोत्साहित गर्छ भनेका छन् (Guha. 1985 : 331) । उत्तर-औपनिवेशवादी चिन्तक स्पिवाकले सबाल्टर्न अध्ययन समूहको व्यावहारिकभन्दा सैद्धान्तिक पक्षलाई लिएर आलोचना गरेको पाइन्छ । उनले 'के सबाल्टर्न बोल्न सक्छन् ?' भन्ने निबन्धमा शोषित, अवहेलित,

सीमान्तीकृत आदि सबै समूहहरूलाई 'सबाल्टर्न'को संज्ञा दिन सकिँदैन भनेका छन् । सबाल्टर्नहरू त आवाजहीन निमुखा हुन्छन्; उनीहरूको आवाज कसरी सत्तासम्म पुग्न सक्छन् र ? भन्ने प्रश्न पनि उनले उठाएका छन् (Nayar. 2009 : 56)।

### ६. दार्जिलिङको सेरोफेरो : नेपाली समाज र साहित्यको पृष्ठभूमि

भारतमा नेपाली भाषा, समाज र जातिको भावना एकत्रित भएर आएको जागरणसितै नेपाली साहित्य-कलाको विकास भएको हो । दार्जिलिङ-सिक्किममा आदिम जाति एवम् जनजातिका रूपमा परिचित लेप्चाहरू सँगसँगै देखापरेका लिम्बू, मगर, मुर्मी र भोटेहरू आपसमा घुलमिल भई बस्दै आएका थिए । यी विभिन्न जातजातिका बीच साझा सम्पर्कको भाषाका रूपमा त्यसताकादेखि नै नेपालीको प्रयोग हुँदै आएको हो । इतिहासकार कुमार प्रधानका अनुसार सन् १७७४ तिरै पृथ्वीनारायण शाहले मगर र गुरुङ लडाकाहरू लिएर सिक्किमसित मुठभेड सुरू गरेका थिए । सन् १७७५ मा पृथ्वीनारायणको देहावसानपछि पनि नेपाल र सिक्किमको युद्ध भई नै रह्यो । सिक्किमको इतिहास, हेमिल्टनको भनाइ र अन्य तथ्यहरू जोहो गरी केलाउँदा दक्षिणबाट जहरसिँह र इलामपट्टीबाट पूर्ण आलेको नेतृत्वमा सन् १७७८ तिर टिस्टाको सिमाना लाग्दा कालेबुङ छाडी वर्तमान दार्जिलिङ पहाड र मधेस भूखण्ड नेपालको आधिपत्यमा गएको हो (प्रधान. २०६६ : ७) । यसरी नै जलपाइगढी जिल्लाको उत्तरपूर्वीय भूभाग एवम् टिस्टा नदीदेखि पूर्व सुनकोस नदीसम्मको विस्तृत रूपमा फैलिएर बसेका क्षेत्रलाई डुवर्स भनिन्छ । डुवर्समा १५८ वटा चियाबारीहरू थिए, सन् १८७६ मा पहिलो चियाखेती गरिएको चियाबारी गजलडुबा हो । भोटाङ राज्यको दक्षिणी तराईको भूभाग र भारतीय सिमानाको उत्तरी भूखण्डको फेदमा साना ठुला गरेर अठारवटा द्वारहरू थिए । दुवै देशबीचको सम्पर्क सूत्र नै यी द्वारहरू थिए । यी द्वारहरूलाई नै अङ्ग्रेजहरूले डोर्स (DOORS) भन्न थालेपछि यस क्षेत्रलाई डुवर्स भनिन लाग्यो (राई, सन् १९९७ : २०)। यस विस्तृत भूखण्डमा फैलिएका चियाबारी र वनबस्तीमा नेपालीहरू कहिलेदेखि थिए भनेर किटान गरेर भन्न नसकिए तापनि कितापसिंह राई लेख्छन्- गोर्खाली सेनाकोहरूको सम्पूर्ण सिक्किम अधिकार (सन् १७८८) र टिस्टामा खुँडा पखालेपछि भोटाङ राज्यअन्तर्गत पर्ने पश्चिम डुवर्समा समग्र भूभाग दखल गरेपश्चात् अङ्ग्रेज नेपालबीचको सुगौली सन्धि (सन् १८१४-१६) पछि नै भएको हो भन्न सकिन्छ (राई. पूर्ववत् : १८-१९) । यसका साथै सन् १८६५ मा भोटाङ-अङ्ग्रेजको दोस्रो युद्धपछि सिन्चुला सन्धिबमोजिम कालेबुङ र पश्चिम डुवर्सका भोटाङसँग लिएपछि भने अङ्ग्रेजहरूले दार्जिलिङ-डुवर्स र तराईसमेत चियाको खेती आरम्भ गरे । दार्जिलिङतिर चियाबारी पत्ती टिप्ने अधिकांश नेपालीहरू भए भने डुवर्सतिर भने नेपालीलगायत राजवंशी (कोचे), राँचीको आदिवासी, मेचे, राभा, टोटोहरू भएको देखिन्छ (राई, पूर्ववत् : २३) । दार्जिलिङ र डुवर्समा नेपाली कविताको विकासक्रमलाई हेर्दा सामाजिक-सांस्कृतिक पृष्ठभूमिको भिन्नता भने देखिन्छ । दार्जिलिङमा ब्रिटिस मिसनरीले शिक्षाको प्रचार-प्रसारमा विशेष ध्यान दिएको पाइन्छ भने डुवर्समा बसोबास गर्ने नेपालीहरूमा शिक्षाको अभाव यसका साथै मातृभाषामा शिक्षा लिन नपाइएको हुनाले यहाँको साहित्यिक गतिविधि दार्जिलिङको तुलनामा गतिहीन रहेको देखिन्छ ।

वास्तवमा भारतमा उपनिवेशकका रूपमा सन् १४९८ तिरै पोर्तुगलका नाविक भास्को-दि-गामाले दक्षिण भारतको बन्दरगाह कालिकटमा खुट्टा टेकेका थिए । त्यसपछि डचहरू र तेस्रो लहरमा अङ्ग्रेजहरू आएका थिए । विदेशीहरू भारत विजय गर्न आएका थिएनन्; उनीहरू आएका थिए केवल व्यापार गर्न । अङ्ग्रेजहरू सन् १६०० तिर आएर इस्ट इन्डिया कम्पनी खोले । उनीहरूले भारतवर्षमा सन् १८५७ सम्म

निस्फिक्रीसित कम्पनी चलाएका थिए (प्रधान. सन् १९८५ : २) । तत्कालीन भारतमा राजनैतिक एकता थिएन । भारतवर्ष ससाना राज्य र प्रदेशहरूमा बाँडिएका थिए । यसैको फाइदा उठाएर अङ्ग्रेजहरू आफ्ना प्रभुत्व बढाउँदै गएको देखिन्छ । यसरी सम्पूर्ण भारतवर्षमा अङ्ग्रेजहरूले अधिकार जमाएपछि उनीहरूले उत्तरपूर्वी भारत हुँदै नेपाल ताकेर पूर्व हुँदै सन् १७८० तिर दार्जिलिङ-सिक्किम, डुवर्स आइपुगेका थिए (माले. सन् १९९१ : १९) ।

भारतमा नेपालीहरू जहाँ-जहाँ छरिएर बसेका छन् त्यहाँ उनीहरूको साझा भाषा नेपाली नै रहेको छ । दार्जिलिङलाई नेपाली जाति, भाषा र संस्कृतिको केन्द्र मानिन्छ । यहाँ बोलिने भाषा नै नेपाली भएपछि यस भाषाले साहित्य, कला र जनसम्पर्कका रूपमा बलियो जरा गाडेको छ । दार्जिलिङमा बसोबासो गर्ने नेपालीहरूमाझ नेपाली भाषा साझाभाषा नै बनेको छ । यसै भाषाका माध्यमबाट भारतमा छरिएर बसेका भारतेली नेपालीहरूले लोकलहरी र सवाईको मौखिक परम्परा हुँदै लेख्य साहित्य परम्पराको थालनी गरेको पृष्ठभूमि पाइन्छ । यसका साथै दार्जिलिङमा चियाको खेती (सन् १८३५) सुरु भएपछि छिमेकी राष्ट्र नेपालतिरबाट धेरै नेपालीहरू आएर यताको नेपाली समाज अझ बलियो र विस्तीर्ण बनाएको देखिन्छ । यसबाहेक नेपाल र भारतको सुगौली सन्धि (सन् १८१४-१६) पछि पनि दुवै देशको सम्बन्ध लचिलो भएका कारण सङ्गठित भारतीय नेपाली समाजमा नेपाली भाषा, संस्कृति र जातिको नयाँ किसिमको अध्याय आरम्भ भएको देखिन्छ ।

भारतमा नेपाली साहित्यबारे चर्चा गर्नुपर्दा साधरणतया नेपाली कविताहरू, लोकमा प्रचलित लहरीहरू तथा सवाई, झ्याउरे आदिमा प्रचलित विभिन्न लोकलय र छन्दहरू टिपेर प्रणयप्रीति र युगीन यथार्थदेखि अध्यात्म-चिन्तनपरक भाव र विषयलाई समेत काव्य सामग्रीका रूपमा ग्रहण गरिएको पाइन्छ । बबगुनी गुरुङको *ब्रह्मतत्त्वको सवाई* (सन् १८९३) डाकमान राईको *दार्जिलिङको पहिरोको सवाई* (सन् १८९९), दिलुसिंह राईको *दार्जिलिङको पहिराको सवाई* (सन् १९९९) हाजिरमान राईको *मिठा मिठा नेपाली गीत* (सन् १९००), सुरवीर विश्वकर्माको *कलि-कौतुकको सवाई र पैसाको सवाई* (सन् १९१२), सुरवीर राईको *भक्तिको सवाई* (सन् १८९४) र *सिलाङको भैंचालोको सवाई* (सन् १८९७), रहरसिंह राईको *गोपिनीको श्लोक*, हरिनारायण दाहालको *गीतमाला* उत्तर पश्चिमाञ्चल गढवालका रत्ननारायण प्रधानको *भक्तिप्रकाश* (सन् १९०९) अनि बहादुरसिंह बरालको *बरालको आँसु* (सन् १९३४) आदि सवाईहरूबाट भारतीय नेपाली कविता लेखनको पहिलो मूल स्वर उच्चरित भएको देखिन्छ ।

### ७. ***किनाराका आवाजहरू*भित्र सबाल्टर्नका स्वरहरू**

'किनाराका आवाजहरू'भित्रका कविताहरूमा उत्तर-औपनिवेशिकताको अवधारणासम्बन्धी विमर्शका सन्दर्भमा भारतमा नेपाली जातीयताको इतिहासका केही विषयहरू पनि गाँसिएर आउँछन् । त्यही जातीयताकै फेदबाट उठेर निस्किएका आवाज स्वरूप सबाल्टर्नका सन्दर्भहरू कवितामा समेटिएका छन् । जाति एउटा सुस्थिर मानव सम्प्रदाय हो; जसलाई साझा संस्कृति, ऐतिह्य, आर्थिक स्वार्थ, धर्म र भाषाजस्ता तत्त्वहरूमा कुनै न कुनै सङ्गति वा कहिले कुनै एउटा तत्त्व मात्रको उपस्थितिले पनि विशिष्टता दिएको हुन्छ । यी आधारद्वारा प्रदत्त एकता र आफ्नो भिन्नताको अनुभव जातीय भावनाको मूल टेवा हो । यसै आधारमा नेपाली जातीयता र विशेष गरेर भारतमा नेपाली जातीय भावनाको विकास प्रक्रिया हेरिँदा केही भिन्न रहेको देखिन्छ । यस सन्दर्भमा कुमार प्रधानको भनाइ छ -

नेपाली शब्द हामी तीन विभिन्न अर्थमा प्रयुक्त भएको देख्छौं- एउटा भाषालाई यसले बुझाउँछ; दोस्रो जुनसुकै भाषा बोल्ने जुनै उद्भवको होस् नेपालको नागरिक बुझाउँदै राजनीतिक सङ्केत राख्छ अनि तेस्रो यसले एउटा विशिष्ट जाति गोष्ठी बुझाउँछ चाहे त्यो जातिको बसोबसो नेपालबाहिर अरू मुलुकमै किन नहोस् र यो अर्थले सांस्कृतिक सङ्केतको घनत्व राख्छ (प्रधान. सन् १९८२ : ४)।

उनले यीमध्ये तेस्रो अर्थले नै भारतीय नेपालीहरूको जातीय भावना र इतिहास बोकेको पाइन्छ भनेका छन्।

भारतमा मूलरूपमा दार्जिलिङ नै नेपालीहरू समाहित भएको एउटा मुख्य गढ जहाँ भारतीय समाजकै परिप्रेक्ष्यमा नेपाली जातीयताको भावना प्रबल छ अनि नेपालका रैथानेभन्दा भिन्न र विशिष्ट पनि छ। यस जातिको भारतमा विकास प्रक्रम बुझ्न दार्जिलिङको इतिहास हेरिन्छ। यसको प्रारम्भिक काललाई सिक्किम, भुटान र नेपालको इतिहासबाट अलग्गै छुट्याएर बुझ्न सकिँदैन। सिक्किम प्रदेशको इतिहासले जहिले पनि लेप्चाहरू सँगसँगै आदिम कालदेखि लिम्बू र मगरहरू त्यस भूभागमा रहेको कुराको व्याख्या गरेको छ। दार्जिलिङका विभिन्न ठाउँहरूका नाउँ विभिन्न जातगोष्ठीको भाषामा राखिएबाट पनि यस भूभागमा सुरुदेखि नै नेपालीहरू रहेको प्रमाण सिद्ध हुन्छ।

उन्नाइसौं शताब्दीमा नेपालबाट ठूलो जनसङ्ख्याको निर्गमन भएको थियो; तिनमा धेरै दार्जिलिङ आई त्यतैका बासिन्दा भएका थिए। सुगौली सन्धिसम्म केही वर्ष नेपालमा गाभिएको भूभागमा दार्जिलिङ पर्थ्यो। अङ्ग्रेजले सिक्किमलाई दार्जिलिङ फर्काइदिएर फेरि यसको सौन्दर्य र महत्त्वले आकृष्ट भई यसलाई हात पारेपछि ब्रिटिस भारतमा यसको आधुनिक विकास हुन थालेको हो। त्यस्तै चियाको उद्योग खुलेपछि नेपालबाट यसले धेरैलाई आकर्षण गरेको इतिहास छ। दार्जिलिङमा नेपालबाट बसाइँ सरी आउनेमा दार्जिलिङको आधुनिक इतिहासको प्रारम्भदेखि पूर्वी नेपालको पहाडी क्षेत्रबाट आउने किराँती राई-लिम्बूहरूको सङ्ख्या अधिक रहेको छ (प्रधान, सन् १९८२ : ७५)। भोट-बर्मेली भाषा र बोली बोल्ने धेरै मङ्गोल समुदायका तामाङ, मगर, गुरुङ, सुनुवार, नेवारप्रवृति नेपाली मतवालीहरूसँगै तागाधरी बाहुन, छेत्री, दमाई, कामी, सार्की आदि मिलेर नेपाली समाज गठन भएको हो। सांस्कृतिक अर्थमा नेपाली भनिने यी जातिगोष्ठीमा एउटा साझा जातित्वको भावना पछिपछि देखिँदै गएको हो। जातीयताको सूत्रमा एउटा जनगोष्ठीलाई बाँध्ने तत्त्वमा भाषा, धर्म, साझा बासभूमि र परम्परा आदि उल्लेखनीय रहेका छन्। तसर्थ, आफूलाई एउटा विशिष्ट जातित्वको बोध गर्ने राष्ट्रिय चेतनाका रूपमा भारतीय नेपालीहरूले धेरैपछि मात्र आत्मसात् गरेका हुन्।

दार्जिलिङको निर्माणमा सुरुदेखि नै बहुसङ्ख्यक देखिएका नेपालीहरूमा समूहचेतना थिएन चाहिँ सोझै भन्न सकिँदैन। सुरुदेखि नै दार्जिलिङको निर्माणमा बहुसङ्ख्यक हुन थालेका नेपालीको योगदान श्रम मै थियो। उन्नाइसौं शताब्दीमा गठित नेपली समाज मुख्यतः श्रमजीवीको समाज थियो; त्यो 'प्रोलेटेरियन' थियो (प्रधान, सन् १९८२ : ७८)। तिनीहरूले दसनङ्ग्रा खियाएर प्रायः निर्जन दार्जिलिङका डाँडाकाँडालाई आफ्नो रगत, पसिना र आँसुले नयाँ रूप दिए। दार्जिलिङमा बहुसङ्ख्यक नेपालीहरूले आफ्नो त्यस जमिनको स्वामित्वमा उपनिवेश बसाएनन्। त्यहाँको व्यापार धन्दामा त्यहाँको उद्योग व्यवसायमा तिनीहरूले मालिक नभई थोरैमा श्रम बेचिरहे। अङ्ग्रेजले दार्जिलिङ लिएपछि मधेसखण्डबाट नोकरी गर्न र व्यापार गर्न प्रशस्त मानिसहरू आए। पुरानो दार्जिलिङको वर्णनमा नेपालीहरू स्थायी बासिन्दा र मधेसबाट आउनेहरू अस्थायी बासिन्दा भएको पाइन्छ। नेपालीहरूको श्रम त्यहींको माटोसँग मुछिएको थियो वा उनीहरूको जरा गाडिएको थियो।

पुराना प्रलेखहरूबाट पानवाला, मोदी, कैयाँजस्ता व्यापारीको असुल गर्न नसक्ने धेरै नेपालीहरू कमानका सरदारदेखि कुल्लीसम्म ऋणमा डुबेको प्रमाण पाइन्छ । शोषित-पीडित नेपालीहरूमा आफू 'हामी' भन्दा तिनीहरू भिन्नै भन्ने भावनालाई आर्थिक अवस्थाले बढाउनु स्वाभाविक थियो भने मधेसबाट आउने मालिक वर्गले मंङ्गोलिया जनजाति जातमा परिणत भई गठित नेपाली समाजलाई हेय मानेको इतिहास पनि पाइन्छ । तर, शिक्षित र सरकारी ओहोदामा चढेका 'बाबु' सम्प्रदायले श्रमजीवी नेपालीलाई उकासेको पाइन्छ। यो समूह चेतना कुनै नेपालीभित्रकै श्रेणी स्वार्थले उकासेको थिएन यो त शोषित वर्गको समूहचेतनाबाट मात्र जन्मेको थियो । अर्थात्, यो शोषकहरूको विरोधमा मिलेको एकात्मकता थियो ।

यसबाहेक अर्को एउटा तत्त्वले नेपालीको जातीय भावनालाई बलियो पार्ने काम गऱ्यो; त्यो थियो- भाषा । आफ्ना-आफ्ना जनजातिका पृथक् बसोबासो भएका नेपालका गाउँघरमा आफ्नै राई भाषा बोल्नेहरू ब्रिटिस-भारतको दार्जिलिङको परिवर्तित परिवेश छुट्टै बस्ने अवसर थिएन । समाजले आवश्यक बनाएकैले अरू बोलीको प्रयोग थोरै हुँदै गएर नेपाली भाषामै जम्मैको प्राथमिक एवम् मातृभाषा बन्यो । भूगोल र प्राणीशास्त्रका तत्त्वभन्दा सांस्कृतिक र ऐतिहासिक शक्तिले कुनै जातिलाई त्यसको विशिष्टता र चरित्र दिएको हुन्छ । यस्ता शक्तिमा सबभन्दा प्रमुख हुन्छ- भाषा । दार्जिलिङका नेपालीमा मात्र होइन पछि भारतभरि छरिएर बसेका नेपालीहरूमा टुसाउन थालेको समूह चेतना हुर्कने टेवा नेपाली भाषामा पायो । नेपाली जातीयताको भारतीय सन्दर्भमा सबभन्दा सशक्त आधार नै भाषा भयो (प्रधान. सन् १९८२ : ७९) । पछि यसले आन्दोलनसम्मको रूप लियो र सफल पनि बन्यो । भारतीय संविधानको आठौँ अनुसूचीमा राष्ट्रिय भाषाका रूपमा नेपाली भाषाले मान्यता पायो । नेपालीहरूका लागि आफ्नै ठाउँमा दीर्घकालीन सङ्घर्षपछि भारतीय हुनुको यो एउटा प्राप्ति थियो । भारतमा नेपालीहरूको अवस्था सुरुदेखि नै उपनिवेशित प्रकृतिको थियो । तसर्थ, देशको स्वतन्त्रपूर्वदेखि नै उपनिवेशित हुनुपरेको सन्दर्भ *खोजी*को सम्पादकीयमा रूपनारायण सिंहले लेखेका छन् :

*भारतमा हामी लाखौं सङ्ख्यामा छौं; तर हाम्रो अवस्था गए बितेको छ । हामी छौं नदीले बगाई ल्याएर बगरमा थुपारेको मैला कसिँगर झैँ । स्वदेशका मान्छेले हामीलाई मुग्लाने भनी हेला गर्छन् । भारतका जातीय जीवनमा हामी रमिता हेर्ने मानिस मात्रै हौं । भारतका शासन विधानमा हामीलाई स्थान नै छैन; हाम्रो केही हक छैन । लाखौँ सङ्ख्यामा भारतमा हामी बसेका छौँ । तर, यहाँ के गर्दै छौँ ? हाम्रो आर्थिक अवस्था कस्तो छ ? हामी कुल्ली, पाले, दरवान र सिपाही । प्रवासमा बसेका नेपालीहरूलाई यस्तो अवस्थादेखि कसरी उद्धार गर्ने (दाहाल, सन् २००५, ६१) ।*

भारतमा नेपालीहरू किनारीकृत भएर बाँच्नुपरेको पीडा रूपनारायण सिंहलाई पनि थियो । भारतका राष्ट्रिय नेताहरूले 'नेपाली' भन्दा नेपालसँग सम्बन्धित नेपालकै नागरिक बुझ्छन् । यो रोग अझै हराएको छैन । माथि भनिएको 'प्रवासी' र 'स्वदेश'जस्ता शब्दको प्रयोगले यो भ्रान्ति अझ बढायो । त्यति बेला रूपनारायण सिंहमा यो एक किसिमको रोमान्टिकता नै थियो । नेपालबाहिर सांस्कृतिक, सामाजिक, ऐतिहासिक अर्थमा नेपाली जनगोष्ठीको जातीयता बढेको कसैले केलाएनन् । भारतीय सन्दर्भमा किनारीकृत नेपालीहरूलाई इतिहासबाट सदैव ओझेलमा राखियो । भारतीय इतिहासको कहीँ कुनै ठाउँमा पनि नेपालीहरू अनुल्लेख्य नै रहनुपऱ्यो । भारतीय सन्दर्भमा बरु नेपालीहरूको ऐतिहासिक आधारलाई अझ उल्टो व्याख्या, जनगणनाको आँकडाको प्रतिशत अल्पसङ्ख्यक देखाएर, नेपालीहरूको जातीयतालाई तोड्ने किसिमको काम अझ देश स्वतन्त्रपछि झन् चर्को भएर गयो । वास्तवमा यिनै कुराहरूले भारतीय नेपालीहरूमा आन्तरिक उपनिवेशकहरूबाट उपनिवेशित हुनुपरेको प्रमाण दिन्छ । भारतीय मूलका नेपालीहरूको यी उपनिवेशकहरूले आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक,

सांस्कृतिक शोषण मात्र गरेनन् तर बौद्धिक शोषण पनि गरेको मान्नै पर्ने हुन्छ। राष्ट्रिय मूलस्रोतमा बग्दा पनि समय-समय किनारीकृत वा परायीकृत गरेको अथवा गर्न खोजिएको पनि देखिन्छ। नेपालीहरूलाई आज पनि घरिघरि 'विदेशी' शब्दको प्रयोग गरिएको पाइन्छ। भारतीय मूलका नेपालीहरूलाई जराबाटै उच्छेदन गर्ने प्रयास भइरहन्छ र भइरहेको छ। भारतीय भूमिमा माटोसितै मुछिएका नेपालीहरूको परिचय अझसम्म दह्रिलो प्रकारले बनिएको छैन। देशको मानचित्रबाट नेपालीहरूका अनुहार धमिल्याउने, सकेसम्म उनीहरूलाई अवसर नदिनेजस्ता घटनाहरू आजको युगमा पनि भइरहेछ। समस्या स्थान र स्थिति-वैशेषिक हुन्छ र त्यसको समाधान र सङ्घर्ष पनि स्थान र स्थिति-वैशेषिक नै हुन्छ। आजको समसामयिक युग-जीवन र वैश्वीकरणको मोडमा स्वजाति, स्वपरम्परा र स्वसंस्कृतिको मूल्य निर्धारण कसरी गर्ने ? निश्चय नै अब भावुकताको भाषाले सक्तैन; आवेशको चित्कारले त्यसलाई बुझिँदैन र आँसुको थोपामा प्रतिविम्बित हुँदैन (सुब्बा. सन् २००८ : १५)। 'किनाराका आवाज'भित्र समकालीन भारतीय नेपाली जातीय जीवनलाई 'सबाल्टर्न'को अवधारणाबाट हेरिएको पाइन्छ। यो एउटा उत्तर-औपनिवेशिकवादी अवधारणा हो; समकालीन सरोकार पनि हो र भारतीय जातीय जीवनलाई हेर्ने एउटा सामयिक चेतना पनि हो।

आजको समकालीनताअघि कवि लेखकका अनेकौँ चुनौतीहरू छन्। आज एकै स्वरमा स्थानिक र वैश्विक बन्नुपर्ने समकालीनता छ। स्थानिक र वैश्विक, जातिवाद र मानवतावाद एकैचोटि स्थापित सिर्जनाको धर्मसङ्कट आजको समकालीनता हो। यसबाट पलायन हुनु भनेको दायित्वबोधबाट पलायन हुनु हो र त्यो क्षम्य हुँदैन। अतः मानवमूल्यको पृष्ठपोषणमा राजनीति, संस्कृति, स्थानीयता, अर्थनीति, जातीयता, ऐतिहासिकता आदि सबैको महत्त्वपूर्ण भूमिका हुन्छ। आज त्यो थाहा पाउँदा सांस्कृतिक सौन्दर्यप्रतिको सचेतता, स्मृत्याभास, ऐतिहासिक चेतनाको उत्खनन एवम् इतिहासको पुनर्मूल्याङ्कनको तृष्णाले यो बहुलवादी समयमा झोँक्किनु अनर्थ होइन। तर, सीमाहरूले नबाँधी लेख्ने एउटा वर्ग बहुलताको दृष्टि राख्न खोज्दा फेरि सीमित जातीय, वर्गीय, सांस्कृतिकलगायतका परिधिहरूको परिसीमामा रहनुपर्ने हो कि ? भनी प्रश्न गर्छन्। वस्तुतः आजको समकालीन लेखनले सर्वसमावेशीकरणलाई केन्द्रीय महत्त्व दिएको छ र सबैलाई समेटेको छ। अतः यस्ता जटिल वस्तुस्थितिसमक्ष भारतीय नेपाली साहित्य कस्तो लेखिनुपर्ने त ? के कुराहरू लेखिनुपर्ने त ? प्रश्न उठ्छन् सर्जक र लेखकहरूमा। भारतीय मूलका नेपाली लेखकहरूले पनि आत्मविश्वासपूर्वक आफ्नो दृष्टि, आफ्नो इतिहास, आफ्नो राजनीति, आफ्नो भाषा अनि आफ्नो साहित्यले अरूलाई प्रभाव पार्न सक्नुपर्छ। यो आग्रहका रूपमा पाइन्छ 'किनाराका आवाजहरू'भित्रका कविताहरूमा सबाल्टर्नको सन्दर्भ।

कवि मनप्रसाद सुब्बा एवम् रेमिका थापाद्वयले समकालीनताको यही अवधारणालाई टिपेर कवितामा प्रस्तुत गरेका छन्। जातीय चेतनाका कविका रूपमा सदैव उल्लेखनीय कवि हुन्- अगमसिंह गिरी। सुरुसुरुमा रोमान्टिक, बीचतिर विद्रोही तथा अन्त-अन्तमा झर्रा जातीयतावादी। अर्का कवि विकास गोतामे, उनका 'अनास्था पहाडका गीत', 'लड बीरबहादुर ! तिमी लड !' सुरुमा प्रगतिशील पछि झर्रो मार्क्सवादी लेखन। अझ अर्का रोमान्टिक विद्रोही कवि हरिभक्त कटुवाल। तर, केही सचेतक भएर उनले एक ठाउँ कवितामा लेखेका छन् :

यो देशको माटोले भन्छ
यो देशको ढुङ्गाले भन्छ
हाम्रो पनि रातो रगत
यहीँ खसेको छ,
हाम्रो पनि तातो पसिना

यहीँ खसेको छ ।

यो उपनिवेशित हुनुपरेको विचार हो वा सबाल्टर्नको अवधारणा हो । त्यसताका छुटपुट रूपमा भारतीय नेपाली कवितामा यसले उम्रने भुइँ भेट्टाएन । कारण त्यति बेला सग्लो रोमान्टिकताकै बोलबाला बेसी थियो । कवि कटुवाल स्वयं प्रवासी लेखेर अझ रोमान्टिक भइहिँडे । अर्थात्, किनाराका आवाजहरूले तिनै स्वरहरूलाई भुइँ खोतलेर, खनजोत गरेर वा उत्खनन गरेर, आजको समसामयिक ताजा स्वरूपमा प्रस्तुत गर्न उद्यत रहेको मान्न सकिन्छ । कवि गिरी, कवि कटुवाल तथा कवि गोतामे प्रभृतिहरूबाट जातीय जीवनको एककिसिमको भावनात्मक आलाप र प्रलाप नै धेर गाइएको पाइन्छ । यस अर्थमा कवि सुब्बा र कवि थापाका कविताहरू धेरै भिन्न र विस्तृत पनि छन् । यो भिन्नता राखेर अध्ययन गरिँदा मात्रै किनाराका आवाजहरूमाथि स्वस्थ्य आलोचना हुन सक्ला । अतः जातीय जीवनलाई फेदबाटै भुइँ खोतलेर हेर्ने दृष्टि उत्तर-औपनिवेशिक अवधारणा हो । 'सबाल्टर्न'को सन्दर्भ यहाँ सैद्धान्तिक अर्थमा नभएर देशभित्रै शोषित, लाञ्छित र प्रताडित भएका कुनै पनि सर्वहारावर्गको पक्षमा देखाउने चेष्टा कविताहरूमा भएको छ । भारतीय सन्दर्भमा नेपालीहरूको जातीय जीवन पनि यस सबाल्टर्नको अवधारणादेखि पूरै अछुत भने छैन । त्यसको दृष्टान्त किनाराका आवाजहरूभित्र 'भूइँ टेकेर बाँच्नेहरू -१' मा रेमिका थापा लेख्छिन्-

रैतीहरूको गाउँमा  
बाह्रैमास असारको पन्ध्र ।  
मालिकहरू लन्च र डिनर बुझ्छन्  
भोक बुझ्दैनन्  
सप्पै थरी ड्रिङ्क बुझ्छन्  
तिर्खा बुझ्दैनन्  
परफ्युम बुझ्छन्  
पसिना र माटोको गन्ध बुझ्दैनन् ।  
असारको पन्ध्र बुझ्ने मालिक कहिले होला ?

*(भूइँ टेकेर बाँच्नेहरू -१)*

उपनिवेशितहरूको लेखनमा देखिएको अति महत्त्वपूर्ण लक्षण हो- लेखनमा सबाल्टर्न पात्र, अवधारणा र उपनिवेशित भाषा । कुनै उच्च जातिले उनीहरूलाई सहानुभूति देखाएर लेखेको लेखन मान्य हुँदैन । सबाल्टर्न लेखन भनेको उनीहरू स्वंयले लेखेको लेखन हो । उच्च शक्तिसम्पन्न जातिका लेखकहरूमा उपनिवेशित जीवन भोगाइको अनुभव हुँदैन । यसप्रकार उपनिवेशितहरूका जीवन भोगाइको यथार्थ उपनिवेशकहरूबाट सम्भव छैन । अर्थात्, मूलधाराको लेखनमा देखिएको मौलिक अभाव तथा मूलधारामा देखिएको अपूर्णता नै उपनिवेशित लेखनको जन्मको कारण हो । उपनिवेशित लेखकहरू त्यही लेख्दछ जुन यथार्थको जमिनमा उभिएको छ; कल्पनाको आकाशमा होइन; उसको भाषा कुलीन हुँदैन । ऊ आफ्नो खस्रो, घोच्ने, तिखो अनि सिधासादा भाषामा लेख्दछ । यसैबाट एउटा सङ्कथन निर्माण गरिन्छ । 'भूइँ टेकेर बाँच्नेहरू- ७' मा कवि रेमिका थापाको भनाइ छ :

काँध पिल्सिएका  
कपाल खुइलिएका  
नचिन्ने बनाइएका

मानव अस्तित्वका
झर्रो - झर्रो अक्षरहरूलाई
फुर्सदै कहाँ
सिनिक्क भइरहनु ।
म कहिले सुकिलो हुनु पाउनु ?
कहिले सजिलै भन्न पाउनु मैले
'रियालिटी सो'को रङ्गारङ्ग मञ्चमा उभेर
'आइ लभ् इन्डिया !'

*(भूइँ टेकेर बाँच्नेहरू- ७)*

यो आन्तरिक औपनिवेशिकताअन्तर्गत इतिहासभरि सीमान्तीकृत हुनुपरेको पीडा हो । यसको सौन्दर्य र विशेषता नै जातीय र स्थानिक चित्र हो । यद्यपि यसले समाजका कमजोर वर्गहरू, वर्णहरू, नस्लहरू जसले राष्ट्रभित्रै पनि किनारीकृत भई बाँच्नुपरेको कुरालाई पनि बोलेका छन् ।

'किनाराका आवाजहरू' भनेकै कविद्वयले समकालीन भारतीय नेपालीमूलका माध्यमबाट बोलेका स्वरहरू हुन् । भारतीय नेपालीहरूको सङ्घर्ष खाली आफ्नै लागि मात्र नभएर यो एक अझ राम्रो र अधिक मानवीय विश्वको कुनै पनि किनारीकृतहरूका लागि पनि सङ्घर्ष होस् । जो जाति, व्यवस्था र समान अधिकारहरूबाट वञ्चित छन्; वस्तुतः तिनै किनारीकृत छन् र उपान्तमा राखिएका छन् । देशको मानचित्रबाट सदैव ओझेलमा राखिएका अथवा देशले वास्ताहीन तुल्याएका आवजहरू बोल्न अब किनारीकृत जातिसमूह स्वयं अघि आउनुपर्छ । देशको मानचित्रमा आफूलाई कहाँ राख्ने ? कसरी हेर्ने ? आफैले निर्धारण गर्नुपर्छ । यो एक किसिमको विखण्डन हो । तर, विश्वव्यापी मान्यताले भन्दछ- यो बहुलताको समय हो; नवकेन्द्र निर्माणको युग हो । समानता र स्वतन्त्रताका लागि यिनै कोणहरूबाट साहित्य लडिरहेको हुन्छ । अतः समाज र सभ्यताको इतिहासको मूलधारामा रहेका र त्यस मूलधाराबाट अलग ठहराएर उपान्तमा धकेलिएकाहरूका सन्दर्भ भारतीयमूलका नेपालीहरूमा टड्कारो रूपमा देखिन्छ । कवि मनप्रसाद सुब्बा लेख्छन् -

१
आफ्नो अनुहार देशको मानचित्र टाँसेर
म देशको परिचय हिँडिरहेँ -हिँडिरहेँ
तर मेरो परिचय भने देशको मानचित्रमा
किन टाँसिएन हँ ?
२
मेरो शरीरको छालामा मासुमा हड्डीमा मासीमा
देशै-देश छ तर देशमा म कहाँ छु कसैले देख्दैन
मेरो मनमा मथिङ्गलमा चेतनामा अवचेतनामा
देशै-देश छ तर देशमा म जहाँनेर छु मै मात्र देख्छु ।
किन अरू कसैले देख्दैन हँ ?
अदृश्य पनि त होइन म । दृश्यमान हुँ अत्यन्त ।

११
त्यसै र अचेल दाहिने काँधमा अशोकचक्र बोकेर
देब्रे हातले आफ्नै अनुहारको कालो झन्डा
फर्फराउँदै म त्यै बाटो खाली खुट्टा हिँडिरहेछु
जुन बाटो भएर एक भएर एक समय अधिकारको दण्डी
यात्रा गएको थियो ।

कवि सुब्बाले आफ्नो जातीय जीवनदेखि माथि उठेर बोलेका छन् । किनारीकृत गरिएका पक्षमा बोलेका छन् । सबाल्टर्नहरूका पक्षमा बोलेका छन् । स्थानिक र वैश्विक दुवैतिर यो प्रयुक्त छ । अझ भन्ने हो भने समकालीन आफू उभिएको भुइँबाटै बोलेका स्थानिक स्वर भएरै पनि यो वैश्विक हुन सकेको छ । कारण सबाल्टर्नद्वारा मूलधाराको संस्कृतिलाई व्यावहारिक बाटोमा ल्याउनुपर्ने प्रयोजनमाथि उनले प्रकाश पारेका छन् ।

## ८. निष्कर्ष

समकालीन भारतीय नेपाली कवितामा उत्तर-औपनिवेशिकताको अवधारणालाई आत्मसात् गर्दै लेखिएका *किनाराका आवाजह*रूभित्रका कविताहरूले वास्तवमा विश्वका कुनै पनि किनारीकृत जातिसमूहका सन्दर्भमा हेरेका छन् । लेखनमा किनारीकरणको धारणा र मूल्य-मान्यता भन्नु नै उत्तरआधुनिकताको एउटा उपज हो । अतः हैकमवादी केन्द्रीय शक्तिको विरोधमा जहिले पनि स्वर किनाराबाटै उठेका हुन्छन् । भारतीय सन्दर्भमा किनारीकृत हुनुपरेको भारतीय मूलका नेपालीहरू आन्तरिक उपनिवेशिकताको सिकार बन्नुपरेको घटनालाई अब नजर अन्दाज मात्र गरेर हेर्न मिल्दैन । 'सबाल्टर्न'को अवधारणा यस सन्दर्भमा उपयुक्त देखिन्छ । आजको सन्दर्भमा सबाल्टर्नको अर्थविस्तरण गरेर हेर्दा दलित,  पछौटे वर्ग, भूमिहीन, शोषित, लाञ्छित, धार्मिक आदि उच्चवर्गबाट किनारीकृत कुनै समुदाय, वर्ग, जाति, नस्ल आदि समेत बुझ्नुपर्ने हुन्छ । अर्थात्, सबाल्टर्न समूहको आवाजहरूबाट भारतीय नेपालीहरूका जातीय जीवनलाई हेर्नु आजको समसामयिक अवधारणा हो । यसलाई लेखकीय अभीष्ट नमाने तापनि यो एउटा पाठकीय अपठन नै किन नहोस् भारतीय सन्दर्भमा नेपालीहरू किनारीकृत छन् । कारण भारतीय मूलका नेपालीहरूले देश स्वतन्त्र हुनुभन्दा अघिदेखि देशलाई रगत, पसिना र बलिदानहरू दिएका छन्; तर देशले सदैव उनीहरूलाई अनुल्लेख्य गरेका छन् । इतिहासबाटै निष्कासित गर्न खोजेका छन् । देशभित्रै रहेर पनि आफ्नो हकहितका लागि अघि बढ्दा हैकमवादी वर्गकाले गोली ठोक्छन् । अमानवीय बर्बरतापूर्वक निहत्था स्त्रीहरूमाथि लात, लाठी र गोली बर्साउँदै छन् आज पनि । उनीहरूका आवाजहरूलाई जति सक्दो दबाइरहेछन् । यसरी आफ्नै भूमिमा सदैव सङ्घर्षमा होमिनुपरेको घटनालाई देशले आँखा चिम्लने गर्छन् । भारतीय सन्दर्भमा नेपालीहरूलाई सदैव हक, अधिकार र अवसरहरूदेखि वञ्चित राखिन्छ भने आजको समसामयिकतामा तथा वैश्विक सन्दर्भमा नेपालीहरूले भोगिरहेको किनारीकरण सबाल्टर्न समूहहरूको भन्दा कम छैन । केन्द्रवादीहरूले किनाराका आवाजहरू सुनेर पनि सुनिरहेका छैनन्; किनारीकृत गरिरहेछन् शताब्दिऔंदेखि । वास्तवमा *किनाराका आवजह*रूभित्रका स्वरहरू  भारतीय नेपालीहरूका मात्रै स्वरहरू होइनन्; यी स्वरहरू त सङ्केतित भई शताब्दिऔंदेखि किनारीकृत विश्वका कुनै पनि सबाल्टर्नहरूका सन्दर्भमा पनि ध्वनित हुन पुगेका छन् ।

## सन्दर्भसूची

कृष्ण, प्रणय. सन् २००८. *उत्तर औपनिवेशिकता के स्रोत और हिन्दी साहित्य*, इलाहावाद : हिन्दी परिषद प्रकाशन ।

दाहाल, मोहन पी. सन् २००५. (सम्पा.). रूपनारायण सिंहका प्रबन्ध र सम्पादकीय लेखहरू. सिलगडी : प्रतिमा प्रकाशन ।

नेपाल, घनश्याम. सन् २००५. "सबाल्टर्न यो कसको कुरा हो  ?", *नयाँ सिक्किम* (सम्पा.). चन्द्र खालिङ. १/३ ।

प्रधान, अम्बर. सन् १९८५. *दार्जिलिङ जिल्लाको राजनैतिक आन्दोलन एक सर्वेक्षण*. खर्साङ : हिलकार्ट रोड ।

प्रधान, कुमार. २०६६. *पहिलो पहर*.  (दो सं). ललितपुर : साझा प्रकाशन ।

प्रधान, कुमार. सन् १९८२. पहिलो पहर, (प्र.सं.). दार्जिलिङ : श्याम प्रकाशन ।

माले, एलएसएसओ. सन् १९९१. *बेङ्गाल डिस्ट्रिक्ट गजेटियर्स दार्जिलिङ*. न्यु दिल्ली : लोगोस् प्रेस ।

राई, कितापसिंह. सन् १९९७. *आँखीझ्यालबाट*.  सिक्किम नाम्ची : निर्माण प्रकाशन ।

सुब्बा, मनप्रसाद र रेमिका थापा. सन् २००८. *किनाराका आवाजहरू*, दार्जिलिङ : श्याम प्रकाशन

Guha, Ranjit. (Edit.)  1985. *Subaltern Studies – IV*. oxford university press,

Nayar, Pramod K.  2009.  *An introduction to CULTURAL STUDIES*.  New Delhi : Viva Books Pvt. Ltd.

Sharma, Tejram.  2005. *Historiography (A history historical writing)*.  New Delhi : Concept  Publication.

•

# नेपाली बालसाहित्यको विषयवस्तु, कथ्य र सिकाइ सन्दर्भ

**डा. ऋषिराम शर्मा***

**सार**

*नेपाली बालसाहित्यका केही कृतिहरूबाट साक्ष्यहरूसमेत प्रस्तुत गरी तयार गरिएको यस लेखमा नेपाली बालसाहित्यमा जीवनजगत्, ज्ञान विज्ञान, पर्यावरणजस्ता यावत् विषयहरू बाल मानसिकताको केन्द्रविन्दुमा रचिएका छन् भन्दै नेपाली बालसाहित्यमा विषयवस्तुगत विविधता देखा परेको कुरा औंल्याइएको छ । विषयवस्तुका आधारमा नेपाली बालसाहित्यमा परम्परागत र समसामयिक विषयवस्तुको प्रस्तुति पाइने कुरा पुष्टि गरिएको छ । नेपाली बालसाहित्यमा विशुद्ध मनोरञ्जन र जानकारी तथा चेतना एवम् समानुभूतिजस्ता कथ्य वा भाव पाइन्छ भन्ने कुरासमेत पुष्टि गर्न नेपाली बालसाहित्यका केही कृतिबाट उदाहरण दिई सत्यापन गरिएको छ । साथै नेपाली बालसाहित्यले भाषिक विकासमा, भाषाप्राप्तिमा वा सिकाइ सन्दर्भमा अहम् भूमिका खेल्ने कुरालाई समेत यस लेखमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी** : समानुभूति, कथ्य, साक्ष्य, रसभाव, मनोरञ्जन र जानकारी, समयसापेक्ष, भाषाप्राप्ति ।

## १. विषयपरिचय

प्रस्तुत अनुसन्धानात्मक लेख नेपाली बालसाहित्यको विषयवस्तु, पात्र, शिक्षण सिकाइ सन्दर्भसँग सम्बन्धित छ । बालसाहित्य बालबालिकाहरूलाई लक्षित गरी लेखिने साहित्य हो । शब्दगत रूपमा ‘बालसाहित्य’ शब्दले ‘बालकद्वारा रचिएको साहित्य’ वा बालकका लागि विषयवस्तु बनाई रचिएको साहित्य’जस्ता फरकफरक अर्थसमेत दिन सक्तछ तापनि बालसाहित्य भन्नाले मूलतः ‘बालकका निम्ति रचिएको साहित्य’ भन्ने अर्थ नै बुझिन्छ (अवस्थी. २०६५ : ८) । असल बालसाहित्य के हो भन्नेबारे स्टेविग (सन् १९८०) को कथन छ : बालसाहित्यलाई मूल्याङ्कन गर्ने सबैभन्दा महत्त्वपूर्ण तत्त्व भनेको बालबालिका नै हो । यसबाट बालबालिकाले रुचाउने साहित्य बालसाहित्य भन्ने बुझ्न सकिन्छ । नेपाली बालसाहित्य नेपाली बालबालिकाहरूलाई लक्षित गरी लेखिने साहित्य हो र नेपाली भाषा सिक्ने नेपाली भाषेतर बालबालिकाका लागि समेत यो बालसाहित्यको उपयोग हुन सक्तछ । प्रस्तुत लेखमा यसमा त्यस्तो नेपाली बालसाहित्यको विषयवस्तु, कथ्य र सिकाइ सन्दर्भको चर्चा गरिएको छ । साथै पहिलो भाषा सिकाइ र दोस्रो भाषा सिकाइमा बालसाहित्यले पार्ने प्रभावको सङ्क्षिप्त चर्चासमेत प्रस्तुत लेखमा गरिएको छ । यसरी प्रस्तुत लेखमा नेपाली बालसाहित्य, त्यसको विषयवस्तु, कथ्य र सिकाइ सन्दर्भका बारेमा अध्ययन र विश्लेषण गरी निष्कर्षसमेत स्थापित गरिएको छ ।

**सहप्राध्यापक : त्रिभुवन विश्वविद्यालय, नेपाल ।*

## २. समस्याकथन

प्रस्तुत अनुसन्धानात्मक लेखमा नेपाली बालसाहित्यको विषयवस्तु, कथ्य र सिकाइ सन्दर्भ के-कस्तो छ ? भन्ने मुख्य प्रश्नलाई समस्याका रूपमा लिइएको छ । उक्त मुख्य प्रश्नसँग सम्बन्धित समस्याहरू यसप्रकार छन् :

क) विषयवस्तुका आधारमा नेपाली बालसाहित्यको अवस्था कस्तो छ ?

ख) कथ्यका आधारमा बालसाहित्यको लेखन प्रवृत्ति के-कस्तो छ ?

ग) सिकाइका सन्दर्भमा बालसाहित्यको भूमिका कस्तो रहन्छ ?

## ३. अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानात्मक लेखको मुख्य उद्देश्य नेपाली बालसाहित्यको प्रकार, प्रवृत्ति र सिकाइ सन्दर्भको अवस्थाको अध्ययन तथा विश्लेषण गर्नु हो । यसै उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू यसप्रकार छन् :

क) विषयवस्तुका आधारमा नेपाली बालसाहित्यको अवस्थाको अध्ययन गर्नु,

ख) कथ्यका आधारमा नेपाली बालसाहित्यको लेखन प्रवृत्ति पहिल्याउनु,

ग) सिकाइ सन्दर्भमा बालसाहित्यको भूमिका ठम्याउनु ।

## ४. अध्ययनविधि

प्रस्तुत अनुसन्धानात्मक लेखका रूपमा नेपाली बालसाहित्यको विषयवस्तु, नेपाली बालसाहित्यको कथ्य वा सन्देश र नेपाली बालसाहित्यको सिकाइ सन्दर्भलाई विश्लेषणको आधार बनाइएको छ । यी आधारका लागि बालसाहित्यका बारेमा लेखिएका विभिन्न पुस्तक, लेख र बाल साहित्यिक कृतिहरूमा आधारित रही विश्लेषणको ढाँचा निर्माण गरिएको छ। त्यसैले प्रस्तुत लेखको अध्ययनको सैद्धान्तिक आधार भनेको विषयवस्तु र कथ्यसन्दर्भ नै हो । यसका लागि वेइनरेक र वटिलेट (२००२), घोसन (सन् २००२), गल्डा र कुलिनान (सन् २००२), स्याक्सवी (सन् १९९७), होलिकेल (सन् १९९७), फक्स (१९९३), ग्रामवेल (२०००) जस्ता विद्वान्हरूका मान्यताबाट बालसाहित्यका प्रकारगत विभाजनको ढाँचा र प्रवृत्ति तयार पारी नेपाली बालसाहित्यको प्रकारलाई सोही ढाँचाअन्तर्गत रही विश्लेषण गरिएको छ । नेपाली बालसाहित्यको प्रकार र प्रवृत्तिको अध्ययनका लागि चूडामणि बन्धु, वासुदेव त्रिपाठी, केशव उपाध्याय, राजेन्द्र सुवेदी, विनय कसजू, प्रमोद प्रधान र महादेव अवस्थीजस्ता विद्वान्हरूका मान्यताहरूलाई समेत समाविष्ट गरी सैद्धान्तिक ढाँचा निर्माण गरिएको छ ।

## ५. बालसाहित्यको परिचय र परिभाषा

बालसाहित्य शब्द 'बाल' र 'साहित्य' दुई शब्दको समस्त प्रक्रियाद्वारा निर्मित शब्द हो । 'बाल' भनेको बालबालिका हो भने 'साहित्य' भनेको कथा, कविता, निबन्धजस्ता विधाका रूपमा लेखिने वाङ्मयको एक विशिष्ट विधा हो । यसरी सरसर्ती हेर्दा बालसाहित्य शब्दले बालबालिकाहरूका लागि लेखिने साहित्य भन्ने अर्थ बुझाउँछ । बालबालिकाका लागि रचना गरिएको साहित्य बालसाहित्य हो; कथा, चित्रकथा, कविता, गीत र उपन्यासका साथै ज्ञानविज्ञानका विभिन्न पुस्तकहरू पनि यस अन्तर्गत पर्दछन् । बालसाहित्य कलात्मक भाषिक अभिव्यक्तिका रूपमा प्रतिष्ठित साहित्यकै एक प्रयोजनपरक भेद हो (अवस्थी. २०६५ : ७) । यसभित्र कथा,

कविता, गीत, उपन्यासका साथै ज्ञानविज्ञानका तथ्यपुस्तक (फ्याक्ट बुक) पनि पर्छन् (कसजू. २०७२ : १०)। शब्दगत रूपमा बालसाहित्य शब्दले 'बालकद्वारा रचिएको साहित्य' वा 'बालकलाई विषयवस्तु बनाइ रचिएको साहित्य' जस्ता फरक-फरक अर्थसमेत दिन सक्तछ तापनि बालसाहित्य भन्नाले मूलतः बालकका निम्ति रचिएको साहित्य भन्ने अर्थ नै बुझिन्छ (अवस्थी. २०६५ : ८)। बालबालिकालाई मनोरञ्जन दिने रचनात्मक एवम् सिर्जनात्मक हुन प्रेरणा दिने र ज्ञानविज्ञानका विविध विषय सम्बन्धमा जानकारी दिने विषयवस्तुलाई उनीहरूको उमेरअनुसारको सरल, सरस भाषामा रोचक तवरले लेखी रङ्गीन चित्रहरूसमेत सकेसम्म समाविष्ट गरी कलात्मक तरिकाले प्रकाशन गरिएको कृति नै बालसाहित्य हो भन्नुपर्छ (प्रधान. २०६९ : २८)। समष्टिमा भन्नुपर्दा साहित्य भन्नाले जहाँ लेखकले गरेको जीवन-जगत्सम्बन्धी सौन्दर्यपूर्ण भाषिक अभिव्यक्ति भन्ने बुझिन्छ त्यहीँ बालसाहित्यचाहिँ त्यस्तो सौन्दर्यपूर्ण भाषिक अभिव्यक्ति ठहरिन्छ जसको रचना वक्ता वा बालसाहित्य लेखकले श्रोता/बालपाठकलाई ध्यानमा राखी गरेको हुन्छ (अवस्थी. २०६५ : ८)। यसरी बालसाहित्य भनेको बालकहरूको रचनात्मक/सिर्जनात्मक विकासका लागि प्रेरणा दिन सौन्दर्यपूर्ण भाषिक अभिव्यक्तिका माध्यमबाट रचित त्यस्तो साहित्य हो जसमा बालबालिकाको उमेर र रुचिजस्ता कुरालाई ध्यानमा राखी रचना गरिएको हुन्छ।

बालसाहित्यका बारेमा विभिन्न विद्वान्हरूले व्यक्त गरेका विभिन्न विचार, धारणालाई यहाँ बालसाहित्यको लक्षण वा परिभाषाका रूपमा प्रस्तुत गरिएको छ। प्रधान (२०६९) ले बालसाहित्यसम्बन्धी तारानाथ शर्माको परिभाषाका रूपमा "बालकलाई मनोरञ्जन दिँदै निर्माणका कार्यतर्फ, शब्द र संस्कृतिको स्नेहतर्फ र ज्ञानतर्फ आकृष्ट गराउने काम बालसाहित्य हो" भनेका छन्। प्रधान (२०६९) ले नै राजेन्द्र सुवेदीको बालसाहित्यसम्बन्धी परिभाषाका रूपमा "समाज, जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढङ्गले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवम् सामाजिक विषयस्रोतका वस्तुलाई बाल्य उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री बालसाहित्य हो" भन्ने उल्लेख गरेका छन्। त्यस्तै नेपाली बाल विश्वकोश ग्रन्थमा बालसाहित्यका बारेमा "बालबालिकाको साहित्य नै बालसाहित्य हो। बालसाहित्य शब्दको प्रभाव दुई अर्थमा गरिन्छ : पहिलो बालबालिकाले लेखेको साहित्य। ... बालबालिकाका निम्ति प्रकाशित अरू सबै किसिमका रचनालाई बालसाहित्य भन्ने चलन छ" भन्ने उल्लेख गरिएको छ। यी सबै परिभाषालाई बुँदागत रूपमा र समष्टिमा यसरी प्रस्तुत गर्न सकिन्छ भन्दै प्रधान (२०६९) लेख्छन् : १) उमेरअनुसारको सिर्जना २) बालभाषा/सरल र सरस भाषा ३) रोचक प्रस्तुति अर्थात् शैली ४) मनोरञ्जन दिने ज्ञानका विभिन्न विषयको जानकारी दिइने र सिर्जनात्मक हुन प्रेरणा दिने विषयवस्तु ५) रङ्ग र चित्रको अनिवार्य प्रस्तुति ६) कलात्मक एवम् आकर्षक मुद्रण।

यसरी बालसाहित्य बालबालिकालाई लक्षित गरी, बालबालिकालाई नै केन्द्रविन्दु बनाई सरल र सरस बाल भाषामा रोचक प्रस्तुतिमार्फत तयार गरिएको त्यस्तो साहित्य हो जसमा बालकलाई मनोरञ्जन, सूचना, जानकारी, चेतना प्रदान गर्न; सिर्जनात्मक हुन र चिन्तनको क्षेत्र फराकिलो बनाउन विशेष योगदान दिन्छ; जसमा चित्र र रङ्गको अनिवार्य प्रस्तुति हुनाका साथै आकर्षक एवम् प्रभावकारी मुद्रणसमेत रहेको हुन्छ।

### ६. नेपाली बालसाहित्यको विषयवस्तु

विषयवस्तु कुनै पनि साहित्यको व्यापक र आधारभूत कुरा हो। विषयवस्तु जीवनजगत्, प्रकृति, इहलोक, परलोक, चराचरसँग सम्बद्ध हुन्छ र त्यस्तो विषयवस्तुलाई कथामा स्थान र समयको कार्यपीठिकाभित्र पात्रहरूका क्रियाकलाप र संवादका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ। बालकथाको विषयवस्तुमा बालजीवनलाई,

बालमस्तिष्क र बालहृदयलाई केन्द्रीयतामा राखेर नै प्रस्तुत गरिनुपर्दछ। बालकथा वा साहित्यमा विषयवस्तुका रूपमा भूगोल, इतिहास, संस्कृति, सामाजिकता, धर्म, धार्मिक सहिष्णुता, पारस्परिक मेलमिलाप, दर्शन र विज्ञानजस्ता विषयहरू पनि सरस एवम् भावात्मक रूपमा प्रस्तुत गरिनुपर्दछ। त्यसैगरी बालसाहित्यमा प्रेम, घृणा, द्वेष, ईर्ष्या, चिन्ता, ग्लानि, हर्ष, पश्चात्तापजस्ता भावहरूलाई विभिन्न स्थान र समयका सेरोफेरोमा अनेक पात्र (मानवीय मानवेतरजस्ता) हरूका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ। बालकको जीवन स्वयंमा अधिक व्यापक हुँदैन कथाका माध्यमबाट त्यसले अज्ञात तथ्य र अनुभूत भावहरूको साक्षात्कार गर्दछ (श्रीप्रसाद, २००७ : २०३)।

नेपाली बालसाहित्यको विषयवस्तु के हुने भन्नेबारे विभिन्न नेपाली विद्वान्हरूले आ-आफ्ना दृष्टिकोण प्रस्तुत गरेका छन्। शारदारमण नेपाल (२०५८) ले भाषिक विकास, सांस्कृतिक उद्‌बोधन, मर्यादाबोध, पारिवारिक, सामाजिक सम्बन्ध, स्वास्थ्य, भावनात्मक एवम् बौद्धिक विकास, अध्ययनमा रुचि, सौन्दर्यबोध, सुन्दर एवम् आकर्षक अभिव्यक्ति सिपजस्ता विषय क्षेत्रमा बालसाहित्यको उपयोग गर्न सकिने विचार राखेका छन्। त्यस्तै उपाध्याय (२०५४) ले चाहिँ बालसाहित्यमा पारम्परिक रूपमा प्रयोग भएका विषयवस्तुलाई यसरी सूचीबद्ध गरेका छन् : १) विभिन्न जीवजन्तु (पशुपन्छी, जलचर) २) देवदेवी, अप्सरा परी ३) भूत प्रेत, पिशाच, बोक्सी, धामी, झाँक्री आदि ४) दैत्य, दानव, राक्षस आदि ५) सूर्य, चन्द्र, तारा आदि ६) रूख, लहरा आदि ७) नीति, धर्म ८) वैदिक पौराणिक र ऐतिहासिक घटना तथा पात्र ९) जासुसी, तिलस्मी, रहस्य रोमाञ्च १०) यात्रा आदि (पृ. १३)। उपाध्याय (२०५४) ले नै वर्तमान राष्ट्रिय अन्तर्राष्ट्रिय स्थितिमा बालसाहित्यका समयसापेक्ष दृष्टिले निम्नलिखित विषयहरू चयन गर्न उपयुक्त ठानेका छन् : १) प्रजातन्त्र, मानव अधिकार र बाल अधिकारप्रति सचेतता २) धार्मिक र सांस्कृतिक सद्‌भाव जगाउने ३) मानवसेवा भाव जगाउने ४) राष्ट्रियता र राष्ट्रिय एकताको भाव जगाउने ५) राष्ट्रिय, अन्तर्राष्ट्रिय समझदारी बढाउने ६) राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा हुने नयाँ-नयाँ आविष्कारसँग परिचित गराउने ७) राष्ट्रिय सम्पत्तिको जगेर्नाको भाव जगाउने ८) मादक पदार्थ सेवनबाट हुने हानि देखाउने ९) पर्यावरणसम्बन्धी चितेना दिने १०) समकालीन सामाजिक आर्थिक समस्यासँग परिचित गराउने ११) यात्रा, पर्वतारोहण आदि साहसिक काममा लाग्न र खतरा झेल्न प्रोत्साहित गर्ने १२) मानवीय भावना जगाउने १३) जिम्मेवारी र चुनौती स्वीकार गर्न प्रोत्साहित गर्ने १४) आत्मबल र आत्मविश्वास जगाउने १५) विभिन्न प्रकारका प्रतिस्पर्धामा सामेल हुन प्रोत्साहित गर्ने (पृ. १४)।

नेपाली बालसाहित्यमा यी परम्परागत र समसामयिक विषयवस्तुको प्रयोग यथेष्ट मात्रामा उपयोग भएकै छ। यहाँ नेपाली बालसाहित्यमा प्रयोग भएका केही विषयवस्तुको प्रयोग र त्यसका साक्ष्य प्रस्तुत गरिएको छ। नेपाली बालसाहित्यको विषयवस्तुगत अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**क) जुक्तिबुद्धि**

नेपाली बालसाहित्यमा जुक्तिबुद्धिसँग सम्बन्धित आख्यान कृतिहरूको रचना भएको पाइन्छ। *हितोपदेश* र *पञ्चतन्त्र*का कथा मूल स्रोतका रूपमा रहेका जुक्तिबुद्धिसम्बन्धी विषय नेपाली बालसाहित्यमा व्यापक रूपमा पाइन्छ। यसअन्तर्गत विभिन्न पात्र (मानव/मानवेतर) हरूका कार्य र आनीबानीका माध्यमबाट बठ्याइँ, धुर्त्याइँ, सोझोपन, बदमासिपन, अक्कल, जुक्ति, बुद्धिसँग सम्बन्धित विषयवस्तु नेपाली बालसाहित्यमा प्रचुर रूपमा पाइन्छ। *चतुरेको चर्तीकला* कथा भाग ४ (२०७३) मा गोरखबहादुर सिंहले चतुरेको चलाखीपूर्ण चर्तीकलाको प्रस्तुति यसरी दिएका छन् :

*त्यसको पर्सिपल्टको बिहान पनि त्रिवेणी घाटमा हुर्कंदै गरेका देवताको दर्शन गर्नेहरूको भिड खचाखच थियो । देवतालाई अगाडि पारेर महात्मा गजधम्म बसेका थिए । भिड फूलपाती र भेटी चढाउन तँछाडमछाड गर्दै थियो । त्यत्तिकैमा चतुरे चिच्च्यो- "गाउँले बाआमा, दाजुभाइ, दिदी बहिनीहरू ! तपाईंहरूसँग मेरो एउटा प्रश्न छ । के तपाईहरूलाई एउटा जोगीले देउता जन्माउन सक्छ भन्ने लाग्छ ?"*

*"किन नलाग्नु ? सबैले आफ्नै अगाडि प्रत्यक्ष देखिरहेकै छौं नि त !" भिडबाट एउटा आवाज सुनियो ।*

*'हो' मा 'हो' मिलाउने अरू स्वर पनि सुनिए ।*

*"ल हेर्नुस् यी जोगीले जन्माएका देवता ।" चतुरेले बालुवाको थुप्रोबाट फुत्त देवता भनिएको काठको ठुटो तान्यो ।*

*"हैन के भन्छ, अनि के गर्छ यो चतुरे ?" भिड अचम्ममा पऱ्यो ।*

*"ल हेर्नुस् यो टिनको ढुङ्ग्रो र पातामा ठोकिएको काठको ठुटो । अनि हेर्नुस् ढुङ्गाको पिँधमा राखिएको चना । ढुङ्गाको पिँधमा चना, चनामाथि फलामको पातलो पातो, पातोमा ठोकिएको काठको ठुटो । पानीले चना भिज्यो र फुल्यो । पातोलाई भिजेको चनाले घचेट्यो, पातो जोडिएको काठ बालुवाको थुप्रो चिर्दै बाहिर निस्क्यो, तपाई हाम्रा लागि भगवान्को उत्पत्ति" (पृ. २१) ।*

यस उदाहरणमा चतुरेले आफ्नो जुक्तिबुद्धिको प्रयोग गर्दै ठग जोगीलाई पक्रेर समाजका अगाडि वास्तविक स्वरूप देखाएको छ । नेपाली बालसाहित्यमा यस्ता जुक्तिबुद्धिसँग सम्बन्धित थुप्रै उदाहरणहरू पाइन्छन् ।

**ख) आचारविचार, स्वास्थ्य तथा वातावरण**

नेपाली बालसाहित्यमा बालबालिकाले गर्नुपर्ने दैनिक आचार-विचार र बालबालिकाको स्वास्थ्यसँग सम्बन्धित विषय पनि प्रचुर मात्रामा प्रयोग भएको पाइन्छ । यसअन्तर्गत खानपान (बासी सडेगलेको खाने कुरा खान नहुने आदि), शाकाहारी र मांसाहारी (ज्ञवाली, २०७४) का साथै त्यसका सकारात्मक तथा नकारात्मक पक्ष, हरियो सागपात, तरकारी, जङ्क फुड र घरायसी खाद्य पदार्थजस्ता कुरालाई विषयवस्तु बनाई बालबालिकाको स्वास्थ्य र आचार-विचारसम्बन्धी चेतना प्रदान गरिएको पाइन्छ । नेपाली बालसाहित्यमा यस्ता विषय प्रचुर रूपमा प्रयोग भएका छन् । जस्तै :

*१) एक छिनपछि फुर्के कान्छो तल चिरबिर चिरबिर गरेको आवाज आयो । फुर्के कान्छालाई पेट दुखेको थियो । उसलाई झाडावान्ता भइरहेको थियो । उसलाई खोज्न भाले-पोथी भँगेरा दुवै गुँडबाट तल ओर्ले ।*

*आम्मै नि ! फुर्केलाई त हैजा लागेको रहेछ ।*

*भाले भँगेराले नजिकैको पसलमा गएर फोन गऱ्यो, एम्बुलेन्स बोलायो र एम्बुलेन्समा हालेर फुर्के कान्छालाई अस्पताल लग्यो । तर पोथी भँगेरोचाहिँ फुर्के कान्छीलाई हेर्न गुँडतिर लाग्यो ।*

*सरुवा रोग अस्पतालमा फोहोर नउमालेको पानी खाएर पेट दुखेका, हैजा लागेका र आउँ परेका थुप्रै रोगीहरू थिए । अस्पतालमा फुर्के कान्छालाई पनि सुईबाट औषधी दिएर उपचार गरियो ।*

*फुर्के कान्छालाई पछुतो भयो । आमाले भनेको नमानी फोहोर र नउमालेको पानी खाँदा उसलाई हैजा लाग्यो ।*

*त्यसदिनदेखि फुर्के कान्छाले कहिल्यै पनि फोहोर पानी खाँदैन । (ऋषिराम शर्मा, फुर्के कान्छो, पृ. ३२) ।*

*२) फोहर पानी हुन्छ हरामी*

*त्यस्तो पानी खान्नौं हामी*

*खान्छौँ हामी पानी उमाली*

*स्वस्थ बोटमा सुन्दर बाली । (रामबाबु सुवेदी, खान्छौं हामी पानी उमाली, पृ. १८)*

*३) विष्णुमती, बाग्मती पानी बग्ने खोला हुनु*

*इक्षुमती, रुद्रमती यी सबैमा पानी हुनु*

*पानीभित्र माछा हुनु, चरा पानी प्यूँन आउनु*

*तीरतीरै हिँड्न पाउनु, सफा स्वच्छ देख्न पाउनु । (शारदारमण नेपाल, उपत्यका हाम्रो सहर, पृ. १८)*

माथिका उदाहरणमध्ये पहिलोमा र दोस्रोमा पानी उमालेर खानुपर्ने कुरालाई निकै रमणीय रूपमा प्रस्तुत गरिएको छ भने तेस्रो उदाहरणमा काठमाडौँ उपत्यकामा स्वच्छताको चाहना व्यक्त गरिएको छ ।

**ग) प्रेम र भक्ति**

नेपाली बालसाहित्यमा प्रकृतिको सुन्दर चित्रण हुनाका साथै बालबालिकामा प्रकृति र प्राकृतिक वस्तुहरूप्रति, देश, पिता, माताप्रति प्रेम जागृत गर्ने खालका विषयवस्तुको पनि भरपूर प्रयोग भएको पाइन्छ । यसअन्तर्गत पर्यावरणीय सन्तुलनलाई जीवन्त राख्ने चेतना बालमस्तिष्कमा जागृत गर्ने प्रयास नेपाली बालसाहित्यकारले गरेका छन् । प्रकृतिअन्तर्गत पानी, नदी, फूल, खेत, माटो, रूख, बिरुवा, हिमाल, पहाड, तराई, झरना, खोला, तलाउ, ढुङ्गेधारा, इन्द्रेणी, बादल, बिजुली, जून, तारा, घामलगायतका विषयहरू नेपाली बालसाहित्यमा प्रचुर मात्रामा प्रयोग भएका छन् । जस्तै :

*खातै खात पातलागी, थुङ्गो बन्यो राम्रो*

*त्यही थुङ्गो नेपाल हो, सयपत्री हाम्रो (दैवज्ञराज न्यौपाने, नबासद्, २०६९) ।*

*यस उदाहरणमा देशप्रतिको प्रेम व्यक्त भएको छ ।*

**घ) पशुपक्षी, वनस्पति र पर्यावरण**

नेपाली बालसाहित्यमा पशुपक्षीलाई, रूख बिरुवालाई र वातावरणीय सन्दर्भलाई पात्रका रूपमा चयन गरी तिनको स्वभाव र आनीबानीको जीवन्त प्रस्तुति दिई बालहृदयमा मनोरञ्जन र चेतना प्रदान गर्ने कार्य प्रशस्त मात्रामा भएको पाइन्छ । नेपाली बालसाहित्यमा प्रयोग भएका यस्ता पशुपक्षीहरूमध्ये चरा (काग, भँगेरा, ढुकुर, परेवा, गौंथली, गिद्ध, उल्लू), कीरा (भमरा, माहुरी, जुनकीरी, फट्याङ्ग्रा, झिँगा, साङ्ला, जुम्रा, झ्याउँकिरी), जनावर (बाँदर, स्याल, गोही, हात्ती, गाई, बाखा, गधा, फ्याउरो, बाघ, सिंह, चितुवा) जस्ता पात्रहरूको प्रयोगद्वारा पशुपक्षी सम्बन्धित विषयवस्तुलाई निकै प्रभावकारी रूपमा प्रस्तुत गरिएको पाइन्छ । गेहेन्द्रभूषण पोखरेली (२०५९) को यस कथनले वनस्पतिप्रतिको ममताको विषय यसरी प्रकट गरेको छ ।

*एक रातको कुरा हो । रातको चकमन्न वातावरणमा जूनको उज्यालो फैलिएको थियो । पशुपक्षीहरू सबै मस्तसित निदाइरहेका थिए । सम्पूर्ण संसार नै शान्त थियो । त्यसबेला डङडङ बन्चराले हानेको आबाज एक्कासि सुनियो । बन्चराको त्यो आबाज सँगसँगै एउटा रूखले वेदनामा आत्तिएर चिच्याउँदै र गुहार माग्दै भन्यो- "मलाई मार्न लागे साथी हो । मलाई बचाओ ।" (गेहेन्द्र भूषण, पृ. १७)*

यसमा रूखलाई मानवीकरण गरी बालहृदयमा रूख काट्न नहुने विचार भावात्मक रूपमा जागृत गरिएको छ ।

**ङ) धार्मिक अनुष्ठान र धर्मग्रन्थ आदि**

नेपाली बालसाहित्यमा सांस्कृतिक विविधतायुक्त नेपाली समाजका विभिन्न धार्मिक, सांस्कृतिक अनुष्ठान, पर्व र धर्मग्रन्थसँग सम्बद्ध विषयहरू पनि यथेष्ट मात्रामा प्रयोग भएका छन् । गाईजात्रा, घोडेजात्रा, दसैं, तिहार, दीपावली, सरस्वतीपूजाजस्ता जात्रा अनुष्ठान र पर्वका साथै लुम्बिनी, पशुपति, स्वयम्भू, जनकपुर, रेसुङ्गा, पाथीभरा, कालिन्चोक, मनकामना, दक्षिणकालीजस्ता तीर्थस्थलहरूलाई पनि विषयका रूपमा प्रस्तुत गरिएको पाइन्छ । वेद र पुराणलगायत धर्मग्रन्थहरूलाई पनि बालसाहित्यकारले आफ्नो विषयवस्तु बनाएकै छन् ।

**च) विज्ञान तथा सूचना प्रविधि**

नेपाली बालसाहित्यमा विज्ञान र सूचना प्रविधिको प्रयोग पनि रमणीय रूपमा भएको पाइन्छ । नेपाल बालसाहित्यकारहरूमध्ये विशेष गरी कविताराम श्रेष्ठ र विनय कसजूजस्ता साहित्यकारहरू यसतर्फ सक्रिय रूपमा नै देखा पर्छन् । विज्ञान र सूचना प्रविधिसम्बन्धी विषय बालसाहित्यमा दुई प्रकारले प्रयोग भएको देखिन्छ । एकातर्फ विज्ञान र प्रविधिसम्बन्धी कथ्य र अर्कातर्फ विज्ञान प्रविधि र सूचना प्रविधिका विषयलाई पात्रचयन गर्ने प्रवृत्ति । नेपाली बालसाहित्यमा पृथ्वी, जुन, तारा, सूर्य र नवग्रहजस्ता विषयलाई विज्ञान सम्बद्ध कोणबाट प्रस्तुत गर्ने प्रवृत्ति प्रचुर पाइन्छ भने सूचना प्रविधि सम्बद्ध विषयलाई पात्र चयन गरी प्रभावकारी सन्देश दिने प्रवृत्ति पनि अधिक मात्रामै पाइन्छ । आजको नेपाली बालसाहित्यमा यस्ता सूचना प्रविधिका विषयहरू समेटिएको कुरालाई विजय चालिसे (सन् २००७) ले लेखेका छन् :

१) *यस अर्थमा आजको नवीन आविष्कार अर्थात् कम्प्युटर, भू-उपग्रह, टेलिभिजनजस्ता सूचना प्रविधिका नयाँनयाँ कुराबारे जान्नु आजका बालबालिकाको रुचि र आवश्यकताभित्रै पर्दछ । त्यसकारण रमेश विकलको 'बाह्र महिनाको गीत', घनेन्द्रप्रसाद शर्माको 'बालगणित गीत', विजय चालिसेको 'मङ्गल ग्रहमा विज्ञान', शारदारमण नेपालको 'मान्छे बच्चा बालक म', 'हात्ती', कांशीराज सुवेदीको 'सफाइ गीत', रामबाबु सुवेदीको 'पानी पानी', कवितारामको 'कमिलाको कथा', 'पानीको थोपा', तेजप्रकाश श्रेष्ठको 'चिल गाडीमा सरर' आदि पाठ्यसामग्रीहरूमा ज्ञान विज्ञानका विविध विषयहरूलाई केही कल्पनाको रङ्ग चढाएर वैज्ञानिक तथा व्यावहारिक जानकारी दिने प्रयास गरिएको देखिन्छ (पृ. २४) ।*

२) *केही दिनपछि दसैंको बिदा भयो । विद्यार्थीहरू सबै घर गए । विज्ञान शिक्षक भास्कर जोशी भने बेसक्याम्पबाट उत्खनन गरी ल्याएका मानव-अवशेषहरूको वैज्ञानिक परीक्षणमा व्यस्त भए । लामो परीक्षणपछि उनले यी मानव-अवशेषहरू एक करोड वर्ष पहिलेका हाम्रा आदिम पुर्खाका हुन् भनी पत्ता लगाए । उनले यसको वैज्ञानिक नाम 'अन्नपूर्णापिथेकस' भनी राखे । उनले नेपालीमा यसको नाम 'अन्नपूर्णमानव' भनी राखे (सरुभक्त, अन्नपूर्णपिथेकस, पृ. ४७) ।*

उदाहरण १ मा विज्ञान विषयक कथाका बारेमा जानकारी छ भने २ मा वैज्ञानिक परीक्षणबाट पत्ता लागेको आदिमानवको चर्चा छ ।

**छ) सामाजिक कुरीति, शोषण र भेदभाव**

नेपाली बालसाहित्यमा समाजमा व्याप्त कुरीति, शोषण र भेदभावसँग सम्बद्ध विषय पनि प्रयोग हुँदै आएको छ। बालबालिकाप्रति गरिने भेदभाव, शोषणको प्रस्तुति र त्यस्तो भेदभाव र शोषणप्रति बालबालिकामा जिज्ञासा र विरोधको भाव जागृत गर्ने कार्य यस्ता कृतिमा हुने गरेको छ। विशेष गरी एकअर्काप्रति जातपात, छुवाछुत, क्षेत्रीय, जातीय, लैङ्गिक आधारमा गरिने भेदभावलाई यस्ता कथाले विषय बनाएका हुन्छन् । शारदारमण नेपालको 'हजुरवाको थाल' र 'अठोट', विजयराज आचार्यको 'पाप पखाल्ने गङ्गा'जस्ता कथाहरूमा यस्तो प्रवृत्ति पाइन्छ।

**ज) विभिन्न रसभावसँग सम्बद्ध विषय**

नेपाली बालसाहित्यमा बालबालिकाका हृदयमा रहेका विभिन्न भावहरू जागृत गरी उनीहरूलाई विरेचित पारेर सकारात्मक चेतना प्रदान गर्ने विषय पनि प्रशस्त मात्रामा पाइन्छ। हास, शोक, रति, क्रोध, जुगुप्सा, आश्चर्यजस्ता भाव र तिनका अन्य सञ्चारी (चिन्ता, जडता, ईर्ष्या, अपस्मार, असूया) जस्ता भावहरू जागृत गराउनेर बालसाहित्यलाई हृदयस्पर्शी बनाई रुचिकर बनाउने विषयले पनि बालसाहित्यमा यथेष्ट स्थान पाएकै छ । दिइएको कवितामा फूललाई देखेर बालकमा हर्षभाव सञ्चरण भई बालहृदय आनन्दित बनेको पाइन्छ।

फूलकी रानी तिमी हौ

पानीकी रानी इन्द्रेनी

कसले दियो पखेटा

कसले दियो मोहनी (दैवज्ञराज न्यौपाने, रानी पुतली, घामले ढोका खोल्यो, पृ. १२)

**झ) समानता र बाल अधिकार**

राजा, महाराजा, सामन्त र देवीदेवताजस्ता विषयकेन्दित परम्परागत लेखनका पृष्ठभूमिमा नेपाली बालसाहित्यमा वर्तमान समयमा युगानुकूल समयसापेक्ष विषयहरू पनि समेटिन थालेका छन् । जातपात, छुवाछुत, धनिगरिब, महिला पुरुष, जाति, क्षेत्र र सम्प्रदाय आदिसँग सम्बद्ध सबै खालका भेदभावको यथार्थ चित्रण गर्नु; त्यस्तो भेदभावप्रति प्रश्न, आशङ्का र चिन्ता व्यक्त गर्दै विरोध गर्नु र त्यस्तो भेदभाव अन्त्य हुनुपर्ने विचार व्यक्त गर्नुजस्ता विषयहरूलाई समेत बालसाहित्यमा व्यक्त गरिएको छ। यसभित्र बालहृदयमा समानता, अधिकार र कर्तव्यसँग सम्बन्धित विषयको समेत प्रस्तुति पाइन्छ । छोरीलाई शिक्षाप्रति गरिने भेदभावबारेको एउटा नमुना यसप्रकार रहेको छ :

बाख्रा हेर्न जान्नँ म

भात पनि खान्नँ म

रमा भन्छे झोकले

स्कुल जाने भोकले (रामबाबु सुवेदी,पृ. ३९३)

यसरी नेपाली बालसाहित्यका विषयवस्तुमा विविधतायुक्त विषयवस्तु पाइने र त्यसमा जीवनजगत्, इहलोक-परलोक, भूतप्रेत, नीति, धर्म, बुद्धि, साहस र अधिकार आदि जस्ता यावत् विषयवस्तुको प्रयोग पाइन्छ

र जेजति विषयवस्तुको प्रयोग भएको पाइन्छ ती सबै बालबालिका केन्द्रित वा बालबालिकालाई नै लक्षित गरी रचिएका छन् ।

**७. नेपाली बालसाहित्यको कथ्य**

नेपाली बालसाहित्यको कथ्यलाई मनोरञ्जन र जानकारी तथा समानुभूति गरी तीन वर्गमा बाँड्न सकिन्छ । नेपाली बालसाहित्यकारहरूले विशुद्ध मनोरञ्जन दिने उद्देश्यले केही बालकृतिहरू रचना गरेका छन् । त्यस्तै मनोरञ्जनसँगै सूचना, ज्ञान, चेतना, शिक्षा र सतर्कताजस्ता कथ्य पनि नेपाली बालसाहित्यमा प्रशस्त मात्रामा पाइन्छ । नेपाली बालसाहित्यमा वर्णन गरिएको वा प्रस्तुत गरिएको जुन विषयवस्तु छ त्यसको पठन गर्दा बालबालिकाहरू कृतिमा प्रस्तुत पात्रसँग एकाकार भई पात्रमा दुःखसुखलाई आफ्नै दुःखसुख ठान्ने समानुभूति पनि नेपाली बालसाहित्यको विशिष्ट पक्ष हो । नेपाली बालसाहित्यमा कथ्यका रूपमा सेवा, प्रेम, मानवता, छुवाछुत, सद्भाव, चेतना, उत्साह, आँट, समानता, श्रमको सम्मान, बुद्धि युक्ति, संस्कृति, धर्म, कर्तव्य, स्वास्थ्य, निद्रा, भोक भोजन, माया, स्नेह, चेतनामूलक र भावात्मक कथ्यको उद्घाटन गरिएको पाइन्छ । यी सबैलाई यहाँ मनोरञ्जन, मनोरञ्जन र जानकारी तथा समानुभूति गरी तीन उपशीर्षकमा उल्लेख गरिएको छ ।

**क) मनोरञ्जन र सूचना**

नेपाली बालसाहित्यमा बालबालिकाको आफ्नै सेरोफेरोभित्रका विषयवस्तुमा रहेका रहस्यहरूलाई उजागर गर्ने गरी बालसाहित्यकारले मनोरञ्जनात्मक ढङ्गले बालकृति रचना गरेको पाइन्छ । यस्ता कृतिको काम एकातिर मनोरञ्जन दिनु र अर्कातिर उनीहरूको अनुभवको सानो र सङ्कुचित भण्डारलाई विशाल एवम् समृद्ध वा विस्तृत तुल्याउनु हो । थोम्सन (२००२ : १७२) ले बालसाहित्यलाई आख्यानमा सीमित गर्दै शिक्षाप्रद उद्देश्यका लागि भन्दा मनोरञ्जनका लागि बच्चाहरूले पढ्नका लागि लेखिएको आख्यान भनेका छन् । नेपाली बालसाहित्यमा यस्ता विशुद्ध मनोरञ्जन मात्र कथ्य भएका कृतिहरू पर्याप्त मात्रामा पाइन्छन् । यसरी मनोरञ्जनको प्रयोग भएका केही उदाहरणहरू यसप्रकार छन् ।

१) *सहरमा लगेर किसानले अमिली मैयाँ र पिरी नानीलाई तरकारी पसलमा बेच्थ्यो । तरकारी पसलमा फर्सीप्रसाद, घिरौँलाकुमार, भिन्डीराम, गाजरलाल र सागहरिहरू अलग-अलग टोकरीमा थिए । ती सबै ठूला-ठूलो जिउडालका थिए । तर अमिली मैयाँ निकै सानी र डल्ली-डल्ली थिइन् भने पिरी नानीचाहिँ पातली र फुच्ची-फुच्ची थिइन् (ऋषिराम शर्मा, अमिली मैयाँ, पृ. २८) ।*

२) *चत्र टोलमा चिया चमेना खानेबेला भएको थियो । त्यसै बेला चले चिया पकाएर ल्यायो । छ चाहिँ छहारीमुनि बसेको थियो, उसलाई चले चिया टक्र्यायो जले एक जग पानी लिएर आयो, झले चाहिँ त्यो पानी म खान्छु भनी झगडा गर्न थाल्यो (ऋषिराम शर्मा, वर्णहरूको ..., पृ. १७-१९) ।*

यी दुवै उदाहरणमा विशेष गरी मनोरञ्जन दिने कुरालाई नै मुख्य कथ्य बनाइएको छ ।

त्यसैगरी मनोरञ्जन र जानकारी नेपाली बालसाहित्य कृतिको अर्को महत्त्वपूर्ण उद्देश्य वा कथ्य हो । साहित्यले मनोरञ्जन र जानकारी दुवै दिन्छन् यसले साना मान्छेहरूलाई संसार हेर्न र बुझ्न सिकाउँछ र उनीहरूको ज्ञानको क्षेत्रलाई फराकिलो बनाउँछ र जिन्दगीलाई माथि उकास्ने काम गर्छ । यसकारण साहित्यका माध्यमबाट बालबालिकाहरूले फरकफरक धर्म, ठाउँ, क्षेत्र, देश, महादेशका मान्छे ठाउँका बारेमा परिचित

हुन्छन्, त्यहाँको संस्कृतिका बारेमा बुझ्छन् । आफू बसेको र बाँचेको दुनियाँभन्दा परको दुनियाँबारे किताबबाटै जानकारी हासिल गर्दछन् । मनोरञ्जनका माध्यमबाट दिने नेपाली बालसाहित्यमा मनोरञ्जन र जानकारीअन्तर्गत विविध शिक्षाप्रद एवम् चेतनामूलक जानकारी दिइएको पाइन्छ, जसअन्तर्गत निम्नलिखित कुराहरू पर्दछन् : १) ज्ञानपरक जानकारी, २) शिक्षापरक जानकारी, ३) चेतनापरक जानकारी, ४) भेदभावविरुद्धको सतर्कता र ५) अन्याय अत्याचार, बालअधिकारप्रतिको सचेतता ।

नेपाली बालसाहित्यमा यस्ता जानकारी, सूचना वा चेतनाको यथेष्ट प्रयोग भएकै छ, नेपाली बालसाहित्यमा यस्ता जानकारीहरूका उदाहरणहरू प्रशस्त पाइन्छन् । जस्तै :

*मालावार पर्वतको अग्लो ठाउँमा रहेको त्यस बगैंचाले बम्बईलाई नै शीतलता दिइरहेझैं थियो । हामीले बगैंचालाई फन्फन्ती घुम्यौं सारै रमाइलो लागिरहेको थियो । तर मैले झुन्डिएको बगैंचाको अर्थ बुझ्न सकिरहेको थिइनँ । त्यसैले मसक्कै आँट गरेर हाम्रा पथप्रदर्शकलाई सोधिहालें । जसले जेसुकै भनून् नबुझेको कुरा बुझ्न केको लाज कि कसो ?*

*"यो बगैंचा झुन्डिएझैं त लागेन किन झुन्डिएको बगैंचा भनिएको हो ?" (तेजप्रकाश श्रेष्ठ, झुन्डिएको बगैंचा, पृ. २०६) ।*

**ख) समानुभूति**

समानुभूति भनेको समान अनुभूति हो । बालबालिकाहरूले बालसाहित्य पढेर उक्त कृतिभित्रका विभिन्न पात्र (मानवेतर वा मानव) का जीवन र अनुभवहरूसँग समानुभूति देखाउन सक्दछन् । बालबालिकाले बाँचेको, भोगेको, देखेको र जानेको परिवेशभन्दा पृथक् परिवेशका पात्र र तिनको जीवनसँग सम्बद्ध अनुभूति वा अनुभवहरू समेटेको कृति पढेपछि बालक त्यस पात्रको जीवन र अनुभवसँग एकाकार हुन पुग्दछ । यसकारण बालबालिकाहरू बालसाहित्यकै माध्यमबाट एक ठाउँमा बसेर अर्को ठाउँ तथा आफूभन्दा पृथक् वातावरण, सोचाइ र भोगाइका अनुभवहरूसँग परिचित एवम् आत्मीय हुन पुग्दछन् । नेपालमा तराईका बालबालिकाहरूलाई विषय बनाई लेखिएको साहित्यको पठनबाट पहाड र हिमाली भेगका बालबालिकाहरूले तराईका बालबालिकासँग समानुभूति देखाउन सक्छन् भने हिमाली भेगको परिवेश र पात्रका बालकथा पढेर तराईका बालबालिकाहरूले हिमाली बालबालिकाका अनुभव वा भोगाइसँग एकाकार हुने अवसर प्राप्त गर्दछन् । नेपाली बालसाहित्यमा यस्तो समानुभूतिलाई पनि कथ्य बनाइएको पाइन्छ । यस्तो समानुभूतिको अवस्था भएका केही उदाहरणहरू यसप्रकार छन् ।

१) *भोलिपल्ट सृजनको प्रसिद्ध बाबु डाक्टर अविनाशले उसलाई नयाँ साथी ल्याइदिए । यामा चाहिँ अविनाशको रोबोट उत्पादन केन्द्रद्वारा उत्पादित एक बाल रोबोट थियो । त्यस बाल रोबोटको उचाइ सृजनको जति नै थियो । उसको शरीर पनि सृजनको जस्तै थियो । यन्त्रहरूले बनेको हुनाले यामाको बोली र चाल मान्छेको भन्दा अलि फरक यान्त्रिक पाराको थियो । तर त्यसले सृजनलाई केही फरक पार्ने थिएन । ऊ त आफूजस्तै एउटा राम्रो साथी पाएर बेसरी खुसी भयो ।*

*सृजन अब हजुरआमासित होइन यामा साथीसित खेल्न थाल्यो । पहिले उनीहरूले लुकामारी खेले । लुकामारी खेल्दा नहेरीकन, नदेखीकन सृजन कहाँ लुकेको छ भन्न सक्ने यामाको क्षमता देखेर सृजन खुबै प्रभावित भयो । लुकामारीको खेल खेलिसकेपछि उनीहरूको घरको पछाडिपट्टिको खेल्ने चउरमा भकुन्डो खेल्न थाले । धेरै बेर खेलिसकेपछि सृजनलाई भोक लाग्यो । उसले भकुन्डो हातले समाई यामालाई भन्यो- "यामा, मलाई भोक लाग्यो । जाऊँ, अहिले खाजा खान । पछि फेरि खेल्नुपर्छ ।"*

*"सृजन, मलाई त कहिले पनि भोक लाग्दैन । मैले तिमीले झैँ खानेकुरा खानु पर्दैन ।" यामाले भन्यो ।*

*"अँ, हो !" सृजनले विश्वास गरेन । (सरुभक्त, असल साथी, पृ. २८) ।*

२) *जब्बर (साँढे) को कुरा कैली (गाई) लाई रमाइलो लागेर होला त्यसको मुख अलि उज्यालो भयो । उत्साहित हुँदै जब्बर बोल्यो - "हेलैहेलामा बित्यो मेरो त सारा जीवन कैली ! त्यसैले मैले तिमीलाई मभन्दा भाग्यमानी भनेको । लक्ष्मीपूजाको दिन तिमीलाई पूजा गरिन्छ । मेरो त कुनै पनि दिन पूजा भएन । पूजाको त कुरै छोडौँ कसैको मामुली ढोग पनि पाइनँ मैले । तिम्रो गोबरसमेत पवित्र मानिन्छ, तिमीलाई गौमाता भनेर सम्मान गरिन्छ । मलाई त कसैले गोरुपिता भनेन । पिताको त कुरै छोडौँ अङ्कलसमेत कसैले भनेन । दादासम्म मात्र भनेको भए पनि मलाई सन्तोष हुन्थ्यो" (कन्हैया नासननी, बुलबुल चरा ..., पृ. १३) ।*

यहाँ उदाहरण १ मा सृजन भन्ने बालक यामा (यन्त्र/रोवोट) सँग खेल्ने र रमाउने, कुरा गर्ने र खेल्ने गरेको देखाई यामा र सृजनका बीच समानुभूति देखाइएको छ भने उदाहरण २ मा साँढे र गाईको संवादका माध्यमबाट बाल पाठकमा साढेको पीडाजन्य अनुभूतिहरू देखाइएको छ ।

यसरी नेपाली बालसाहित्यको मूल कथ्यका सन्देशका रूपमा बालबालिकालाई मनोरञ्जन दिने, मनोरञ्जनका साथै नीति, व्यावहारिक, धार्मिक, पौराणिक, मौलिक हकसम्बन्धी चेतना र जानकारी प्रदान गर्ने तथा बालसाहित्यका पात्र र घटना वर्णनमा जुन रस, भाव, सुखदुःखको वर्णन हुन्छ र जुन संस्कृति, वातावरण, परिवेशको प्रस्तुति हुन्छ त्यस बराबरको अनुभूति बालकमा जगाई समानुभूति पैदा गर्ने र बालसाहित्य पठनलाई रुचिकर बनाउने उद्देश्य पनि नेपाली बालसाहित्यको रहेको पाइन्छ ।

## ८. नेपाली बालसाहित्य र भाषाप्राप्ति सन्दर्भ

नेपाली बालसाहित्य नेपाली बालबालिकाका लागि लेखिएको साहित्य हो । बालसाहित्यको मुख्य उद्देश्य मनोरञ्जन, चेतना र समानुभूति भए पनि बालसाहित्यका माध्यमबाट भाषा सिकाइमा पनि महत्त्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ । दोस्रो भाषा सिकाइ वा प्राप्तिका बालसाहित्यको विशिष्ट भूमिका रहन्छ । बालसाहित्यबाट पहिलो भाषा सिकाइ र दोस्रो भाषा सिकाइमा समेत महत्त्वपूर्ण भूमिका रहन्छ भन्ने कुरालाई यहाँ उल्लेख गरिएको छ ।

बालबालिकाले प्रथम भाषा (मातृभाषा) को प्राप्ति आफ्नै घर-परिवार र परिवेशगत वातावरणमा प्राप्त गर्दछन् । भिगोन्स्की (१९६२) का भनाइमा बालबालिकाको प्रथम भाषाप्राप्ति त्यो भाषा बोल्ने स्थानीय स्वदेशीहरूसँगको सामाजिक वातावरणमा उद्देश्यमूलक अन्तरक्रियाबाट हुन्छ । जोन्सन (२००३) का भनाइमा यसै किसिमको अन्तरक्रियाबाट बालबालिकाले आफ्नो चिन्तन र भाषाको विकास गर्दछन् । स्याक्सवी (१९९७ : ५) भाषालाई सुनाइ, बोलाइ, पढाइ र लेखाइबाट मात्र विकास हुन्छ भनी मान्दैनन् । उनी पुस्तकको भाषा राम्रोसँग छानिएको, सिलसिलाबद्ध ढङ्गले लेखिएको, परिष्कृत भाषामा लेखिएको हुनाले यस (बालसाहित्य) ले बालबालिकालाई शब्दहरूसँग खेल्न र बुझ्नमा महत्त्वपूर्ण भूमिका खेल्दछ भन्ने ठान्दछन् । ग्रामवेललगायत अन्य (२००२ : ३) ले साहित्यमा आधारित भाषा विकाससम्बन्धी विशेषताहरूलाई निम्नानुसार प्रस्तुत गरेका छन् :

१) साहित्यलाई भाषा र कला सिकाइको महत्त्वपूर्ण साधनको रूपमा प्रयोग गरिन्छ ।

२) उच्चस्तरीय कथन र जानकारीमूलक साहित्यले निरन्तर रूपमा ठूलो आवाजमा पढ्ने आधार उपलब्ध गराउँछ ।

३) साहित्य सुरुवाती अध्ययन निर्देशनका लागि एक वा मुख्य आधार हो अथवा यसो भनौं कि साहित्य बच्चाहरूको अध्ययन सुधार्न तयार पारिएका 'वेसल' कार्यक्रमको महत्त्वपूर्ण पूरक हो ।

४) विद्यार्थीलाई स्वतन्त्र र सामूहिक दुवै तरिकाको पुस्तक पढ्ने र लेख्ने तथा पुस्तक साटासाट गर्दै पढ्ने अवसर उपलब्ध गराउँछ ।

५) साहित्यमाथि विद्यार्थी र शिक्षकहरूबीचको छलफल सामान्य हुन् ।

यी बुँदाहरूका आधारमा बालसाहित्यले भाषा सिकाइमा योगदान दिन्छ भन्ने कुरा समाविष्ट भएको छ ।

हकलगायत उनका साथीहरू (१९९७ : १२) को कथन छ- "साहित्यले मौखिक भाषा विकासको सम्पूर्ण पक्ष विकास गर्नमा मद्दत गर्दछ ।" उनीहरू थप्छन्- "बच्चाहरू जब उनीहरू आफैले निकालेको आवाजहरूबाट पढ्छन्, उनीहरूले निकालेको आवाज उल्लेखनीय रूपमा बढेर जान्छ ।"

ठूलो आवाज निकालेर पढ्दा पाठको व्याख्या र वाक्यसंरचनामा महत्त्वपूर्ण असर गर्छ । जब बच्चा र ठूलो मान्छे सँगै बसेर पढ्छन् तब उनीहरूबीच वार्तालाप सुरु हुन्छ, जसले अन्तर्क्रियाहरू बुझाइमा पुलको काम गर्दछ । विन्च (२००४ : ४०१) लगायतले अरू पनि साहित्यमा आधारित क्रियाकलाप र राम्रोसँग बोल्ने कलाको सम्बन्धलाई शब्दावली सुधार गर्ने, जटिल वाक्यसंरचना निर्माणका लागि अवसर प्रदान गर्ने बालबालिकालाई अरू बालबालिकाले बोलेको आवाज सुन्ने अवसर दिन्छ भनेका छन् । यो सम्बन्ध निर्देशित छलफलमा आधारित रहेकाले यसले पढाइ लेखाइसँग सम्बन्धित वाक्-कलालाई उत्थान गर्छ । शारदारमण नेपाल (२०५८) ले आफ्नो बालसाहित्य भाषिक विकासका लागि उपयोगी हुन्छ भन्ने कुरा यसरी प्रस्तुत गर्दछन् :

*उमेरका आधारमा व्यवस्थित बालसाहित्यको सुचारु प्रयोगबाट शिशु एवम् बालबालिकाको भाषिक विकासमा मद्दत पुग्नु स्वाभाविक नै हो । भाषिक विकास मनोदैहिक विकासको आधारभूमि हो । भाषिक विकासबाट भाषाको विकास त हुन्छ नै साहित्यिक भाषा र सामान्य भाषाबीच फरक पर्गेलेर विषयानुसार भाषा प्रयोग सिपको पनि विकास हुन्छ । हामी भाषा एवम् भाषाशास्त्रदेखि विभिन्न विज्ञान र टेक्नोलोजीका कुरा पनि भाषाकै माध्यमबाट सिक्छौं । यस कोणबाट हेर्दा मानव जीवनमा भाषा विकासको मूल्य र महत्त्व विशिष्ट नै छ । (पृ. ३६-३७) ।*

यसरी बालसाहित्य पठनबाट बालबालिकाले भाषालाई सन्दर्भअनुसार बुझ्न, आधिकारिक, मानक भाषा प्राप्त गर्न र भाषिक निर्देशन र भाषिक सन्दर्भबारे जान्न सक्ने हुँदा भाषा विकास, प्राप्ति वा सिकाइमा बालसाहित्यको विशिष्ट भूमिका हुन्छ भन्ने प्रस्ट हुन्छ ।

## ९. निष्कर्ष

नेपाली बालसाहित्यको विषयवस्तुमा परम्परागत विषयवस्तु (नीति, धर्म, जासुसी, तिलस्मी) का साथै समयसापेक्ष विषयवस्तु (लोकतन्त्र, गणतन्त्र, बालअधिकार, बालश्रमको विरोध, सामाजिक सद्भाव, पारस्परिक मेलमिलापजस्ता) को प्रयोग भएको देखिन्छ । नेपाली बालासहित्यमा समयसापेक्षताको प्रयोग हुनु यसको उल्लेखनीय पक्ष देखा पर्दछ । नेपाली बालसाहित्यमा कथ्यका रूपमा पनि साहित्यकारका विचार, धारणा, दृष्टिकोणको प्रतिबिम्ब स्वरूपको कथ्य वा सन्देश रहेको पाइन्छ । बालबालिकालाई शिक्षा र चेतना दिने लक्ष्यका साथ कतिपय साहित्यकारले कल्पनातत्त्वको भरपुर प्रयोग गरी बालकृतिलाई रमणीय एवम् मनोरञ्जनात्मक बनाएका छन् । कतिपयले मानवेतर पशुपक्षी, कीट-पतङ्ग, वनस्पति आदि सजीव र ढुङ्गा, खोला, माटो, कम्प्युटर, मोबाइल, क्यामेराजस्ता निर्जीव पात्रहरूलाई मानवीकरण

गरी स्वैरकाल्पनिकताको पनि प्रयोग भएको पाइन्छ । कतिपयले विशुद्ध सामाजिक यथार्थलाई प्रस्तुत गरेको र त्यसमा बालबालिकाहरूलाई पात्र बनाएको पाइन्छ । नेपाली बालसाहित्यमा विशेष गरी विशुद्ध मनोरञ्जनलाई मात्रै कथ्य बनाउने, मनोरञ्जनका साथै चेतना, शिक्षा, जानकारी, अधिकार, कर्तव्यजस्ता विषयलाई कथ्य बनाउने र विशुद्ध गैरकाल्पनिक वा वस्तुगत वर्णनका माध्यमबाट जानकारी, सूचना प्रदान गर्ने लक्ष्य राखिएको पाइन्छ । नेपाली बालसाहित्यको सिकाइ सन्दर्भमा पनि त्यत्तिकै उपयोगी देखा पर्दछ । भाषाप्राप्तिका सन्दर्भमा बालकहरूलाई मानक भाषामा भाषिक व्यवहार गर्न, शब्दको कोशीयका अतिरिक्त सन्दर्भपरक अर्थ बुझ्न, आफूले सिकेको भाषालाई परिष्कृत र समृद्ध तुल्याउन उपयोगी हुने भएकाले नेपाली बालसाहित्यको प्रयोग भाषाप्राप्ति र सिकाइ सन्दर्भमा पनि त्यत्तिकै उपयोगी देखा पर्दछ । यसरी नेपाली बालसाहित्यको विषयवस्तुका समसामयिकता, कथ्यमा विविधता र भाषाप्राप्ति एवम् सिकाइ सन्दर्भमा उपयोगिता यसका महत्त्वपूर्ण पक्ष हुन् भन्ने प्रस्ट हुन्छ ।

### सन्दर्भसूची


उपाध्याय, केशवप्रसाद. २०५४. "बालसाहित्यको विषय चयनमा समय सापेक्षता". *बालसाहित्य* वार्षिक जर्नल. सम्पा. चूडामणि बन्धु. काठमाडौँ : नेपाल बालसाहित्य समाज. पृ. ? ।

कसजू, विनय. २०७२. *बालकथा सम्पादन*. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

गल्डा एल. र कुलिनान वी. सन् २००२. *कुलिनान एन्ड गल्डा लिटरचेर एन्ड द चाइल्ड*. बेल्मेन्ट, सी.ए. : वाइस वोर्थ थम्सन लर्निङ ।

गौतम, लक्ष्मणप्रसाद. २०५७. "नेपाली बालकविताका प्रमुख प्रवृत्ति र स्वर". *बालसाहित्य* वार्षिक जर्नल. सम्पा. चूडामणि बन्धु. काठमाडौँ : नेपाल बालसाहित्य समाज. पृ. २३-२५ ।

ग्रामवेल, जे.वी. मोरो. एल.एम. पेनिङटन सी. २०००. *अर्लीचाइल्ड वुड एन्ड इलेभेन्ट्री लिटरेचर*. वेस्ट इन्स्ट्रम्स http.www.preading.online.org .

घिमिरे, ध्रुवकुमार. २०६७. *ध्रुवकुमार घिमिरेका बालकथाहरू*. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

घिमिरे, माधवप्रसाद. २०१०. *घामपानी*. काठमाडौँ : लेखक स्वयम् ।

घोसन, आइ.के. सन् २००२. *फोर गुड रिजन्स टु युग लिटरेचर इन प्रमाइमरी स्कुल*. इएलटी जर्नल. ५६-२. पृ. १७२-१७९ ।

चालिसे, विजय. सन् २००७. "नेपाली बालसाहित्यको सय वर्षका विविध नेपाली वाङ्मय". *नेपाली बालसाहित्यको सय वर्ष*. भिक्टर प्रधान (सम्पा). काठमाडौँ : नेपाली बालसाहित्य समाज ।

जोन्सन, सी.डी. सन् २००२. *द रोल अफ चाइल्ड डेभलपमेन्ट एन्ड सोसियल इन्टरेम्सन इन द सेलेक्सन अफ चिल्ड्रेन्स लिटरेचर टु प्रमोट लिटरेसी एम्बिजिस*. अर्ली चाइल्डवुड रिसर्च प्राक्टिस. ५-२. १-१४ ।

देवकोटा, लक्ष्मीप्रसाद. २००८. *पुतली*. काठमाडौँ : नेपाली भाषा प्रकाशिनी समिति ।

दोषी, ललिता. २०६८. *इन्द्रेनी*. काठमाडौँ : एकता बुक्स ।

नासननी, कन्हैया. २०६७. *बुलबुल चरा र गुलाफको फूल*. काठमाडौँ : एकता बुक्स ।

............ २०७०. "एक जोडी गौँथली". *मैना चरीको अन्तिम गीत*. काठमाडौँ : एकता बुक्स. पृ. १६-१७ ।

नेपाल, शारदारमण. २०५८. *नेपाली बालसाहित्य परम्परा र विकास*. काठमाडौँ : समन्वय महाशाखा. त्रि.वि. ।

............ २०६०. "उपत्यका हाम्रो सहर". *हामी बालबालिका*. काठमाडौँ : पाठ्यसामग्री पसल ।

............ २०६१. "पक्षपात". *अठोट*. (बाल लघुनाटकसङ्ग्रह). काठमाडौँ : एकता बुक्स. पृ. २६ ।

न्यौपाने, दैवज्ञराज. २०५३. *बालसंसार*. विराटनगर : वाणी प्रकाशन सहकारी संस्था लि. ।

............ २०६२. *घामले ढोका खोल्यो,* काठमाडौँ : सुधा न्यौपाने ।

पोखरेली, गेहेन्द्र भूषण. २०५९. *बालक बिरुवा र पृथ्वी माता*. काठमाडौँ : एकता प्रकाशन ।

प्रधान, प्रमोद. २०६९. *नेपाली बालसाहित्यको इतिहास*. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

प्रधान, भिक्टर. २०६३. *गौतम बुद्ध*. काठमाडौँ : एकता बुक्स डिष्ट्रिव्युटर्स ।

फक्स, सी. सन् १९९३. *एट द भेरी एज अफ द फरेस्ट : द फ्लुवेन्स अफ लिटरेचर अन स्टोरिटेलिङ वाइ चिल्डरेन*. लन्डन : क्यास्ल ।

बन्धु, चूडामणि र अन्य. २०६०. *नेपाली बालविश्वकोश*. काठमाडौँ : नेपाली बालसाहित्य समाज ।

भिगोन्स्की, एल.एस. सन् १९६२. *थट एन्ड ल नुवेल*. इडिटेड एन्ड ट्रान्सलेटेड वाइ इन्डवेनिया हाफमान एन्ड..., केम्ब्रिज एम.एल.टी. प्रेस : मासाच्युसेट्स इन्स्टिच्युट अफ टेमोलोजी ।

वेइनरेक, टी. वार्टलेट. सन् २०००. *चिल्डरेन्स लिटरेचर : आर्ट अर पेडागोजी*. रिस्काइल युनिवर्सिटी प्रेस ।

शर्मा, ऋषिराम. २०७२. "अमिली मैया र पिरी नानी". *सुगाको जन्मदिन*. काठमाडौँ : एकता बुक्स. पृ. २८ ।

श्रेष्ठ, तेजप्रकाश. २०६९. झुन्डीएको बगैचा, *नेबासाइ*. काठमाडौं विवेक सिर्जनशील प्रकाशन ।

............२०६८. *वर्णहरूको कथा र व्यथा,* काठमाडौं : एकता प्रकाशन ।

सरुभक्त. २०७३. *अन्नपूर्णपिथेकस*. काठमाडौँ : एकता बुक्स ।

............ २०७३. "असल साथी". *अन्नपूर्णपिथेकस (बालकथा)*. काठमाडौँ : एकता बुक्स ।

सिंह, गोरखबहादुर. २०७३. "एउटा जोगीका दुइटा कथा". *चतुरेको चर्तीकला*. भाग-४, काठमाडौँ : एकता बुक्स. पृ. २१ ।

सुवेदी, रामबाबु. २०५८. "खान्छौं हामी पानी उमाली". *पानी-पानी (बालकाव्य)*. काठमाडौँ : एकता प्रकाशन. पृ. १८ ।

............ २०६९. "स्कुल जाने भोकले". *नेबासाइ*. काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।


स्टेविग, जे.डब्लु. सन् १९८०. *चिल्ड्रेन एन्ड लिटरेचर*. सिकागो : रेन्ड ।


हक, सी.एस. हैलपर र अन्य. सन् १९९७. *चिल्डरेन लिटरेचर इन द इलेमेन्टी स्कुल (सिमन्ड रिङ)* बोस्टन एमए : म्याक्ग्री हिल ।

होलिन्डले, पी. सन् १९९७. *साइन्स अफ चिल्ड्रेन्स इन चिल्ड्रेन्स बुक*. स्टाउड : किम्बेल ।

•


# समकालीन साहित्य प्रतिष्ठान बेलायतका प्रकाशनहरू









समकालीन साहित्य प्रतिष्ठान, बेलायत
Samakalin Literary Academy, UK
136 St James Road WD18 0DX , Hertfordshire, Watford
email:literarysac@gmail.com

ISSN 2515-0383
9 772515 038007 >
मूल्य : ने.रु. ३००।-
$ 10